सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

७ असोज २०८२, मंगलबार (23 Sep 2025, Tuesday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १९ ■ अंक १६३ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

देउवा र खड्का निवासमा 'भेटिएको' पैसामाथि अनुसन्धान

सम्पत्ति शुद्धीकरण विभागले मुचुल्का उठाएर थाल्यो छानबिन





निवर्तमान ऊर्जामन्त्री एवं कांग्रेस नेता दीपक खड्काको घरमा प्रदर्शनकारीले उडाएको पैसा (माथिल्लो) र कांग्रेस सभापति शेरबहादुर देउवाको घर प्रदर्शनकारीले जलाएपछि बचेखुचेका पैसाका केही टुक्रा, जुन सामाजिक सञ्जालमा 'भाइरल' छन् । देउवानिवासबाट कतिपय प्रदर्शनकारीले पैसा लगेका दृश्य पनि सञ्जालमा देखिएका थिए ।

सुवास भट्ट/नयाँ पत्रिका

२४ भदौको जेन-जी आन्दोलनमा कांग्रेस सभापति शेरबहादुर देउवा र निवर्तमान ऊर्जामन्त्रीसमेत रहेका कांग्रेस नेता दीपक खड्काको बुढानीलकण्ठस्थित निवासमा 'भेटिएको' पैसामाथि अनुसन्धान सुरु भएको छ। सम्पत्ति शुद्धीकरण विभागको तीन सदस्यीय टोलीले घटनाको १३औँ दिन आइतबार दुवै नेताका निवासमा गएर मुचुल्का उठाइसकेको छ। तत्कालका लागि त्यही मुचुल्कामा टेकेर अनुसन्धान थालेको हो।

देउवा र खड्काको घरमा ठुलो परिमाणमा पैसा भेटिएको भन्दै प्रदर्शनकारीले भिडियोमार्फत सार्वजनिक गरेका थिए। देउवाको घरमा आगोले जलेका बग्रेल्ती पैसाका टुक्रा र खड्काको घरबाट पैसा उडाएको दृश्य सामाजिक सञ्जालमा भाइरल भएको थियो। यसको यथार्थ पहिल्याएर सार्वजनिक गर्न जनस्तरबाटै दबाब बढेपछि अन्तरिम सरकारकै निर्देशनमा विभागले तथ्य जाँचका लागि अनुसन्धान थालेको हो। सम्पत्ति शुद्धीकरण विभाग प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयअन्तर्गतको निकाय हो।

'विभागबाट तीन सदस्यीय टोलीले शेरबहादुर देउवा र दीपक खड्काको घरमा गएर आगजनी र तोडफोडबाट भएको क्षति, जलाइएको, नष्ट गरिएको र लुटिएको पैसाको विवरण संकलन गरेर ल्याएको छ,' विभाग स्रोतले भन्यो, 'कति नोट जले, कति सम्पत्ति क्षति भयो भनेर थप अनुसन्धान गर्नुपर्छ। पछि कुनै निकायलाई आवश्यक परे ती विवरण दिन सकिन्छ।'

सम्पत्ति शुद्धीकरणसम्बन्धी मुद्दाको अनुसन्धान गर्ने अधिकार विगतमा सम्पत्ति

» पृष्ठ २ मा क्रमशः

● कांग्रेस महामन्त्री विश्वप्रकाश शर्माले भने-

घरमा जलेको भनिएको पैसाबारे सभापति देउवाले नै जवाफ दिनुपर्छ



सभापति देउवालगायत नेताका घरभित्र पैसा जलेको विषयलाई लिएर चौतर्फी आलोचना भएपछि कांग्रेस महामन्त्री विश्वप्रकाश शर्माले यसबारे सम्बन्धित नेताहरूले नै जवाफ दिनुपर्ने बताएका छन्। जेन-जी प्रदर्शनमा आक्रमणबाट क्षतिग्रस्त विराटनगरस्थित कोइरालानिवास अवलोकनमा पुगेका शर्माले सोमबार पत्रकारहरूसँग भने, 'यसबारे स्पष्ट गर्ने दायित्व घरवालाकै हो। उहाँहरूले नै स्पष्ट गर्नुपर्छ। यसलाई राज्यले अनुसन्धान गरेर हेर्ने हो, आशंका मात्रै पनि हुन सक्छ।' आफूले पनि सभापति देउवालाई फोन नै गरेर यसबारे ध्यानाकर्षण गराएको उनले बताए।

● घटनाको केही दिनपछि वक्तव्य जारी गर्दै देउवाका स्वकीय सचिवले प्रस्टीकरण दिएका थिए-

बदनाम गराउने उद्देश्यले सामाजिक सञ्जालहरूमा फैलाइएका हल्लामा सत्यता छैन

नेतृत्व नछाड्ने ओलीको स्पष्ट सन्देश

गुन्डुस्थित भाडाको घरबाट प्राथमिकताअनुसार नेता/कार्यकर्तासँग छुट्टाछुट्टै छलफल गरेर आन्तरिक असन्तुष्टि मत्थर पार्ने प्रयासमा ओली, नेतृत्व छाड्ने त परको कुरा, तत्काल बैठकसमेत नबोलाउने रणनीति

प्रेम गौतम/नयाँ पत्रिका

जेन-जी आन्दोलनपछि पार्टी पुनर्गठनका लागि आन्तरिक दबाब बढ्दै गए पनि एमाले अध्यक्ष केपी ओलीले पद नछाड्ने स्पष्ट सन्देश नेताहरूलाई दिएका छन्। वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलसहितका नेताहरूसँगको छलफलमा उनले नागरिकको हकमा चुनाव र पार्टी नेता/कार्यकर्ताको हकमा पार्टी महाधिवेशनमा परीक्षा दिने बताएका छन्।

आन्दोलन उग्र बन्दै गएपछि गत २४ भदौमा प्रधानमन्त्रीबाट राजीनामा दिएर सेनाको शिवपुरी ब्यारेकमा १० दिनसम्म सुरक्षित बसेका अध्यक्ष ओली बिहीबार बाहिर आएका थिए। अहिले एमाले नेता महेश बस्नेतले भक्तपुरको गुन्डुमा व्यवस्थापन गरेको भाडाको घरमा बसिरहेका छन्। त्यहीं उनले प्राथमिकताअनुसार नेता/कार्यकर्तासँग छुट्टाछुट्टै र सामूहिक भेट गरिरहेका छन्। आइतबार साँझ वरिष्ठ उपाध्यक्ष पोखरेलले ओलीसँग छलफल गरेका थिए।

स्रोतका अनुसार अध्यक्ष ओलीले आफ्नै नेतृत्वमा पार्टीलाई चुनावमा लैजाने स्पष्ट सन्देश पोखरेललाई दिएका छन्। 'अहिले पार्टीको नेतृत्व छाड्दा देशलाई निकै ठुलो असर पर्छ,' स्रोतका अनुसार पोखरेललाई अध्यक्ष ओली भनेका थिए, 'मैले अहिले पार्टीलाई यस्तो हालतमा छाड्न पनि मिल्दैन, तपाईंहरूले छाड भन्न पनि मिल्दैन।' दुई नेताबिच जेन-जी आन्दोलनपछि उत्पन्न परिस्थितिदेखि सन्चो-बिसन्चोसम्मका विषयमा छलफल भएको थियो। ओली ज्यान जोगाउँदै सैनिक ब्यारेकमा गएपछि उनीहरूबिच पहिलो प्रत्यक्ष भेट भएको थियो।

छलफलमा वरिष्ठ उपाध्यक्ष पोखरेलले भूमिका बाँध्दै अध्यक्ष ओलीसँग 'नेतृत्व छाड्दा राम्रो हुन्छ' भन्ने संकेत मात्रै गरेका थिए, प्रस्ट भनेका थिएनन्। 'परिस्थिति राम्रो छैन, पार्टीलाई यत्तिकै

» पृष्ठ २ मा क्रमशः



गुन्डुमा भाडाको घरमा बस्दै आएका ओलीले प्राथमिकताअनुसार नेता/कार्यकर्तासँग छुट्टाछुट्टै र सामूहिक भेट गरिरहेका छन्। आइतबार साँझ वरिष्ठ अध्यक्ष ईश्वर पोखरेलले ओलीसँग छलफल गरेका थिए। छलफलमा पोखरेलले भूमिका बाँध्दै अध्यक्ष ओलीसँग 'नेतृत्व छाड्दा राम्रो हुन्छ' भन्ने संकेत मात्रै गरेका थिए, प्रस्ट भनेका थिएनन्। 'परिस्थिति राम्रो छैन, पार्टीलाई यत्तिकै अगाडि लैजाँदा राम्रो नहुन सक्छ,' स्रोतका अनुसार पोखरेलको भनाइ थियो। तर, उनीभन्दा ओली कडा र प्रस्ट रूपमा प्रस्तुत भए :

> अहिले पार्टीको नेतृत्व छाड्दा देशलाई निकै ठुलो असर पर्छ। मैले अहिले पार्टीलाई यस्तो हालतमा छाड्न पनि मिल्दैन, तपाईंहरूले छाड भन्न पनि मिल्दैन।
>
> आगामी निर्वाचन मेरै नेतृत्वमा लड्ने हो। 'पपुलर' छु कि छैन चुनावबाट पुष्टि हुन्छ। पार्टीभित्र कार्यकर्तासमक्ष पनि परीक्षा दिन्छु। महाधिवेशन फेस गर्छु।
>
> पछिल्लो अवस्था आउनु र यो सबै हुनुमा धेरै फ्याक्टरले काम गरेको छ, निर्वाचनमा सबै भण्डाफोर पनि गर्नु छ।

अध्यक्षसँग बैठक बोलाएर अघि बढ्नुपर्छ भनेको छु

● **ईश्वर पोखरेल**, वरिष्ठ उपाध्यक्ष



अध्यक्षसँग वरिष्ठ उपाध्यक्षको सरसल्लाह भयो। यो नियमित प्रक्रिया हो। पछिल्लो अवस्थाबारे छलफल पनि भयो। मैले बैठक बोलाएर अगाडि बढ्नुपर्छ भन्ने कुरा गरेको छु। अध्यक्षले पनि 'बैठक गरेर जाने हो' भन्नुभएको छ। बैठकको मिति भने तय भएको छैन। बैठकमा समग्र विषयको समीक्षा गर्छौं। बैठकको निर्णयअनुसार पार्टी अगाडि बढ्छ।

धेरै फ्याक्टरले काम गरेको छ, बैठकमा बताउँछु भन्नुभएको छ

● **पद्मा अर्याल**, सचिव



अध्यक्ष अहिले रेस्टमै हुनुहुन्छ। हामीले सबैभन्दा पहिला त विकसित घटनाको समीक्षा गर्नुपर्नेछ। त्यसपछि कसरी अगाडि बढ्ने भन्ने रणनीति तय हुन्छ। अहिले नेतृत्व के गर्ने भन्ने भन्दा पनि घटनाको वस्तुनिष्ठ समीक्षा गरेर जानुपर्छ। मैले अध्यक्षसँग हिजो (आइतबार) एकछिन कुरा गरैं। उहाँले 'म रेस्टमै छु, साथीहरूसँग पनि कुरा गरिरहेको छु, त्यसपछि बैठक बस्छ । पछिल्लो घटना हुनुका पछाडि धेरै फ्याक्टर छन्, ती सबैबारे बैठकमा सविस्तार बताउँछु' भन्नुभएको छ।

ओलीलाई लिएर चुनावमा त गइएला, तर फर्किएर आउने अवस्था छैन

● **उषाकिरण तिम्सेना**, केन्द्रीय सदस्य



राजनीतिक रूपमा हामीलाई यति 'इन्डिपेन्डेन्ट' जस्तो बनाइएको रहेछ, राजनीतिक रूपमा बोल्नै छाड्यौं। अब पनि नबोल्ने हो भने एमाले उठ्नै गाह्रो हुनेछ। यही नेतृत्वलाई बोकेर जाने हो भने अब कसरी सफल भइन्छ भन्ने होइन, कसरी असफल भन्नेमा पुगिन्छ। फेरि ओलीलाई लिएर निर्वाचनमा त गइएला, तर फर्किएर आउने अवस्था छैन। अहिले अलिअलि बचेको पार्टी पनि सकिन्छ। ओलीले छाड्नु नै एमालेको हितमा हुन्छ। तत्काल बैठक बोलाएर यसबारे निर्णय लिनुपर्छ।

७१ घण्टापछि दुईतर्फी सञ्चालनमा आयो मुग्लिन-नारायणगढ सडक

दाउन्ने खण्डमा मर्मत सुरु, उकालोमा सडक एकतर्फी

नयाँ पत्रिका

मुग्लिन-नारायणगढ सडक ७१ घण्टापछि सोमबार साँझबाट दुईतर्फी सञ्चालनमा आएको छ। पहिरो पूर्ण रूपमा हटाएर सोमबार साँझ ६ बजेबाट सवारी आवागमन दुईतर्फी नै सञ्चालनमा आएको सडक डिभिजन कार्यालय भरतपुरले जनाएको छ। गत शुक्रबारको पहिरोका कारण अवरुद्ध सडक ४५ घण्टापछि आइतबार अपराह्न ४ बजेबाट एकतर्फी रूपमा खुलेको थियो।

मुग्लिन-नारायणगढ सडक खण्डको तुइनखोला पुलनजिकै एकतर्फी सञ्चालनमा रहेको सडक, पहिरो पूर्ण रूपमा हटाएर सोमबार साँझ ६ बजेबाट सवारी आवागमन दुईतर्फी नै सञ्चालनमा आएको सडक डिभिजन कार्यालय भरतपुरले जनाएको छ।

सडक दुईतर्फी खुलाउन सोमबार दिउँसो १ बजेबाट सवारी आवागमन बन्द गरिएको थियो। तर, साँझ ६ बजेबाट दुईतर्फी खुलेसँगै सवारी

» पृष्ठ २ मा क्रमशः



मुग्लिन-नारायणगढ सडक सोमबारबाट दुईतर्फी सञ्चालनमा आएको छ

■ गरिबी र बेरोजगारीको पीडा

दसैं छाडेर रोजगारीका लागि भारततिर



दसैं नजिकिएसँगै भारतसँग सीमा जोडिएका नाकामा चहलपहल, दसैं मनाउन घर फर्कने र रोजगारीका लागि भारत जानेको लर्को

(विस्तृत पृष्ठ ३)

जेन-जी आन्दोलनमा भएको क्षति

सवा २२ अर्बका २४ सय ७८ बिमा दाबी

कुन क्षेत्र र कुन प्रदेशबाट कति दाबी ?

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

दोस्रो चरणमा थपिए चार मन्त्री, यस्ता छन् पहिलो निर्णय

यसअघि गृहमन्त्री ओमप्रकाश अर्याललाई दिइएको कानुन मन्त्रालय अनिलकुमार सिन्हाको जिम्मेवारीमा आयो, अर्थमन्त्री रामेश्वर खनाललाई संघीय मामिला मन्त्रालय पनि थपियो

कमलराज भट्ट/नयाँ पत्रिका

चार मन्त्रीको नियुक्तिसँगै प्रधानमन्त्री सुशीला कार्कीको मन्त्रिपरिषद् आठ सदस्यीय बनेको छ। प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले सोमबार चार मन्त्री नियुक्त गरेका हुन्। २३ र २४ भदौको जेन-जी आन्दोलनको बलमा २७ भदौमा अन्तरिम सरकारको प्रधानमन्त्री नियुक्त भएकी कार्कीले ३० भदौमा तीन मन्त्री नियुक्त गरेकी थिइन्।

उद्योग, वाणिज्य तथा आपूर्ति, कानुन, न्याय तथा संसदीय मामिला र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण गरी तीन मन्त्रालयको जिम्मा पूर्वन्यायाधीश अनिलकुमार सिन्हाले पाएका छन्। यसअघि कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय गृहमन्त्री ओमप्रकाश अर्याललाई नै जिम्मा दिइएको थियो। त्यस्तै, वैज्ञानिक महावीर पुनले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र पहिलो संविधानसभामा राज्य पुनर्संरचना आयोगको अध्यक्षसमेत बनेका कृषिविद् मदनप्रसाद परियारले कृषि तथा पशुपक्षी

» पृष्ठ २ मा क्रमशः

■ यस्ता छन् **नवनियुक्त मन्त्रीहरूका पहिलो निर्णय**



कानुन र भूमि मन्त्रालयको जिम्मेवारीसमेत सम्हालेका उद्योगमन्त्री अनिलकुमार सिन्हाले तीनै तहका सरकारी कार्यालयमा नेपालमा उत्पादित काठबाट बनेका फर्निचरहरू मात्रै प्रयोग गर्नुपर्ने निर्णयमा हस्ताक्षर गरेका छन्।



शिक्षामन्त्री महावीर पुनले विज्ञान तथा प्रविधि क्षेत्रसँग जोडिने गरी अन्तरिक्ष प्रविधि, न्युक्लियर टेक्नोलोजी, बायोटेक्नोलोजी र सूचना प्रविधि तथा एआईसम्बन्धी चार सल्लाहकार समिति गठन गर्ने निर्णयमा हस्ताक्षर गरेका छन्।



कृषिमन्त्री मदनप्रसाद परियारले नेपाल र कोरियाबिच आलु र धानबालीमा अनुसन्धान गर्न भएको सम्झौता कार्यान्वयन गर्न मन्त्रालयका सचिवको नेतृत्वमा समन्वय समिति गठन गर्ने निर्णय गरेका छन्।



सञ्चारमन्त्री जगदीश खरेलले देशभरका प्रमुख महत्त्वपूर्ण सहरका सार्वजनिक स्थलमा निःशुल्क इन्टरनेट सेवा प्रदान गर्ने निर्णयमा हस्ताक्षर गरेका छन्।



■ **स्वास्थ्यमन्त्रीमा किन रोकियो मिश्रालाई ?**



डा. संगीता कौशल मिश्रालाई मन्त्री बनाउन लागेको खबर फैलिएपछि अख्तियारले उनी जोडिएको स्वास्थ्य सामग्री खरिदमा घोटालासम्बन्धी उजुरीको छानबिन अन्तिम चरणमा पुगेको र उनीविरुद्ध मुद्दा दायर गर्न लागेको भन्दै नियुक्ति नगर्न प्रधानमन्त्री कार्यालयमा सूचना पठाएको थियो। त्यसपछि राष्ट्रपति कार्यालयमा होल्ड गर्न भनिएको प्रधानमन्त्रीनिकट स्रोतले बतायो। 'उहाँको विरुद्धमा मुद्दा दायर हुँदै छ भनेर सूचना आएपछि हतपत्त हामीले रोकेको हो। उहाँ स्वास्थ्य मन्त्रालय हाँक्न योग्य भए पनि सुशासन र पारदर्शिताको प्रश्न उठ्यो। प्रश्न उठिरहँदा सिंगो मन्त्रिपरिषद् नै विवादको घेरामा पर्ने भएकाले उहाँलाई रोक्नुपऱ्यो,' स्रोतले भन्यो।

मान्छे चिनेर जेन-जीको इच्छालाई समेटेर जाँदा मन्त्रिपरिषद् विस्तारमा समय लागेको देखिन्छ


● **कृष्ण पोखरेल**, राजनीतिक विश्लेषक



अहिले आफ्नो क्षेत्रमा नाम कमाएका, स्वच्छ छवि भएका व्यक्तिहरू ल्याएको देखिन्छ। राम्रै परिणाम निस्केला भनेर अपेक्षा गर्न सकिन्छ। निश्चय नै क्याबिनेट विस्तारमा ढिला हुँदै छ। दलहरूले टप्प टिपेर बनाएजस्तो होइन। मान्छे चिनेर जेन-जीको इच्छालाई समेटेर जाँदा समय लागेको देखिन्छ। तर, आफ्नो क्षेत्रको विज्ञ मान्छे क्याबिनेटमा ल्याएकाले पजिटिभ भाइब्स यसै दिइहाल्छ। यसकारण राम्रो परिणाम दिने अपेक्षा छ।

जेन-जी आन्दोलनको जगमा टेकेरै मन्त्रिपरिषद् गठन भएको छ

● **रक्षा बम**, जेन-जी नेता



हामीले प्रधानमन्त्री सुशीला कार्कीलाई तपाईंलाई सहज हुने सक्षम व्यक्ति समावेश गरेर मन्त्रिपरिषद् बनाउनू, हाम्रो हस्तक्षेप हुँदैन भनेका थियौं। उहाँ त्यसैअनुसार अघि बढेको देखिन्छ। जेन-जी आन्दोलनको जगमा टेकेरै मन्त्रिपरिषद् गठन भएको छ। सरकारले भ्रष्टाचार रोक्नुपर्छ, आन्दोलनमा भएको दमन तथा आगजनीको निष्पक्ष छानबिन र २१ फागुनमा मध्यावधि निर्वाचन गर्नुपर्छ भन्ने हाम्रो म्यान्डेट हो। पूर्वन्यायाधीशको संयोजकत्वमा जाँचबुझ आयोग गठन गरेर सरकार त्यही बाटोमा अघि बढेकाले हामीलाई विश्वास छ।

कैलाली कारागारबाट भागेका १७ भारतीयसहित ३६० कैदीबन्दी अझै फरार



धनगढीमा **तेजराज भट्ट**

जेन-जी आन्दोलनका क्रममा कैलाली कारागारबाट भागेका साढे तीन सय कैदीबन्दी फर्केका छैनन् । फरारमध्ये १७ जना कैदीबन्दी भारतीय नागरिक हुन् । ठुलो संख्यामा कैदीबन्दी फरार भएपछि सुरक्षा चुनौती बढेको छ । फरार कैदीले आपराधिक घटना दोहोऱ्याउन सक्ने डरले सर्वसाधारण चिन्तित बनेका छन् ।

कैलाली कारागार प्रशासनका अनुसार तीन सय १६ जना कैदीबन्दी भने कारागार फर्किएका छन् । उनीहरूमध्ये केही आफैँ कारागार तथा प्रहरीको सम्पर्कमा आएका हुन् । केहीलाई प्रहरीले पक्राउ गरेको कैलाली कारागारका प्रमुख चिरञ्जीवी सापकोटाले बताए । तीन सय ५१ जना कैदीबन्दी भने सम्पर्कविहीन रहेका उनको भनाइ छ ।

गत २४ भदौमा आन्दोलनकारी कारागार पुगेर तोडफोड गर्नुका साथै कैदीबन्दीलाई बाहिर निकालेका थिए । सो दिन कारागारमा तीन सय ६७ जना कैदीबन्दी रहेकोमा तीन सय ६० जना निस्किएको सापकोटाले बताए । कारागारबाट सुरक्षाकर्मी फर्किएपछि दोस्रो दिन थप ६ जना पनि निस्केर गएका थिए । कारागारमा एक जनामात्र बसेका थिए । उनीहरू फर्किसकेका कारागार प्रशासनले जनाएको छ ।

कारागारभित्र आन्दोलनकारी प्रवेश गरेपछि कारागारको सुरक्षामा रहेका प्रहरी फिर्ता भएका थिए । 'कारागारबाट निस्केका कैदीबन्दीमध्ये केही आफैं आए, केहीलाई प्रहरीले पक्राउ गरेर ल्यायो,' कारागार प्रमुख सापकोटाले भने, 'यहाँबाट गएका पाँच/छ जना कैदीबन्दी अन्यत्रका कारागारको सम्पर्कमा आएको बुझिएको छ, तर औपचारिक जानकारी आएको छैन ।' फर्किएकामध्ये धेरैजसो कैदीबन्दी कैद भुक्तान गर्न कम समय रहेकाहरू रहेको बताइएको छ ।

कारागारबाट त्यस दिन १८ जना भारतीय कैदीबन्दी भागेका थिए । भारतीय नागरिक एकजना कैदीबन्दी भने कारागार फर्किएका सापकोटाले जानकारी दिए । फरार रहेका १७ जना भारतीयमध्ये अधिकांश लागुऔषध मुद्दाका रहेको कारागार प्रशासनले जनाएको छ । केही भने कर्तव्य ज्यान मुद्दाका पनि छन् । खुला सीमानाबाट उनीहरू भारत गएको सुरक्षा निकायको आकलन छ ।

कैलाली कारागारमा गत २३ साउनको मध्यराति भएको हिंसात्मक घटनामा एकजना कैदीबन्दीको मृत्यु भएको थियो भने ४८ जना घाइते भएका थिए । उक्त घटनामा घाइते भई सेती प्रादेशिक अस्पतालमा उपचारपछि डिस्चार्ज भएका १० जना सेती प्रादेशिक अस्पतालअन्तर्गत कोरोना अस्पतालमा थिए ।

आन्दोलनका क्रममा फरार उनीहरूमध्ये अब एकजना मात्र आउन बाँकी रहेका कारागार प्रमुख सापकोटाले जानकारी दिए । डिस्चार्ज भएका अन्यलाई विभिन्न जिल्लाका कारागारमा स्थानान्तरण गरिएको थियो । कैलाली कारागार प्रशासनले कारागारबाट निस्केर फरार भएका कैदीबन्दीलाई फिर्ता हुन यसअघि नै सूचना जारी गरेको छ । नफर्किएका कैदीबन्दीको खोजी भइरहेको र उनीहरूको विवरण विभिन्न प्रहरी युनिटहरूलाई पठाइएको जिल्ला प्रहरी कार्यालय कैलालीले जनाएको छ ।

लुकेर बसेका कैदी पक्राउ

सुर्खेत/ कर्तव्य ज्यान मुद्दामा सजाय भोगिरहेका फरार कैदी जाजरकोटमा पक्राउ परेका छन् । शनिबार दिउँसो १ बजेतिर शिवालय गाउँपालिका- ९ बस्ने २३ वर्षीय ज्ञानु वादीलाई प्रहरीले पक्राउ गरेको हो । उनी २४ भदौमा जेन-जी आन्दोलनका क्रममा बाँकेको नौबस्ता कारागार कार्यालयबाट फरार भएका थिए । वादी शिवालय गाउँपालिका- १ मोर्कीस्थित आफन्तको घरमा लुकेर बसेको भन्ने गोप्य सूचनाका आधारमा प्रहरीचौकी छेडाचौरबाट प्रहरी नायब निरीक्षक अर्जुन खड्काको कमान्डमा खटिएको टोलीले उनलाई नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय जाजरकोटका सूचना अधिकारी प्रहरी निरीक्षक हरिराम डाँगीले बताए । बादीलाई आइतबार कारागार सुरक्षागार्ड जाजरकोटमा बुझाएको प्रहरीले जनाएको छ ।

नौ वर्षदेखि आफूले पाउने भत्ताको रकम ज्येष्ठ नागरिकलाई वितरण गर्दै वडाध्यक्ष कुँवर



ज्येष्ठ नागरिकलाई भत्ता रकम वितरण गर्दै वडाध्यक्ष आसेफ कुँवर

कञ्चनपुर/ भीमदत्त नगरपालिकाका एक वडाध्यक्षले आफूले पाउने भत्ताको रकम ज्येष्ठ र बेसहारा नागरिकलाई वितरण गर्दै आएका छन् । भीमदत्त नगरपालिका- १ का वडाध्यक्ष आसेफ कुँवरले नौ वर्षदेखि निरन्तर भत्ताको रकम ज्येष्ठ नागरिकलाई वितरण गर्दै आएका हुन् । हरेक आर्थिक वर्षको पहिलो चौमासिक दसैं-तिहारअघि वितरण गर्दै आएका वडाध्यक्ष कुँवरले सोमबार भत्ता वितरण गरेका छन् । पहिलो र दोस्रो स्थानीय तह निर्वाचनमा वडाध्यक्षमा निर्वाचित भएका कुँवरले ०७४ देखि ०८२ सम्म निरन्तर भत्ता वितरण गरेका हुन् ।

'मैले चुनावका वेला जनतासँग गरेको वाचाअनुरूप राज्यबाट पाउने भत्ता रकम हरेक वर्ष ७० वर्षमाथिका ज्येष्ठ नागरिक र अति अशक्तलाई दामासाही हिसाबले वितरण गर्दै आएको छु,' उनले भने, 'मैले हरेक महिना पाउने २२ हजार ४७० रुपैयाँ पूरै ज्येष्ठ, अशक्त र असहाय नागरिकलाई दसैंअघि वितरण गर्दै आएको छु ।' कुँवरले नौ वर्षमा झन्डै २५ लाखभन्दा बढी भत्ताबापत पाएको रकम वितरण गरिसकेका छन् । हरेक वर्ष एक सय ५० देखि एक सय ७० जना वडावासीले कुँवरबाट रकम पाउने गर्छन् ।

स्थानीय लक्ष्मीदेवी विश्वकर्माले राज्यले दिएको सेवा-सुविधा पनि जनप्रतिनिधिले जनतालाई वितरण गरेको कार्यबाट खुसी व्यक्त गरिन् । दलितको अधिकारका लागि लड्नेहरूले केही नगरे पनि वडाध्यक्षले दसैं खर्च दिएको उनको भनाइ छ ।

नेतृत्व नछाड्ने...

पृष्ठ १ बाट क्रमशः

अगाडि लैजाँदा राम्रो नहुन सक्छ,' स्रोतका अनुसार पोखरेलको भनाइ थियो । तर, उनीभन्दा ओली खरो र प्रस्ट रूपमा प्रस्तुत भए । तर, अध्यक्ष ओलीले नेतृत्व नछाड्ने, बरु पार्टी महाधिवेशन र निर्वाचनमा जनतासँग फेस गर्ने भन्दै पोखरेललाई उल्टै चुनौती दिएको स्रोत बताउँछ । 'चुनाव मैरै नेतृत्वमा लड्ने हो, पपुलर छु कि छैन चुनावबाट पुष्टि हुन्छ,' पोखरेलले आफूनिकट नेतालाई सुनाएअनुसार ओलीको भनाइ थियो, 'पार्टीभित्र पनि परीक्षा दिन्छु, महाधिवेशन फेस गर्छु ।' ओलीको जवाफपछि पोखरेल धेरै बोल्न नसकेको स्रोत बताउँछ ।

आफूलाई सत्ताच्युत गर्न देशी-विदेशी ठुलो षड्यन्त्र रहेको अध्यक्ष ओलीको दाबी थियो । 'यो सबै हुनुमा धेरै फ्याक्टरले काम गरेको छ, निर्वाचनमा सबै भण्डाफोर पनि गर्नु छ,' स्रोतका अनुसार उनको भनाइ थियो । आफ्नै नेतृत्वमा पार्टीलाई निर्वाचनमा लैजाने ओलीको प्रस्ट सन्देश थियो ।

वरिष्ठ उपाध्यक्ष पोखरेलले अध्यक्षसँगको भेटघाट नियमित र स्वाभाविक रहेको बताए । पछिल्लो अवस्थाबारे छलफल गर्न पार्टी बैठक बोलाउन आफूले सुझाव दिएको उनको भनाइ छ । 'अध्यक्षसँग वरिष्ठ उपाध्यक्षको सरसल्लाह भयो । यो नियमित प्रक्रिया हो । पछिल्लो अवस्थाबारे छलफल पनि भयो,' पोखरेलले भने, 'मैले बैठक बोलाएर अगाडि बढ्नुपर्छ भन्ने कुरा गरेको छु । अध्यक्षले पनि 'बैठक गरेर जाने हो' भन्नुभएको छ । बैठकको मिति भने तय भएको छैन । बैठकमा हामी समग्र विषयको समीक्षा गर्छौं । बैठकको निर्णयअनुसार पार्टी अगाडि बढ्छ ।'

पार्टीभित्रको अन्तरसंघर्ष र ध्रुवीकरणका कारण अध्यक्ष ओली उपाध्यक्ष पोखरेलसँग पनि असन्तुष्ट छन् । पोखरेल पूर्वराष्ट्रपति विद्या भण्डारीलाई सक्रिय राजनीतिमा ल्याएर नेतृत्वमा स्थापित गर्नुपर्ने पक्षमा छन् । तर, ओलीले बहुमतको बलमा पार्टीबाटै निर्णय गराएर भण्डारीको बाटो छेकिसकेका छन् । बरु, ७० वर्षे उमेरहदको व्यवस्था विधान अधिवेशनबाट हटाएर तेस्रोपटक पनि अध्यक्ष बन्ने आफ्नो बाटो खुला गरेका छन् ।

अध्यक्ष ओलीले तत्काल पार्टी बैठक पनि नबोलाउने रणनीति बनाएका छन् । स्थिति केही साम्य भएपछि मात्रै बैठक डाक्ने, बरु त्यतिन्जेल पार्टी पदाधिकारीदेखि जिल्ला तहका नेताहरूसम्मलाई भेट्ने उनको योजना छ । पार्टीभित्रको असन्तोषलाई भेटघाटबाट मत्थर पार्ने प्रयास भइरहेको स्रोतको भनाइ छ । यही क्रममा उनले वरिष्ठ उपाध्यक्षसहितका अधिकांश पदाधिकारीहरूसँग छलफल गरिरहेको स्रोतको भनाइ छ । आइतबार मात्रै उनले काठमाडौं जिल्ला कमिटीको टोलीसँग पनि संवाद गरेका छन् । प्रायसँग उनले पछिल्लो अवस्था आउनुमा देशभित्रको मात्रै नभएर बाहिरी 'फ्याक्टर'को धेरै भूमिका रहेको बताउने गरेका छन् । भेटघाट गरेका एक नेताका अनुसार विभिन्न भूमिका बाँध्दै ओलीले पार्टीभित्र तत्काल आफ्नो विकल्प नरहेको पनि सुनाउने गरेका छन् ।

आइतबार ओलीसँग भेट गरेकी सचिव पद्मा अर्यालले पनि त्यस्तै संकेत गरिन् । 'अध्यक्ष अहिले रेस्टमै हुनुहुन्छ । हामीले सबैभन्दा पहिला त विकसित घटनाको समीक्षा गर्नुपर्नेछ । त्यसपछि कसरी अगाडि बढ्ने भन्ने रणनीति तय हुन्छ । अहिले नेतृत्व के गर्ने भन्ने भन्दा पनि घटनाको वस्तुनिष्ठ समीक्षा गरेर जानुपर्छ,' उनले अध्यक्ष ओलीसँगको छलफलबारे सुनाइन्, 'मैले अध्यक्षसँग हिजो (आइतबार) एकछिन कुरा गरेँ । उहाँले 'म रेस्टमै छु, साथीहरूसँग पनि कुरा गरिरहेको छु, त्यसपछि बैठक बस्छ । पछिल्लो घटना हुनुका पछाडि धेरै फ्याक्टर छन्, ती सबैबारे बैठकमा सविस्तार बताउँछु' भन्नुभएको छ ।'

केन्द्रीय सदस्य उषाकिरण तिम्सेनाले भने ओलीकै नेतृत्वमा आगामी निर्वाचनमा जाँदा पार्टी नै सकिने बताइन् । 'राजनीतिक रूपमा हामी यति कमजोर भएछौं, यति 'इन्डिपेन्डेट'जस्तो बनाइएको रहेछ । हामी राजनीतिक रूपमा बोल्न छाड्यौं । पार्टी यस्तो ठाउँमा पुगिसक्यो कि अब पनि नबोल्ने हो भने एमाले उठ्नै गाह्रो हुनेछ,' उनले भनिन्, 'यही नेतृत्वलाई बोकेर जाने हो भने अब कसरी सफल भइन्छ भन्ने होइन, कसरी असफल भन्नेमा पुगिन्छ । फेरि ओलीलाई लिएर निर्वाचनमा त गइएला, तर फर्किएर आउने अवस्था छैन । अहिले अलिअलि बचेको पार्टी पनि सकिन्छ । ओलीले छाड्नु नै एमालेको हितमा हुन्छ । तत्काल बैठक बोलाएर यसबारे निर्णय लिनुपर्छ ।'

ओली नेतृत्वको सरकारले सामाजिक सञ्जाल बन्द गर्ने निर्णय गरेपछि जेन-जी पुस्ता आक्रोशित बनेको थियो । उनीहरूले सञ्जाल खोल्नुपर्ने, भ्रष्टाचार अन्त्य र सुशासनको माग गर्दै आन्दोलन गरेका थिए । २३ भदौको पहिलो दिनको आन्दोलनमा सरकारले अत्यधिक दमन दमन गर्दा १९ जनाको प्रहरीको गोलीबाट हत्या भएको थियो भने दर्जनौं प्रदर्शनकारी घाइते भएका थिए । त्यसपछि आक्रोशित प्रदर्शनकारीले २४ भदौको आन्दोलनमा सिंहदरबार, संसद् भवन, सर्वोच्च अदालत, राष्ट्रपति भवनलगायतका सरकारी संरचना, नेताहरूका घर र निजी व्यावसायिक प्रतिष्ठानहरूमा पनि आगजनी र तोडफोड गरेका थिए । आन्दोलनका क्रममा ज्यान गुमाउनेको संख्या अहिलेसम्म ७४ पुगिसकेको छ ।

उत्पन्न परिस्थितिलाई देखाएर चारवटै सुरक्षा निकायका प्रमुखहरूले तत्कालीन प्रधानमन्त्री ओलीलाई राजीनामा दिएर मार्गप्रशस्त गर्न आग्रह गरेका थिए । सत्तासाझेदार कांग्रेससहित केही मन्त्री र विपक्षी दलहरूले पनि ओलीको राजीनामा मागेका थिए । तर, उनी अन्तिमसम्म टसमस बनेका थिएनन् । बरु, सुरक्षा निकायका प्रमुखहरूलाई उल्टै 'आफ्नो परिभाषित जिम्मेवारी पूरा गर्न' निर्देशन दिएका थिए । प्रदर्शनकारीले बालुवाटार नै घेर्न थालेपछि बल्ल झस्किएका ओलीले त्यसपछि थप सैनिक सुरक्षाको माग प्रधानसेनापतिसँग गरेका थिए । तर, 'मार्गप्रशस्त गरेपछि मात्रै रेस्क्यु हुने' संकेत सेनाले दिएपछि मात्रै बाध्य भएर ओलीले राजीनामा दिएका थिए । उनले दिएको राजीनामा सेनामार्फत राष्ट्रपतिकहाँ पुगेको थियो । राजीनामा स्वीकृत भएपछि सेनाले पठाएको हेलिकोप्टर चढेर ओली पत्नी राधिका, स्वकीय सचिव र प्रमुख सल्लाहकार विष्णु रिमालसहित शिवपुरी पुगेका थिए ।

४१ घण्टापछि...

पृष्ठ १ बाट क्रमशः

आवागमन नियमित गरिएको छ ।

सडक डिभिजन भरतपुरका प्रमुख नारायणप्रसाद लामिछानेका अनुसार त्यस क्षेत्रको भौगोलिक बनावट कमजोर रहेकाले पहिरोको जोखिम छ । त्यसमाथि त्यहाँ टुक्रे चट्टान छ । त्यसले गर्दा यस क्षेत्रमा पहिरो खस्ने गरेको छ । अहिले पनि सो स्थानमा पहिरो खस्ने जोखिम कायमै रहेको लामिछानेले जानकारी दिए ।

पहिरो खस्ने जोखिम भएकाले एक्स्काभेटरलगायतका यन्त्रहरू आसपासमै राखिएको छ । उक्त स्थानमा पहिरो जाँदा काठमाडौंबाट पूर्वतिर दसैंमा घर जाने यात्रुहरू सबैभन्दा बढी मर्कामा परेका छन् । अहिले घर फर्कने यात्रुको चापका कारण धेरै सार्वजनिक सवारीसाधन सञ्चालनमा आएका छन् । यही वेला पहिरोले बाटो अवरुद्ध हुँदा सवारीसाधनको लामो जामसमेत हुने गरेको छ । गत शुक्रबार दिउँसोदेखि पहिरो गएर बाटो अवरुद्ध हुँदा पनि सार्वजनिक सवारीसाधनमा यात्रा गरेका सयौं यात्रु अलपत्र परेका थिए । उनीहरूलाई स्थानीय प्रशासनले खानेकुरा र पानीको समेत व्यवस्थापन गरेको थियो । निजी सवारीधनीलाई भने अन्य वैकल्पिक बाटो प्रयोग गर्न प्रशासनले सुझाएको थियो ।

नारायणगढ-बुटवल सडकको दाउन्ने खण्डमा पनि जाम हटेको छ । दाउन्नेको उकालोमा एकतर्फी मात्रै सडक सञ्चालन गरिएको छ, तर ठुला मालवाहकलाई रोक लगाइएकाले जाम हुन छाडेको छ । दसैंको मुखमा सवारीसाधनको चाप भएका वेला दाउन्नेको बाबा मन्दिर र खुर्सानीखोला क्षेत्रमा पहिरो खसेर लामो जाम भएको थियो । १४ किलोमिटर दूरीको बाटो पार गर्न १६ घण्टासम्म लागेपछि यात्रुहरू आक्रोशित पनि भएका थिए । सरकारले दसैंअघि नै दाउन्नेको उकालो बाटो ढलान वा पिच गर्न ठेकेदारलाई निर्देशन दिए पनि अपुरै छ ।

देउवा र खड्का...

पृष्ठ १ बाट क्रमशः

शुद्धीकरण विभागमा मात्रै निहित रहेकामा अहिले कटौती गरेर प्रहरी र अख्तियारलाई पनि दिइएको छ । तर, दुई नेताको घरमा पैसा भेटिएको घटनामा विभागले नै टोली खटाएर विवरण संकलन गरिसकेकाले यसलाई अर्थपूर्ण रूपमा हेरिएको छ ।

सभापति देउवा र उनकी श्रीमती निवर्तमान परराष्ट्रमन्त्री आरजु देउवा तथा खड्का यही प्रकरणमार्फत सम्पत्ति शुद्धीकरण अनुसन्धानमा तानिने सम्भावना रहेको स्रोत बताउँछ । 'उनीहरूका निवासमा रकम जलाएको, लुटेको वा उडाएको भनिएको छ । त्यो अहिले गएर भौतिक रूपमा देख्न सक्ने अवस्था त भएन । तर, यसले नेताहरूसँग अवैध रकम रहेको भने देखाएको छ,' स्रोतले भन्यो । मुचुल्का संकलन गरेर ल्याएपछि विभाग अहिले विश्लेषण गर्ने र थप प्रमाण खोज्ने तयारीमा लागेको छ ।

पछिल्लो समय सम्पत्ति शुद्धीकरणमा नयाँ अनुसन्धान नगरेको विभागले नेताहरूको घरमा ठुलो परिमाणमा पैसा भेटिएको भन्ने विषयमा किन चासो देखायो भन्ने प्रश्न उठेको छ । यस्तो प्रश्नमा विभाग स्रोतको जवाफ छ, 'आगजनी र तोडफोडबाट केही सम्पत्तिमा क्षति पुगेको छ । तर, यसैलाई देखाएर भोलि बढी वा कम क्षति दाबी गर्ने सम्भावना हुन्छ । क्षतिको यथार्थ अवस्था ल्याएको अवस्थामा भविष्यमा अनुसन्धान हुन सक्ने अवस्था आए यसले काम गर्छ ।'

सम्पत्ति शुद्धीकरणमै मुद्दा चलाउन सम्बद्ध कसुर पुष्टि हुनुपर्छ । सम्पत्ति शुद्धीकरण कानुनले अपराध मानेका भ्रष्टाचार, करछली, ठगी, लागुऔषधको कारोबार इत्यादिमा संलग्न भएको कसुर स्थापित भएपछि मात्रै त्यसलाई शुद्धीकरण गर्न गरेका गतिविधिमाथि अनुसन्धान गरेर सम्पत्ति शुद्धीकरणको अभियोजन गरिन्छ । सम्बद्ध कसुर स्थापित गर्न सम्बन्धित कसुर हेर्ने निकायबाटै अनुसन्धान हुनुपर्छ । उदाहरणका लागि सम्पत्ति शुद्धीकरण ऐनअनुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचार, नेपाल प्रहरीले ठगी, किर्ते, लागुऔषधलगायत तथा राजस्व अनुसन्धान विभागले राजस्व चुहावटका कसुरउपर छानबिन र अभियोजन गर्छन् । कुनै सम्बद्ध कसुर स्थापित भएपछि त्यसलाई बढे/बढाएसमेतबाट शुद्धीकरण भएको देखिएपछि सम्पत्ति शुद्धीकरणको अभियोजन हुन्छ ।

'अहिले नै अनुसन्धान अघि बढाउने वा कसरी गर्ने भन्नेबारे आकार आउँदैन । किनकि यसका लागि धेरै प्रमाण आवश्यक हुन्छ । अहिले त विषय प्रारम्भिक अवस्थामै छ,' स्रोत भन्छ । विभागले कागजातहरू हेरेर जुन निकायले हेर्न उपयुक्त हुन्छ, त्यतै रिफर गर्ने गरी काम गरिरहेको स्रोत बताउँछ । सम्बद्ध कसुर हेर्ने निकायलाई नै नयाँ ऐनले सम्पत्ति शुद्धीकरणसमेतको अभियोजन हेर्ने अधिकार सुम्पिदिएको छ ।

सत्ता र शक्तिको केन्द्रमा रहँदै आएका नेताहरूले ठुलो परिमाणमा अवैध रकम संकलन र जम्मा गरेको हुन सक्ने आशंका नागरिकले विगतदेखि गर्दै आएका थिए । जेन-जी आन्दोलनका क्रममा देउवा र खड्काको घरमा ठुलो परिमाणमा पैसा भेटिएको भन्दै भिडियोमार्फत सार्वजनिक भएपछि नागरिकको आशंकालाई बल पुगेको छ । भ्रष्टाचारविरुद्ध उठेको जेन-जी आन्दोलनकै जगमा बनेको सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारलाई यसमाथि छानबिन गर्नुपर्ने दबाब स्वतः परेको थियो ।

■ घटनाको केही दिनपछि वक्तव्य जारी गर्दै देउवाका स्वकीय सचिवले प्रस्टीकरण दिएका थिए-

पैसा भेटिएको सत्य होइन

शेरबहादुर देउवाको बुढानीलकण्ठ निवासमा पैसा भेटिएको भनेर सामाजिक सञ्जालमा भिडियोहरू भाइरल भएपछि उनका स्वकीय सचिव भानु देउवाले वक्तव्य जारी गर्दै 'पैसा भेटिएको घटनामा सत्यता नभएको' प्रस्टीकरण दिएका थिए । 'जघन्य आपराधिक घटनापछि पनि पार्टी र पार्टी नेतृत्वलाई बदनाम गर्ने उद्देश्यले विभिन्न सामाजिक सञ्जालहरूमा देउवानिवासमा अत्यधिक पैसा भेटिएको, जलेका नोटका अंशहरू निवासपरिसरमा जताततै भेटिएको, पैसाको सुरुङ रहेकोजस्ता कपोलकल्पित समाचार सम्प्रेषण भइरहेकोप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ,' २ असोजमा जारी वक्तव्यमा भनिएको छ, 'सामाजिक सञ्जालमा देखाइएका दृश्यहरू कपोलकल्पित, अतिरञ्जित र भ्रामकका साथै दूषित मनसायले बदनाम गर्ने उद्देश्यले फैलाइएका भ्रामक समाचार हुन् । यस्ता बदनाम गराउने उद्देश्यले विशेष गरी सामाजिक सञ्जालहरूमा फैलाइएका हल्लामा कुनै सत्यता नभएको स्पष्ट पार्दछु ।'

घरभित्र रहेको अन्डरग्राउन्ड पानीट्यांकीलाई पैसा राख्ने सुरुङ भनेर प्रचार गरिएको उनको दाबी छ । 'जनमानसमा अपमानित गर्ने मनसायले प्रविधिको गलत प्रयोगबाट विभिन्न ठाउँमा विभिन्न समयका जलेका नोटका दृश्यहरू जोडेर सम्पादित फोटो र भिडियोहरू युट्युब तथा सामाजिक सञ्जालमा सम्प्रेषण गरिएको पाइएको छ । यसमा कुनै सत्यता नभएको स्पष्ट पार्न चाहन्छौं,' भानु देउवाको प्रेस वक्तव्यमा उल्लेख छ ।

दोस्रो चरणमा...

पृष्ठ १ बाट क्रमशः

विकास मन्त्रालय पाएका छन् । पत्रकार जगदीश खरेलले सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको जिम्मेवारी पाएका छन् ।

प्रधानमन्त्री कार्कीले आइतबार मन्त्रीका लागि राष्ट्रपति कार्यालयमा पाँचजनाको नाम सिफारिस गरेकी थिइन् । तर, प्रस्तावित डा. संगीता कौशल मिश्राको नाममा प्रश्न उठेपछि उनलाई रोकेर बाँकी चारजनालाई मात्रै मन्त्री नियुक्त गरिएको हो ।

यसअघि ३० भदौमा अर्थमन्त्रीमा नियुक्त पूर्वअर्थसचिव रामेश्वर खनाललाई सोमबारै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको जिम्मेवारी पनि थपिएको छ । उनीसँगै नियुक्त भएका नेपाल विद्युत् प्राधिकरणका पूर्वप्रबन्ध निर्देशक कुलमान घिसिङले तीन मन्त्रालय ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात र सहरी विकासको जिम्मेवारी सम्हाल्दै आएका छन् ।

संविधानले २५ सदस्यीय मन्त्रिमण्डल गठनको व्यवस्था गरे पनि प्रधानमन्त्री कार्कीले ११ सदस्यीय छोटो र छरितो मन्त्रिपरिषद् गठन गर्ने घोषणा गरेकी थिइन् । कार्कीको घोषणाअनुसार अब तीन मन्त्री नियुक्त गर्न बाँकी छ । प्रधानमन्त्रीनिकट स्रोतका अनुसार अब जेन-जी समूहबाट दुईजना र प्रस्तावित डा. संगीता कौशल मिश्राको नाममा विवाद निम्तिएपछि नियुक्ति रोकिएको स्वास्थ्य मन्त्रालयमा उपयुक्त व्यक्ति खोजी गरेर नियुक्त गर्ने तयारी छ ।

मन्त्रिपरिषद् विस्तारमा ढिलाइ हुँदा ६ महिनाभित्र निर्वाचन गराउनुपर्नेदेखि जेन-जी आन्दोलनका घटना जाँचबुझ तथा भ्रष्टाचारविरुद्ध छानबिन कारबाही गर्ने म्यान्डेट पूरा गर्न बाधा हुने भन्दै सरकारमाथि प्रश्न उठिरहेको छ । तर, प्रधानमन्त्री कार्कीले दोस्रो चरणको विस्तारमा पनि मन्त्रिपरिषद्लाई पूर्णता दिन सकेकी छैनन् ।

'जेन-जी समूहबाट तीन मन्त्री बनाउनुपर्ने माग छ । अब प्रधानमन्त्रीज्यूको प्राथमिकता जेन-जीबाट कम्तीमा दुईजना ल्याउने छ । स्वास्थ्यमन्त्रीमा उपयुक्त पात्रको खोजी भइरहेको छ,' प्रधानमन्त्रीनिकट स्रोत भन्छ, 'अब कुरा मिल्यो भने तुरुन्तै पूर्णता पाउने हुन सक्छ । नभए ढिलोमा दसैंलगत्तै मन्त्रीहरू नियुक्त हुन्छन् ।'

राजनीतिक विश्लेषक कृष्ण पोखरेल मन्त्रिपरिषद् गठनमा भएको ढिलाइकै आधारमा सरकारको विश्वास गुमाउने वेला नभएको बताउँछन् । 'अहिले आफ्नो क्षेत्रमा नाम कमाएका, स्वच्छ छवि भएका व्यक्तिहरू ल्याएको देखिन्छ । राम्रै परिणाम निस्केला भनेर अपेक्षा गर्न सकिन्छ । निश्चय नै क्याबिनेट विस्तारमा ढिला हुँदै छ । दलहरूले टप्प टिपेर बनाएजस्तो होइन । मान्छे चिनेर जेन-जीको इच्छालाई समेटेर जाँदा समय लागेको देखिन्छ,' उनले भने, 'तर, आफ्नो क्षेत्रको विज्ञ मान्छे क्याबिनेटमा ल्याएकाले पोजेटिभ भाइब्स यसै दिइहाल्छ । यसकारण राम्रो परिणाम दिने अपेक्षा छ ।'

जेन-जी नेता रक्षा बम पनि आन्दोलनको जगमा टेकेरै अन्तरिम मन्त्रिपरिषद् गठन भएको बताउँछिन् । 'हामीले प्रधानमन्त्री सुशीला कार्कीलाई तपाईंलाई सहज हुने सक्षम व्यक्ति समावेश गरेर मन्त्रिपरिषद् बनाउनू, हाम्रो हस्तक्षेप हुँदैन भनेका थियौं । उहाँ त्यसैअनुसार अघि बढेको देखिन्छ । जेन-जी आन्दोलनको जगमा टेकेरै मन्त्रिपरिषद् गठन भएको छ,' उनले भनिन्, 'सरकारले भ्रष्टाचार रोक्नुपर्छ, आन्दोलनमा भएको दमन तथा आगजनीको निष्पक्ष छानबिन र २१ फागुनमा मध्यावधि निर्वाचन गर्नुपर्छ भन्ने हाम्रो म्यान्डेट हो । पूर्वन्यायाधीशको संयोजकत्वमा जाँचबुझ आयोग गठन गरेर सरकार त्यही बाटोमा अघि बढेकाले हामीलाई विश्वास छ ।'

स्वास्थ्यमन्त्रीमा किन रोकियो मिश्रालाई ?

प्रधानमन्त्री कार्कीले आइतबार पाँच मन्त्रीको नाम टुंग्याएर नियुक्तिका लागि राष्ट्रपति कार्यालय पठाएकी थिइन् । राष्ट्रपतिका प्रेस सल्लाहकार किरण पोखरेलका अनुसार स्वास्थ्य मन्त्रालयमा डा. संगीता कौशल मिश्रासहित पाँचजनाको नाम सिफारिस भएको थियो । राष्ट्रपतिले आइतबार नै मन्त्री नियुक्तिको तयारी गरेका थिए । तर, प्रधानमन्त्री कार्यालयबाट राति १० बजे सिफारिस नामहरू नियुक्ति थाती राख्ने सन्देश आएपछि राष्ट्रपति रोकिएका थिए । सोमबार बिहान प्रधानमन्त्री कार्कीले मिश्राको नाम फिर्ता लिएर बाँकी चारजनालाई मात्रै नियुक्त गर्न सिफारिस गरिन् । जसले शपथ खाएर कार्यभार पनि सम्हालिसकेका छन् । तर, मिश्राको नाम किन अस्वीकृत भयो ?

प्रधानमन्त्री कार्कीलाई मन्त्री छान्न सघाइरहेको टिमले लामो छलफल गरेर नै स्वास्थ्यमा मिश्रालाई छनोट गरेको थियो । यसअघि प्रधानमन्त्रीको टिमले डा. सन्दुक रुइतदेखि डा. भगवान कोइरालासम्मलाई स्वास्थ्यमन्त्रीका लागि अफर गरेको थियो । तर, उनीहरूले इच्छा देखाएनन् । त्यसपछि महिला, मधेशी अनि स्वास्थ्य मन्त्रालयअन्तर्गत विभिन्न विभागमा बसेर उत्कृष्ट कार्य गरेको भनेर मिश्रालाई छनोट गरेको थियो । तर, उनलाई मन्त्री बनाउन लागेको खबर फैलिएपछि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मिश्रा जोडिएको स्वास्थ्य सामग्री खरिदमा घोटालासम्बन्धी उजुरीको छानबिन अन्तिम चरणमा पुगेको र उनीविरुद्ध मुद्दा दायर गर्न लागेको भन्दै नियुक्ति नगर्न प्रधानमन्त्री कार्यालयमा सूचना पठाएको थियो । त्यसपछि राष्ट्रपति कार्यालयमा होल्ड गर्न भनिएको प्रधानमन्त्रीनिकट स्रोतले बतायो ।

'उहाँको विरुद्धमा मुद्दा दायर हुँदै छ भनेर सूचना आएपछि हत्तपत्त हामीले रोकेको हो । उहाँ स्वास्थ्य मन्त्रालय हाँक्न योग्य भए पनि सुशासन र पारदर्शिताको प्रश्न उठ्यो । उहाँ दोषी वा निर्दोष पछि थाहा होला । तर, प्रश्न उठिरहँदा सिंगो मन्त्रिपरिषद् नै विवादको घेरामा पर्ने भएकाले उहाँलाई रोक्नुपऱ्यो,' स्रोतले भन्यो ।

अख्तियारका अनुसार कुनै पनि महत्त्वपूर्ण संवैधानिक र राजनीतिक नियुक्तिअघि सम्बन्धित व्यक्तिविरुद्ध कुनै मुद्दा छ कि छैन भनेर हेर्ने परम्परा छ । तर, मिश्राको हकमा सिफारिस भएको भनेर समाचार आएपछि अख्तियारले नै प्रधानमन्त्री कार्यालयलाई जानकारी गराएको अख्तियारका एक आयुक्तले बताए ।

मिश्रा स्वास्थ्य सेवा विभागको महानिर्देशक हुँदा स्वास्थ्य सामग्री खरिद विवादित बनेको थियो । त्यसमा उजुरी परेपछि अख्तियारले छानबिन अघि बढाएको थियो । आयोगको छानबिन अन्तिम चरणमा पुगेको र मुद्दा दायर गर्ने तयारी छ ।

के गरे मन्त्रीहरूले पहिलो निर्णय ?

सोमबार नियुक्त भई शपथ लिएका चार मन्त्रीले पदभार ग्रहण गरेका छन् । पदभार ग्रहण गर्दै उनीहरूले आफ्नो कार्यकालको पहिलो निर्णय गरेका छन् ।

कानुन र भूमि मन्त्रालयको जिम्मेवारीसमेत सम्हालेका उद्योगमन्त्री अनिलकुमार सिन्हाले संघ, प्रदेश र स्थानीय तहका सरकारी कार्यालयमा नेपालमा उत्पादित काठबाट बनेका फर्निचरहरू मात्रै प्रयोग गर्नुपर्ने निर्णयमा हस्ताक्षर गरेका छन् । स्वदेशी उत्पादनलाई प्रवर्द्धन गर्न उनले यो निर्णय गरेका हुन् । मन्त्री सिन्हाले मुलुकको अप्ठेरो परिस्थितिमा सुशासन, स्थायित्वका लागि युवाहरूले आन्दोलन गरेर सहादत प्राप्त गरेको बताए ।

शिक्षामन्त्री महावीर पुनले विज्ञान तथा प्रविधि क्षेत्रसँग जोडिने गरी चार सल्लाहकार समिति गठन गर्ने निर्णय गरेका छन् । अन्तरिक्ष प्रविधि, न्युक्लियर टेक्नोलोजी, बायोटेक्नोलोजी र सूचना प्रविधि तथा एआईसम्बन्धी सल्लाहकार समिति गठन गर्ने निर्णयमा हस्ताक्षर गरेका हुन् । समितिको कार्यक्षेत्र र पदाधिकारी पछि टुंग्याउने मन्त्रालयले जनाएको छ । मन्त्री पुनले पनि यो निर्णयमा हस्ताक्षर गर्न मानेका थिएनन् । कर्मचारीहरूले धेरै कन्भिन्स गरेपछि उनी मानेका हुन् । पुनले विज्ञान, नवप्रवर्तक, खोज र अनुसन्धानलाई प्राथमिकता दिने बताए । उनले आफूलाई बस्नका लागि क्वार्टर नचाहिने र मन्त्रालयमै सुत्ने भन्दै खाटको व्यवस्था गर्न निर्देशन दिएका छन् । 'मेरो त जहाँ काम गऱ्यो, त्यहीं बस्ने बानी छ । एउटा कोठा बनाउनुस्, मन्त्रालयमै बस्छु । एउटा कुर्सी, टेबुल चाहिन्छ, किचन चाहियो, आफैं पकाएर खान्छु,' उनले भने ।

कृषिमन्त्री मदनप्रसाद परियारले नेपाल र कोरियाबिच आलु र धानबालीमा अनुसन्धान गर्न भएको सम्झौता कार्यान्वयन गर्न मन्त्रालयका सचिवको नेतृत्वमा समन्वय समिति गठन गर्ने निर्णय गरेका छन् । उनले कृषि क्षेत्रमा नवीन कार्य गर्ने, शासकीय सुधार र बेथिति रोक्न कोसिस गर्ने प्रतिबद्धता जनाए ।

सञ्चारमन्त्री जगदीश खरेलले देशभरका प्रमुख महत्त्वपूर्ण सहरका सार्वजनिक स्थलमा निःशुल्क इन्टरनेट सेवा प्रदान गर्ने निर्णय गरेका छन् । 'काठमाडौंको जुनसुकै सार्वजनिक स्थलमा मंसिरसम्म फ्री इन्टरनेट एक्सेस हुनेछ । मन्त्रालयका सचिव र दूरसञ्चार प्राधिकरण प्रमुखको सहमतिमा यो निर्णय भएको छ । यसैसँग जोडिएर काठमाडौंबाहेक सात प्रदेशका राजधानी र अन्य महत्त्वपूर्ण १० सहरमा पाँच महिनाभित्र सार्वजनिक स्थलमा फ्री इन्टरनेट एक्सेस हुनेछ,' उनले भने । मन्त्री खरेलका लागि कर्मचारीले छापाखानासम्बन्धी निर्णय तयार गरेर ल्याएका थिए । तर, उनले युवालाई समेट्ने निर्णयको खोजी गर्दै निःशुल्क इन्टरनेट विस्तारको निर्णय गराए ।

यसअघि ३० भदौमा पदभार ग्रहण गरेका अर्थमन्त्री रामेश्वर खनालले टुक्रे र प्राथमिकतामा नरहेका आयोजना बजेटबाट हटाउनेबारे अध्ययन गर्न कार्यदल गठन गर्ने पहिलो निर्णय गरेका थिए । उनले ६ महिनाभित्र निर्वाचन गर्न र सरकारी सम्पत्तिको पुनर्संरचना गर्न दुई उपाय प्रस्तुत गरेका थिए । पहिलो- बजेटभित्र रहेर फजुल खर्चका लागि गरिएका विनियोजन कटौती गर्ने थियो भने दोस्रो- बजेटभित्र रहेर तयारी नभएका, कुनै किसिमको अध्ययन नगरी प्रोजेक्ट बैंकमा अन्तिम घडीमा राजनीतिक दबाबमा छिराइएका आयोजनाहरूमा राखिएका रकम निकाल्ने योजना सुनाएका थिए ।

ऊर्जामन्त्री कुलमान घिसिङले डेडिकेटेड र ट्रंकलाइन सुविधा लिएका व्यापारिक घरानाबाट विद्युत्को बक्यौता उठाउने पहिलो निर्णय गरेका थिए । विद्युत् महसुल उठाउन खोज्दा आफूलाई प्राधिकरणको कार्यकारी निर्देशकबाट बर्खास्त गरिएको भन्दै उनले सुशासनका लागि यो निर्णय गरेको बताएका थिए । उनले मुलुकको विषम परिस्थितिमा सहयोग गर्न उद्योगी व्यवसायीलाई आग्रहसमेत गरेका थिए । गृहमन्त्री ओमप्रकाश अर्यालले जेन-जी आन्दोलनमा मृत्यु भएकाका परिवारलाई काजकिरियाबापत १ लाखका दरले राहत उपलब्ध गराउने निर्णय गरेका थिए । त्यस्तै, राष्ट्रिय शोक दिवस मनाउने र राष्ट्रिय झन्डा झुकाउने निर्णय पनि गरेका थिए । आन्दोलनका मृतकको शव व्यवस्थापनका लागि निःशुल्क सवारीसाधन एवं दुर्गमको हकमा हेलिकोप्टरको व्यवस्थापन गर्ने निर्णयसमेत गरेका थिए ।

भुलसुधार

मिति २०८२/६/६ गते नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित प्रदेश अस्पताल दमौलीको **करार सेवामा पदपुर्ति गर्ने सम्बन्धी सूचनामा** प्रकाशित मिति २०८२/०६/०६ हुनपर्नेमा अन्यथा भएकाले सच्चाइएको राखिदिनुहोला ।

गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
प्रादेशिक स्वास्थ्य निर्देशनालय
प्रदेश अस्पताल
दमौली, तनहुँ

गरिबी र बेरोजगारीको पीडा

दसैँ छाडेर रोजगारीका लागि भारततिर

दसैँ नजिकिएसँगै भारतसँग सीमा जोडिएका नाकामा चहलपहल, दसैँ मनाउन घर फर्कने र रोजगारीका लागि भारत जानेको लर्को



जाजरकोटको छेडागाड नगरपालिका- १० का ३१ वर्षीय खेमराज बुढा भन्छन्- परिवारसँग बसेर दसैँ मनाउने चाहना थियो । छोराछोरीले औंला भाँच्दै दसैँ गनिरहेका थिए । म भने परिवार र आफ्नो पेट पाल्नकै लागि भारत जानुपरेको छ । बाँचियो भने अर्को साल दसैँ मनाउँला भनेर परिवारसँग बिदा भएर भारत जाँदै छु । त्यहाँ काम पाउने निश्चित छैन ।

धनगढीमा **तेजराज भट्ट**,
कञ्चनपुरमा **मोहन विष्ट र**
नेपालगन्जमा **विश्वराज पछलडङ्गया**

घटस्थापनाको अघिल्लो दिन आइतबार दिउँसो धनगढीको त्रिनगर नाकामा घर फर्कनेको भिड छिचोलेर नाका पार गर्ने हतारोमा देखिन्थे कैलालीको सुखडका हितेश कठरिया । घरमा आमाबुवा र भाइलाई छोडेर उनी भारतको पुनामा मार्बल काट्ने काममा जान लागेका हुन् । 'चाडबाडका वेला घरपरिवार छाडेर देशबाहिर जाँदा नरमाइलो त लागिहाल्छ,' मलीन देखिएका उनले भने । कठरिया गाउँकै साथी हरिनारायणसँगै पुना जान लागेका हुन् । रोजगारीका लागि बिदेसिनुपर्ने बाध्यताले तीन वर्षदेखि परिवारसँग दसैँ मनाउन नपाएको दुखेसो हरिनारायणले सुनाए ।

डडेल्धुराको नवदुर्गाका कृष्ण भण्डारी भारतको बेंग्लोर जाँदै थिए । एक महिनाअघि घर आएका उनी बेंग्लोरको एक होटेलमा तीन वर्षदेखि गर्दै आएको कुकको काममा फर्कन लागेका हुन् । चाडबाडका वेला घरमा आमा, श्रीमती र दुई छोरा छाडेर जाँदा नरमाइलो लागे पनि बाध्यता रहेको उनले बताए । भण्डारीका अनुसार उनी रोजगारीका लागि भारत जान थालेको नौ वर्ष भएको छ । ६ वर्ष गुजरातमा काम गरेको र पछिल्लो तीन वर्षदेखि बेंग्लोरमा रहेको उनले बताए ।

'घरासयी कामले एक महिनाको छुट्टीमा आएको थिएँ । छुट्टी सकिएपछि फर्कन लागेको हुँ,' भण्डारीले भने, 'यहीँ काम गर्ने भएको भए त परिवारसँगै चाडपर्व मनाउन पाइन्थ्यो । यहाँ काम नपाएपछि परिवार पाल्न पनि अर्काको देश जानुपऱ्यो ।' उनले स्वदेशमा रोजगारी पाइएला भन्ने आशा पनि नरहेको बताए ।

गरिबी, रोजगारी सिर्जना, औद्योगिक, पूर्वाधारलगायत विकास पछाडि रहेको सुदूरपश्चिमका लागि भारत रोजगारीको प्रमुख गन्तव्य हो । एकिन तथ्यांक नभए पनि सुदूरपश्चिमबाट भारतीय रोजगारीमा जानेको संख्या हजारौँ छ । चाडपर्वकै वेला यहाँका विभिन्न नाकाबाट



रोजगारीका लागि भारततर्फ जाँदै गरेका नेपाली धनगढीको त्रिनगर नाकामा

दैनिक सयौँ नागरिक कामको खोजीमा भारत जानुले पनि सुदूरपश्चिममा बेरोजगारी र गरिबीको अवस्था दर्शाउँछ ।

हिजोआज दसैँका वेला भारत जानेहरू कतिपय बिदा सकिएर पुरानै काममा फर्कनेछन् भने कतिपय कामको खोजीमा जानेहरू । उनीहरूका अनुसार नेपालीहरू घर फर्कने भएकाले चाडबाडका वेला रोजगारी पाउन सहज हुन्छ । कतिपय दसैँ नहुनेहरू पनि कामको खोजीमा भारत गइरहेका छन् ।

डोटीका केआइसिंहका दीपक भट्टले यतिवेला काम पाउन सहज हुने भएकाले आफू भारतको पन्जाब जान लागेको बताए । नाकामा भारत जानेको भिडमा बालबालिका पनि देखिन्छन् । चाडबाडका वेला विद्यालय बिदा हुने भएकाले आमाबुवा भारतमा भएका बालबालिका आफन्तसँग उतै जाने गरेका छन् । अछामको मेल्लेखका भीमबहादुर विकसँग उनको गाउँका ६ जना बालबालिका गुजरातको राजकोट जाँदै थिए । विकका अनुसार सबै बालबालिकाका आमाबुवा उतै काम गर्छन् ।

उनी पनि घरमा आमालाई एक्लै छोडेर श्रीमती कमलासँगै काममा फर्कन लागेका हुन् । 'भाइ पनि उतै काम गर्छ । साना छोराछोरी भाइको जिम्मा छाडेर हामी पनि केही दिनका लागि आएका थियौँ, चाडबाडका वेला आमालाई छोडेर फर्कदै छौँ,' नाकामा भेटिएका विकले भने ।

धनगढी उपमहानगरपालिका- २ का चन्द्रसिंह रोकाया आफ्ना नातिसहित परिवार र छरछिमेकका ११ जना बालबालिकालाई आफन्तसँग भारत पठाउन त्रिनगर नाका पुगेका थिए । विद्यालय बिदा रहेकाले बालबालिकालाई उनीहरूका आमाबुवा काम गर्ने ठाउँमा पठाउन लागेको उनले बताए ।

त्रिनगर नाकामा खटिएका सुरक्षाकर्मीका अनुसार यतिवेला भारतबाट दैनिक एक हजारहाराहारीमा आइरहेका छन् भने डेढ-दुई सयजनासम्म भारत जाने गरेका छन् । सीमावर्ती बजारमा किनमेल गर्न जानेको संख्या करिब डेढ हजारभन्दा बढी हुन्छ ।

गुजारा चलाउन चाडपर्वको मुखमा परदेशतिर

आइतबार वनबासा नाकामा भेटिएका बैतडी दुर्गास्थानका परमल लुहारले बिदा सकिएकाले दसैँ नमनाएरै भारतको मुम्बई जान लागेको बताए । कञ्चनपुरको शुक्लाफाँटा- १२ कालागौडीका शेर आउजीले आफू दिल्लीको एक होटेलमा काम गर्दै आएको बताए । उनले लालपुर्जाविहीनलाई पुर्जा दिने हल्लाले घर आएको, तर देशमा जेन-जी आन्दोलनले पुर्जा वितरण हुने नहुने ठेगान नभएको परिवारसँग भारत जान लागेको बताए । स्वदेश (घरमै) बस्दा भारतमा रोजगारी गुम्ने भएपछि उनीहरू दसैँ नमनाएरै घर छाड्न बाध्य भएका छन् । 'दसैँ मनाउन थाले उता कामबाट निकालिदिने डर छ,' उनले भने । गुजारा चलाउन भन्दै उनीहरू गड्डाचौकी बनबासा नाका भएर दसैँकै मुखमा भारत जान बाध्य भएका हुन् ।

कोही एकल कोही, सपरिवार भारत गएका छन् । बैतडीका परमल र कञ्चनपुरका शेरे जस्ता दार्चुलाको खलंगा, बैतडीको झुलाघाट, डडेल्धुराको परशुरामपरिगाउँ, कञ्चनपुरको ब्रह्मदेव, गड्डाचौकी, दोधाराचाँदनी, बेलौरी, पुनर्वास, डोकेबजारसहितका खुला नाकाहरूबाट सयौँ युवा भारत गइरहेका छन् ।

जानेभन्दा आउने १८ प्रतिशत बढी देखिएका छन् । कञ्चनपुरका प्रहरी प्रवक्ता सागर बोहराले गड्डाचौकी नाकाबाट दैनिक आउने जाने हाराहारी भए पनि जानेभन्दा आउने बढी रहेको बताए । इलाका प्रहरी कार्यालय गड्डाचौकीको तथ्यांकअनुसार १ असोजदेखि हालसम्म एक हजार १९८ भारतबाट नेपाल आएका छन् भने नेपालबाट ९७९ भारत गएका छन् ।

जमुनाह नाका हुँदै भारतको केदारनाथ, सिमला लागे युवा

दसैँको मुखमा जाजरकोटको छेडागाड नगरपालिका-१० का ३१ वर्षीय खेमराज बुढा कामको खोजीमा भारत गएका छन् । दसैँमा परिवारसँगै बसेर रमाइलो गर्ने उनको चाहनालाई गरिबीले पूरा हुन दिएन । दसैँ मनाउन फर्किने नेपालीको लामो लाइनको विपरीत दिशामा उनी भेटिए । नेपाल फर्किने नेपालीको अनुहारमा चमक देखिन्छ । नेपाली भूमिमा पाइला टेक्नेबित्तिकै छुट्टै उत्साह देखिन्छ उनीहरूमा, तर भारत गइरहेका खेमराजको अनुहार मलिन छ ।

नेपालगन्जको जमुनाहा नाकामा भेटिएका उनले परिवार पाल्न दसैँको मुखमा भारत जान लागेको दुखेसो पोखे । 'परिवारसँग बसेर दसैँ मनाउने चाहना थियो । छोराछोरीले औंला भाँच्दै दसैँ गनिरहेका थिए । म भने परिवार र आफ्नो पेट पाल्नकै लागि भारत जानुपरेको छ,' गहभरि आँसु बनाएका उनले भने, 'बाँचियो भने अर्को साल दसैँ मनाउँला भनेर परिवारसँग बिदा भएर भारत जाँदै छु । त्यहाँ काम पाउने कुनै निश्चित छैन ।'

खेमराजसँगै अन्य चारजना पनि कामको खोजीमा भारत गएका छन् । परिवार पाल्न समस्या भएपछि कामको खोजीमा भारतको केदारनाथ जान लागेको छेडागाड नगरपालिका- १० कै २८ वर्षीय कर्णबहादुर बुढाले बताए । उनले गरिबीले परिवारसँग दसैँ मनाउने चाहना खोसेको बताए । 'हिन्दुहरूका लागि दसैँ सबैभन्दा ठुलो पर्व हो । टाढा-टाढाबाट दसैँ मनाउन घरमा आउँछन् । सबै फर्किने वेला कामको खोजीमा भारत जानुपर्दा दुःख लाग्ने नै भयो,' उनले भने, 'भारत जाने हाम्रो रहर होइन, बाध्यता हो । मुहार हँसिलो भए पनि मन रोएको छ ।'

कालीकोटको शुभकालिका गाउँपालिका- ५ का ३० वर्षीय हर्क विक पनि दसैँको मुखमा भारततर्फ लागेका छन् । हिमाञ्चल प्रदेशको सिमला जान हिँडेका उनीसँगै सोही ठाउँका ६ जना पनि भारत गएका छन् । राज्यले रोजगार सिर्जना गर्न नसक्दा आफूजस्तै सयौँ युवा बिदेसिनुपरेको उनले बताए । 'परिवारको सुखका लागि दसैँको मुखमा भारत जान लागेका छौँ,' उनले भने, 'राज्यले रोजगारी सिर्जना गरी स्वदेशमै बस्ने वातावरण बनाएको भए यसरी बिदेसिनुपर्ने थिएन । यसतर्फ राज्यको ध्यान जाओस् ।'

नेपालगन्जको जमुनाहा नाकाबाट दसैँ मनाउन आउनेको संख्या बढेको इलाका प्रहरी कार्यालय जमुनाहाका इन्चार्ज प्रहरी निरीक्षक उपेन्द्रबहादुर बुढाथोकीले बताए । उनले कामको खोजीमा भारत जानेको संख्या पनि उस्तै रहेको बताए । 'दसैँ नजिकिएकाले दैनिक सरदर दुई हजार नेपाली आउँछन्,' उनले भने, 'दैनिक सरदर दुई सय नेपाली कामको खोजीमा भारत गएको तथ्यांक छ । यो सामान्य दिनभन्दा एकदमै न्यून हो ।'

दसैँघरमा घटस्थापना



बडादसैँको पहिलो दिन सोमबार काठमाडौंको वसन्तपुर दरबारस्थित दसैँघरमा जमरा राखिँदै । तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

चाडपर्वलक्षित यात्रु सहायता कक्ष सञ्चालन

बागलुङ/ दसैँ-तिहारलगायतका चाडपर्व नजिकिएसँगै जिल्लाका विभिन्न स्थानमा यात्रु सहायता कक्ष सञ्चालनमा ल्याइएको छ । चाडबाडको समयमा यात्रुलाई पर्ने समस्यालाई लक्षित गरी बागलुङको मुख्य चार स्थानमा 'यात्रु सहायता कक्ष' स्थापना गरिएको हो । यात्रुलाई लामो र छोटो दूरीको यात्रा गर्दा समस्या नपरोस् भनेर कक्षको स्थापना गरिएको जिल्ला ट्राफिक कार्यालय बागलुङका प्रमुख मीनबहादुर कुँवरले जानकारी दिए । बागलुङको मुख्य प्रवेशद्वार मालढुंगा, जिल्ला ट्राफिक कार्यालय बागलुङको परिसर, गलकोटको हटिया बजार र बुर्तिबाङ बजारमा यात्रु सहायता कक्ष स्थापना गरिएको उनको भनाइ छ । चाडबाडको सयमा यात्रुलाई पर्न सक्ने असुविधालाई मनन गर्दै भाडादरको सूचना बोर्डसहित यात्रु सहायता कक्ष स्थापना गरिएको हो । यात्रुले सहायता कक्षबाट आफ्नो गन्तव्यको भाडादर हेर्न सक्नेछन् । यात्रुलाई लामो र छोटो दूरीको यात्रा गर्दा समस्या नपरोस् भनेर कक्षको स्थापना गरिएको कुँवरले बताए ।

अदालतको आदेशविपरीत व्यक्तिको घरमा डोजर

बारा/ कलैया उपमहानगरपालिकाले अदालतको आदेशको अवहेलना गर्दै सडक निर्माण गर्ने बहानामा व्यक्तिको घरमा डोजर चलाएको छ । कलैया- १ मोतिबागका शेषनन्दन साह कानुको निजी जग्गामा बनेको घरमा उपमहानगरले डोजर चलाएको हो । उपमहानगरपालिकाले बाटो नै कायम नभएको ठाउँमा मनपरी ढंगले बाटो निकाल्न खोजेपछि शेषनन्दन उच्च अदालत गएका थिए । उच्च अदालत जनकपुरको अस्थायी इजलास वीरगन्जले ५ भदौमा मुद्दाको किनारा नलागेसम्म निवेदकलाई जग्गा भोग गर्न कुनै अवरोध नगर्न अन्तरिम आदेश जारी गरेको छ । तर, उपमहानगरले त्यसलाई बेवास्ता गर्दै सोमबार डोजर लगाएर घर भत्काएको हो । आफ्नो जग्गाको छेउमा मन्दिरको पनि जग्गा भएकाले बाटो नै कायम नगरी उपमहानगरपालिकाले जबर्जस्ती घर तोडेर एकतर्फी बाटो बनाउन लागेको शेषनन्दनका छोरा कुन्दन गुप्ताले बताए । अदालतको आदेशबारे जानकारी गराए पनि बिदाको फाइदा उठाएर घर तोडफोड गरेका उनको भनाइ छ ।

दुःखको घडीमा भरोसाको सहारा
सिद्धार्थ प्रिमियरले लिन्छ दाबी भुक्तानीको अभिभारा

हालै देशमा भएको जेन-जी आन्दोलनका क्रममा देशका विभिन्न भागमा भएका हुलदंगा, तोडफोड तथा आगजनीका कारण राष्ट्रका पूर्वाधार, उद्योग–व्यापार र व्यक्तिगत सम्पत्तिमा व्यापक क्षति भएको छ । प्रारम्भिक मूल्याङ्कनअनुसार अर्बौं रुपैयाँको क्षति भई नेपालका बीमा कम्पनीहरूमा उल्लेखनीय संख्यामा बीमा दाबी दर्ता भइरहेका छन् ।

यस विषम परिस्थितिको समयमा सकारात्मक सोचका साथ सम्पूर्ण व्यवसाय पुनरुत्थान तथा राष्ट्र पुनर्निर्माणको महान अभियानमा सिद्धार्थ प्रिमियर इन्स्योरेन्स पनि सरिक भई योगदान पुर्याउन प्रतिबद्ध रहेको छ । बीमा दाबी रकमको एकिन विवरण संकलन गर्ने कार्य हाल जारि रहिरहेको अवस्थामा हालसम्म प्राप्त प्रारम्भिक क्षति प्रतिवेदनको आधारमा विगतमा जस्तै यस कम्पनीले ठूला दाबीहरुमा अन्तरिम दाबी भुक्तानी समेत सुरु गरि आफ्नो दायित्व पुरा गर्नतर्फ लागिसकेको छ।

भाद्र २४ गते भएको आगजनी तथा हुलदंगा पश्चात भोलिपल्टै भाद्र २५ गते कर्फ्युको समयमा नै कम्पनीका उच्चपदस्थ अधिकारी र सर्भेयरको टोलीले विभिन्न बीमितहरुको क्षति भएको सम्पतिको निरिक्षण तथा प्रारम्भिक सर्वेक्षण गरेका थियौं।हाल कम्पनीले आफूसँग बीमित रही दाबी परेका सम्पतीहरुको बीमा दाबी फछर्यौट प्रक्रिया द्रुत गतिमा अगाडी बढाई भुक्तानी समेत गरिरहेको अनुरोध गर्दछौं। कम्पनीमा बीमित ग्राहकहरुको सम्पत्ति हालै भएको आन्दोलनको क्रममा क्षति भएको तर हालसम्म पनि जानकारी गराउन छुटेको भए यथाशिघ्र दाबी सम्बन्धी जानकारी कम्पनीका देशभरिका शाखा, प्रदेश तथा प्रधान कार्यालयमा गराउनुहुन समेत अनुरोध गर्दछौं ।

कम्पनीले गत वर्षको बाढी पहिरोका कारण पर्न आएको दाबी पनि नेपालमा रहेका निर्जीवन बीमा कम्पनीहरुमध्ये सबै भन्दा बढी रकम भुक्तानी गरेको थियो । हाल पर्न आएको दाबी पनि शिघ्र फछर्यौटको लागि कम्पनी सम्बेदनशील रहेको हुँदा छिटो भन्दा छिटो दाबी फछर्यौटका लागि आवश्यक कागजात सम्बन्धित सर्भेयर वा कम्पनीमा बुझाउन समेत अनुरोध गर्दछौं ।

कम्पनीले बीमा दाबी सम्बन्धी कार्यलाई सहज बनाउन र बीमितहरुले दाबी सम्बन्धि सूचना तत्काल प्राप्त गर्न सकिने गरी देहायका व्यक्तिहरुलाई सम्पर्क व्यक्ति तोकेको छ । दाबी सम्बन्धी कुनै पनि सूचनाको लागि निजहरुलाई सम्पर्क गर्न सबैलाई अनुरोध गर्दछौं।

प्रधान कार्यालयको लागि:

नाम	नाम	सम्पर्क नम्बर	ईमेल ठेगाना
मोटर दाबीको लागि	आदर्श श्रेष्ठ	९८५१२२५९०१	adarsha.shrestha@spil.com.np
अन्य दाबीको लागि	अमिता त्रिपाठी	९८५१३६५२६९	amita.tripathi@spil.com.np

प्रादेशिक कार्यालयहरुको लागि :

प्रदेश	नाम	सम्पर्क नम्बर	ईमेल ठेगाना
कोशी प्रदेश	ठाकुर उप्रेती	९८५२६७९८४८	thakur.upreti@spil.com.np
मधेश प्रदेश	बद्रि बहादुर अधिकारी	९८५१३६५१६३	badri.adhikari@spil.com.np
बागमती प्रदेश	कमल चन्द्र दवाडी	९८५१३६५१६९	kamal.dawadi@spil.com.np
गण्डकी प्रदेश	गोविन्द देवकोटा	९८५१३६५१८५	govinda.devkota@spil.com.np
लुम्बिनी प्रदेश	यम प्रसाद तिवारी	९८५१३६५१६६	yam.tiwari@spil.com.np
कर्णाली प्रदेश	राकेश बि. सी.	९८५८०४७५५०	rakesh.bc@spil.com.np
सुदूरपश्चिम प्रदेश	घनश्याम जोशी	९८५१३६५१७३	ghansyhyam.joshi@spil.com.np

सिद्धार्थ प्रिमियर इन्स्योरेन्स लि.
Siddhartha Premier Insurance Ltd.
TRUST AND SECURITY

सिद्धार्थ प्रिमियर भवन, बबरमहल, काठमाडौं, सम्पर्क नं. ९७७-१-५७०५७६६, ५७०७९०, ५७०५४४७
पोष्ट बक्स नं : २४८७६, Email : siddarthapremier@spil.com.np
https://siddharthapremier.com.np/

ब्राउनसुगरसहित चारजना पक्राउ

कपिलवस्तु/ प्रहरीले पछिल्लो दुई दिनमा विशेष अपरेसनमार्फत चारजनालाई प्रतिबन्धित लागुऔषध ब्राउनसुगरसहित नियन्त्रणमा लिएको छ । करिब तीन ग्राम ब्राउनसुगर र एउटा स्कुटरसमेत बरामद गरिएको कपिलवस्तु प्रहरीले जनाएको छ । प्रहरीले २ असोजमा वाणगंगा नगरपालिका- ८ ढोडेकोलका २६ वर्षीया सीता भन्ने शकुन्तला मानन्धर र वाणगंगा- ७ बस्ने ३४ वर्षीय सन्तोष भन्ने नरबहादुर पुनलाई नियन्त्रणमा लिएको छ ।

इलाका प्रहरी कार्यालय पिपाबाट खटिएको प्रहरी टोलीले मानन्धरको घरभित्र सुन राख्ने बट्टामा लुकाइराखेको एक ग्राम २३० मिलिग्राम ब्राउनसुगरसहित लु४१प ३०२५ नम्बरको स्कुटरसमेत बरामद गरेको छ । ४ असोजमा कपिलवस्तु नगरपालिका- ११ अदौराकोटमा लागुऔषध कारोबार भइरहेको जानकारी पाएपछि प्रहरीले दुईजनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा अदौरा बस्ने २३ वर्षीय प्रभाकर धोबी र वाणगंगा- ११ बरहवा बस्ने १९ वर्षीय सागर पासी छन् ।

चार अर्बमा बन्यो शिक्षण अस्पताल

तीन सय शय्याको अस्पताललले असोज अन्तिमदेखि सेवा दिने

दाङमा **दीपक बोहरा**

दाङको घोराही उपमहानगरपालिका- ३ भानपुरमा करिब चार अर्ब लागतमा सञ्जीवनी शिक्षण अस्पताल निर्माण भएको छ । तीन सय बेडको अस्पतालको सोमबार उद्घाटन गरिएको छ । तर, असोज अन्तिम सातादेखि उपचार सेवा सुरु हुने भएको छ । करिब पाँच बिघा जग्गामा ०७८ देखि अस्पालका संरचनाको काम सुरु गरिएको थियो ।

अस्पतालसँगै शैक्षिक कार्यक्रम पनि सञ्चालन गर्ने योजनाअनुरूप अस्पताल निर्माण गरिएको सिइओ दीपक रोकाले बताए । 'हामीले हाल तीन सय बेडको अस्पताल सञ्चालन गरेर सेवा दिनेछौं', उनले भने, 'अस्पताल सञ्चालन गरेको तीन वर्षपछि मात्रै शैक्षिक कार्यक्रम सञ्चालन गर्न मिल्छ, त्यसपछि कार्यक्रम सुरु गर्छौं ।' अस्पताल सञ्चालनका लागि स्वास्थ्य मन्त्रालयबाट आशयपत्र (एलओआई) ल्याएको तथा उपकरण खरिदका लागि पनि अनुमतिपत्र पनि लिइसकेको उनले बताए ।

अस्पताल सञ्चालनका लागि वातावरणीय तथा सामाजिक स्वीकृति, स्वास्थ्य सेवा विभागबाट प्रारम्भिक स्वीकृतिपत्र र सबै कागजात पूरा भएपछि अन्तिम स्वीकृति गरेर



अस्पताल सञ्चालन अनुमति दिन्छ । दाङमा पहिलोपटक निजीस्तरबाट तीन सय बेडको अस्पताल सञ्चालन हुन लागेको हो ।

अनुमति पाँच सय बेडको भए पनि हाल तीन सय बेड सञ्चालन गरिने रोकाले बताए । अस्पतालले विशेषज्ञ सेवासहित मुटुरोग, मस्तिष्क, छाती, मिर्गौला, पाचन प्रणालीलगायतका सेवा दिइने उनको भनाइ छ । अहिले दाङबाट बिरामी बाहिर रेफर हुने अवस्था रहेको भन्दै उनले आफूहरूले सेवा सुरु गरेपछि यो रेफर गर्नुपर्ने अवस्थाको अन्त्य हुने बताए । अस्पतालका अध्यक्ष खुमप्रसाद अर्याल हुन् । उनी नेपालगन्ज मेडिकल कलेज कोहलपुर, गण्डकी मेडिकल कलेज पोखरा र युनिभर्सल मेडिकल कलेज भैरहवाका सञ्चालक पनि हुन् ।

अस्पताल उद्घाटनसँगै स्वास्थ्य शिविर सञ्चालन गरिएको छ । जनरल फिजिसियन, हाडजोर्नी तथा नशा, मानसिक रोग, स्त्री तथा प्रसूति, बालरोग तथा शिशु, छाला तथा यौन रोग, फार्मेसी, जनरल सर्जरी, अल्ट्रासाउन्ड, प्रयोगशाला सेवालगायत विभिन्न विभागका विशेषज्ञ चिकित्सकहरूले नौ सय ५७ जना बिरामीको स्वास्थ्य परीक्षण गरेका थिए ।

संविधानको एघारौँ वर्ष र जेन-जी आन्दोलन

संविधानअनुसार सरकार चल्नुपर्नेमा उल्टै सरकारअनुसार संविधान चलाइयो, उल्लंघन गर्नेलाई 'साहसिक, बहादुर र चतुर' नेता ठानियो



● बलराम केसी

अग्रलेख

जेन-जीको अभियान भ्रष्टाचारमा शून्य सहनशीलता हो । यसअघि पनि आन्दोलन भए । व्यवस्था, संविधान, सत्ता फेरिए । तर, सत्तामा 'बाजे पुस्ता'हरू नै हाबी भइरहे । सत्तामा नातिको पालामा पनि बाजेकै पुस्ताको हालीमुहाली छ । नेपालका जेन-जी युवाको अभियान विश्वका अन्य युवाका लागि पनि उदाहरण बन्यो ।

संविधान दिवस : हाम्रो संविधान एघारौँ वर्षमा प्रवेश गऱ्यो । ७३ युवा मारिएकाले संविधान दिवस 'शोक दिवस' बन्यो । सरकारबाट कम्तीमा १२ पटक संविधान उल्लंघन भयो । संविधानअनुसार सरकार चल्नुपर्नेमा उल्टै सरकारअनुसार संविधान चलाइयो । उल्लंघन गर्नेलाई 'साहसिक, बहादुर र चतुर' नेता ठानियो । संविधान उल्लंघन गरेर नारा 'संविधानको रक्षा'को दिइयो । संविधान पालना नगर्नाले भ्रष्टाचार बढ्यो । विश्व 'श-प-थ' ३ शब्दमा चलेको र अडेको छ । कुनै पनि पदमा मनोनित, निर्वाचित वा नियुक्त भएपछि स्वतः अधिकार प्राप्त हुँदैन । रीतपूर्वक 'शपथ' खाएपछि मात्र प्राप्त हुन्छ । तीन अक्षरको शपथभित्र 'संविधानलाई जोगाउँछु, रक्षा गर्छु र पालना गर्छु' भन्ने गरिन्छ । तर, हामीकहाँ शपथलाई कर्मकाण्डी बनाइयो । बिर्सन नहुने घटना, एक नेताले शपथ खाँदा 'त्यो पर्दैन' भनेको नेपालमा स्मरणीय रहन्छ । त्यहींदेखि संविधानको कुन धारा उल्लंघन हुने हो, त्रसित र चिन्तित हुने अवस्था सिर्जना गरियो ।

शपथ भ्रष्टाचार गर्दिनँ भन्ने सार्वजनिक प्रतिबद्धता हो । हालैको आन्दोलनले देखाएका ठुला, मझौला र साना सबै नेताको सम्पत्तिको भग्नावशेषले 'अकुत सम्पत्ति'को संकेत गर्छ । भग्नावशेषका धनीहरूले भ्रष्टाचारबाट होइन, कानुनी बाटोबाटै आर्जित सम्पत्ति हो भनेर स्रोत देखाउन सक्नुपर्छ । भरपर्दो र पत्यारलायक कानुनी स्रोत देखाउन नसके नक्कली स्रोत मानिन्छ ।

जेन-जीको सक्रियता : आजको संकट अकस्मात उत्पन्न भएको होइन । गत १० वर्षको दसौँपटकको संविधान उल्लंघन र भ्रष्टाचार यसको उत्पत्तिको कारण हो । विद्यार्थी, युवायुवती, राष्ट्रसेवक, शिक्षकलगायत नेपालमा बसेका मात्र होइन, विदेशमा बसेका सबै नेपालीले भ्रष्टाचारजन्य गतिविधि नियालिराखेका थिए । कोठा भाडामा लिनेको करोडौँको महल ठडियो । साइकल चढ्नेको प्राडो, पजेरो देखियो । हातमा 'लेटेस्ट आइफोन' देखियो । विकासको एउटा इँट थपिएन । भ्रष्टाचार थपिँदै गयो । त्यही भ्रष्टाचार ज्वालामुखी बनेको थियो । त्यही ज्वालामुखी जेन-जी आन्दोलनका नाममा विस्फोट भयो ।

देशमा गणतन्त्र त ल्याइयो, तर नेतामा भिजन भएन । गणतन्त्र अल्पमतमा पऱ्यो । नेताको पालैपालो रजाइँ चल्यो । सिंहदरबार तिनै नेताको घुम्ती मेच बन्यो । भ्रष्टाचारले नेपालीले मुख देखाउन नहुने अवस्थामा देशलाई पुऱ्यायो । संसद् र सरकार मन्त्री उत्पादन गर्ने केन्द्र बने । नेपाललाई दक्षिण एसियाकै भ्रष्टाचारको 'इपिसेन्टर' बनाइयो । भ्रष्टाचारकै कारण नेपालीलाई दुबई, बहराइन, पोर्चुगलजस्ता देशमा भिसा निषेध गरियो । यो क्रम थपिँदै जान सक्छ ।

सरकारप्रतिको आस्था शून्य बन्दै गयो । सरकार चरम अलोकप्रिय बन्यो । ऊ जनताको अभिभावक बन्न सकेन । उसले जनताको सम्मान, विश्वास र आदर गुमायो । परिणामतः जनताले सरकारलाई अवहेलना गर्न थाले । मन्त्रीहरू देशको 'लाइबिलिटी' बने । बिर्सन नसक्ने घटना कुलमान घिसिङ प्रकरण हो । बक्यौता विद्युत् महसुल असुल गर्ने प्रयास गरेबापत उनलाई 'ह्युमिलेसन' अथवा अपमान हुने गरी प्रधानमन्त्री र ऊर्जामन्त्री मिलेर बर्खास्त गरे ।

सातबुँदे सम्झौतामै ज्वालामुखीको बिउ थियो । विपक्षीविहीन अवस्थाको संविधानले कहिल्यै कल्पना गरेन । सांसदको इमानदारीलाई मन्त्री पदसँग किनबेचको परम्परा विकास गरियो । सातबुँदेको उद्देश्य संसद्मा १३८ को जादुगरी नम्बर पक्का गर्नु थियो । सरकारको विरोध गऱ्यो भने गोली हान्ने आदेश सामान्य भयो । कोटेश्वर काण्ड यही हो । आज जेन-जी काण्ड पनि सरकारको विरोध गऱ्यो भनेर गोली हानी घटाइएको हो । झुटा मुद्दा लगाउने परम्परा विकास भयो । युवाले यी सब बेथिति हेरिरहेका थिए । युवा उकुसमुकुसको अवस्थामा थिए । तिनले धैर्य गुमाउँदै गए । डिजिटल युगमा सामाजिक सञ्जाल बन्द गर्नु महागल्ती थियो । सरकार दबाउनपट्टि लाग्यो । आफ्नै छोराछोरी मार्नुहुन्न भन्ने चेत उसमा पलाएन । जेन-जीका माग पूरा गर्न र बार्ता गर्नुपर्नेमा कर्फ्यु, निषेधाज्ञा र बन्दुकको बाटो सरकारले समात्यो । सरकारको अदूरदर्शिता र घमण्डका कारण ७३ युवाको ज्यान गयो । नरसंहार सजिलैसँग रोक्न सकिन्थ्यो । सुरक्षा निकाय गोली हान्न तयार थिएनन्, संयमित थिए । आफ्नै नागरिकमाथि कसरी गोली बर्साउने भन्ने चिन्तामा थिए । जेन-जीका युवालाई सरकारले नै भड्कायो । प्रधानमन्त्रीलाई भेटेर १९ जना युवा मरिसके, भिड अनियन्त्रित छ, सरकारले हत्या गर्नहुँदैन, त्यसकारण सामाजिक सञ्जालमाथिको प्रतिबन्ध फिर्ता लिनुपऱ्यो भनेर चारै सुरक्षा निकायका प्रमुखले सरकारलाई अनुरोध गरे । प्रधानमन्त्रीले राजीनामा गरेमा सामान्य अवस्थामा फर्किन्छ, वार्ताको ढोका खुल्छ भन्दा सरकारले नमानेको सार्वजनिक भयो ।

घटना सानो होइन । सरकारको काम नागरिकसँग मुठभेड निम्त्याएर गोली हान्ने होइन । जेन-जीको माग पद र सत्ता



थिएन । प्रधानमन्त्रीको राजीनामा तिनको मागमा पनि थिएन । उनीहरूको माग तीन करोड नेपालीको माग थियो । भ्रष्टाचार अन्त्य, भ्रष्टाचारीलाई कारबाही, सुशासन र सामाजिक सञ्जालमाथिको प्रतिबन्ध फिर्ता तिनका माग थिए । सरकार घमण्डी भयो । सत्ता नढल्नेमा ढुक्क देखियो । सरकारले सिंहदरबारको कुर्सी र जेन-जीको मागमध्ये कुर्सी रोज्नाले दुर्घटना भएको हो । सरकार संविधानअनुसार कहिल्यै चलेन । संसद्मा विपक्षीका आवाज कहिल्यै सुनेन । मिडियाको सम्पादकीय कहिल्यै वास्ता गरेन । सडकमा सरकारको विरोध कहिल्यै सुनेन । शेरबहादुर देउवाले समर्थन नभिकुन्जेल सिंहदरबार सुरक्षित छ भन्ने बुझ्यो । स्थानीय प्रशासन ऐन छ, भिड बढ्दै गयो भने गोली हान्ने आदेश दिने प्रजिअ छँदै छ । भिड तितरबितर हुन्छ भन्ने भ्रममा पऱ्यो । ७३ युवाको ज्यानको सरकारलाई मतलब भएन । मतलब कुर्सीको मात्र भयो । संकट सरकार आफैंले निम्त्याएको हो ।

> जेन-जीको माग पद र सत्ता थिएन । प्रधानमन्त्रीको राजीनामा पनि तिनको माग थिएन । तिनको माग तीन करोड नेपालीकै माग थियो । भ्रष्टाचार अन्त्य, भ्रष्टाचारीलाई कारबाही, सुशासन र सामाजिक सञ्जालमाथिको प्रतिबन्ध फिर्ता त मागेका थिए तिनले ।

सुरक्षा निकायको वेलैको अनुरोध सरकारले सुनेन । उसले दमनकै नीति अपनायो । राजाको शासनमा भन्दा चौगुना बढीको ज्यान लियो । विघटित सरकारले ७३ जनाको हत्यामा माफी मागेको छैन । यो गम्भीर मानव अधिकार उल्लंघन हो । यस घटनाले फिलिपिन्सका राष्ट्रपति दुतेर्ते र रोमानियाका चाउचेस्कुको सम्झना दिलाउँछ । दुतेर्ते अन्तर्राष्ट्रिय वारेन्टअनुसार अन्तर्राष्ट्रिय फौजदारी अदालत हेगमा थुनामा छन् । चाउचेस्कु कसरी र किन मारिए, नेपालीले बुझ्नुपर्छ ।

संसद् विघटन : संसद् विघटन हुने अवस्था धारा ७६(७) र धारा ८५ हो । दुवै धाराको अवस्था विद्यमान छैन । संसद् विघटन गर्ने सिफारिस धारा ६६(२) हो । त्यो पनि सम्भव छैन । आजको अवस्था संविधानले देखेन । संविधानले शासक इमानदार हुन्छन्, संविधान मान्छन्, कम्तीमा ५१ प्रतिशतको बहुमतले चल्छ भन्ने सोच राखे । तर, गत १० वर्षमा सिंहदरबार तीन नेताको म्युजिकल चेयरको साक्षी बन्यो । राजीनामा स्वीकृत भए पनि अर्को प्रधानमन्त्री नियुक्ति नहुन्जेल कार्यकारी अधिकार राजीनामा गर्ने प्रधानमन्त्रीमै रहन्छ । तात्कालीन प्रधानमन्त्रीले देश बिग्रेको, रक्तपात भएको, सार्वजनिक सम्पत्ति ध्वस्त भएको, सेना सडकमा आउनुपरेको हेरेर बस्नु हुन्नथ्यो । आफ्नै कारणले त्यो हालत भएकाले धारा ६६(२) को आफ्नो अधिकार प्रयोग गरेर संसद् विघटनको सिफारिस गर्नुपर्थ्यो । राष्ट्रपतिकहाँ पुगेर राजीनामा आफैं बुझाउनुपर्थ्यो र देशलाई संवैधानिक संकटबाट मुक्त गर्नेबारे सरसल्लाह गर्नुपर्थ्यो । तर, तत्कालीन प्रधानमन्त्रीले केही गरेनन् । ध्वंसात्मक र रक्तपातको रमिते भएर बसे । जनता मारिएका छन्, सार्वजनिक सम्पत्ति जलेको छ, प्रधानमन्त्रीबाट धारा ६६(२) लाई 'हलो अड्काएर गोरु चुट्ने' काम भयो । संसदीय व्यवस्था भएका दुई दर्जन देशमा प्रधानमन्त्रीबाट धारा ६६(२) लाई बन्धक बनाइएको सायद यो पहिलो घटना होला ।

देखिएको संकटमा राष्ट्रपति सक्रिय नहुने हो भने धेरैको ज्यान जान्छ, सम्पत्ति नष्ट हुन्छ । राष्ट्रपतिले ६६(२) पर्खेर बस्ने हो भने धारा २ को सार्वभौमसत्ता र राजकीय सत्ता बच्ने थिएन । धारा ५ को राष्ट्रहितको बचाउको काम पनि राष्ट्रपतिबाट हुने थिएन । उल्टो राष्ट्रपतिमाथि के हेरेर बसेको भनेर महाभियोग लाग्न सक्थ्यो । राष्ट्रपतिलाई २ धाराले संकटकालमा संवैधानिक र आफूमा भएको अन्तरनिहित अधिकार प्रयोग गर्न दिन्छ । धारा १(२) अनुसार संविधानको पालना गर्नु राष्ट्रपतिको पनि कर्तव्य हो भने ६१(४) अनुसार संविधानको पालना र संरक्षण गर्नु पनि राष्ट्रपतिकै दायित्व हो ।

संविधान बन्दा भविष्यमा उठ्न सक्ने कठिनाइ सबै देखिँदैनन् । त्यस्तो अवस्थामा संशोधन वा अदालतको व्याख्या महत्वपूर्ण मानिन्छ । तर, कहिलेकाहीं अकस्मात् विभिन्न कारणले अकल्पनीय अवस्था उत्पन्न हुन्छ । सेरेमोनियल नै भए पनि त्यस्तो अवस्थामा राष्ट्रप्रमुखसामु केही विकल्प हुन्छन् । एउटा विकल्प संविधानले दिँदैन भनेर चुप लागेर रमिता हेरेर बस्ने । अर्को रक्तपात र विध्वंस हेरेर बस्ने । अर्को विकल्प सेना परिचालन गर्ने । अर्को विकल्प प्रधानमन्त्रीसँग मिलेर मौलिक हकमा बन्देज लगाएर संकटकाल लगाउने । उपर्युक्त कुनै पनि व्यवस्था राष्ट्रपतिको स्वविवेकभित्र पर्ने विषय हो । संकटकाल र सेना परिचालन संवैधानिक र बुद्धिमत्तापूर्ण काम होइन । राष्ट्रप्रमुखको काम पहिलो देश जोगाउने, रक्तपात रोक्ने त्यसपछि संविधान जोगाउने हो । विकल्पमध्ये देश र जनता जोगाएपछि संविधान स्वतः जोगिन्छ । लेखकलाई संविधानका धारामा स्पष्ट व्यवस्था छ भने प्रस्तावनाको सहारा लिन हुँदैन भन्ने थाहा छ । राष्ट्रपतिले पक्का पनि प्रस्तावना हेर्नुभयो होला । हाम्रो संविधानको प्रस्तावना हेर्ने हो भने निर्दलीय व्यवस्था र संवैधानिक राजतन्त्र हुँदै देश गणतन्त्र बनेको र प्रस्तावनामा गणतन्त्रात्मक लोकतन्त्र हामी नेपालीले जारी गरेको भन्ने स्पष्ट व्यवस्था भएकाले राष्ट्रपतिले संसद् विघटन गरेको कार्यलाई विवादमा ल्याउनु हुँदैन ।

अन्त्यमा, निर्वाचित सरकार पूर्ण असफल भयो । तीन करोड जनाताको आस्था गुमायो । जेन-जीको आगमन भयो । शासित हुनुपर्ने तीन करोड नेपाली संविधानभित्रका शासकलाई नमान्ने भए । तत्कालीन प्रधानमन्त्रीले धारा ६६(२) क्रियाशील नगरिदिएर वर्तमान प्रधानमन्त्रीबाट गरिएको धारा ६६(२) को सिफारिस मान्न राष्ट्रपति बाध्य हुनुभयो । नागरिकको धनजनको रक्षाका लागि राष्ट्रपतिले उठाएको कदम चुनावपछि स्वतः 'संवैधानिक ट्याक'मा आउने हुनाले देशभक्त तीन करोड नेपालीले संवैधानिक विवाद नभिकी चुनावमा लाग्नु नै अहिलेका लागि राष्ट्रहित हुनेछ ।

(केसी सर्वोच्च अदालतका पूर्वन्यायाधीश हुन्)

---

३ प्रश्न

पूर्वकार्यवाहक महालेखा परीक्षक **शुकदेव खत्री**लाई



जेन-जी आन्दोलनपछि निजामती प्रशासनमा सुधारको सम्भावना कति देख्नुहुन्छ ?

२०१३ सालमा टंकप्रसाद आचार्यदेखि गिरिजाप्रसाद कोइरालाको पालासम्म आइपुग्दा भन्डै दुई दर्जन प्रशासन सुधार आयोग र कार्यदल बने । आयोग र कार्यदल बने, निजामती प्रशासनमा सुधारका लागि सुझाव पनि पेस भए तर सुधारचाहिँ बीसको उन्नाइस पनि भएन । सबैजसो सरकार परिवर्तनसँगै प्रशासन सुधारको दाबी गरियो । तर, सुधारको काम भने कहिल्यै भएन । अहिलेको सरकारले २० प्रतिशत दरबन्दी कटौती गरेर प्रशासन सुधार गर्ने र मितव्ययिता अपनाउने दाबी गरे पनि त्यो सम्भव होला जस्तो लाग्दैन ।

निजामती प्रशासनलाई दलीय ट्रेड युनियनबाट मुक्त राख्न कति सम्भव छ ?

निजामती प्रशासनलाई दलीय ट्रेड युनियनबाट मुक्त गर्नैपर्छ । यो नगरी निजामती प्रशासनमा सुधार सम्भव पनि छैन । म स्वयं महालेखामा हुँदा हरसम्भव कोसिस गरेर त्यहाँ दलीय ट्रेड युनियनलाई निष्तेज पारेकै हुँ । तर, त्यतिखेर सबैतिरबाट चर्को दबाब भने नआएको होइन । मुलुकमा जति पनि भ्रष्टाचार हुन्छन्, त्यसको मूल स्रोत दलीय ट्रेड युनियन नै हुन् । निजामती प्रशासनमा साँच्चिकै सुधार गर्ने हो भने दलीय ट्रेड युनियन खारेज नगरी हुँदैन ।

निजामती प्रशासनभित्रैबाट दलीय ट्रेड युनियनको विरोध हुनुले के संकेत गर्छ ?

निजामती प्रशासनमा 'न्युट्रल' कर्मचारी छैनन् । सरुवा, बढुवाका लागि दलीय छाता नओढी नहुने अवस्था छ । यस्तोमा कुनै कर्मचारीले दलीय ट्रेड युनियनको विरोध गर्छ भने त्यसका पछाडि कुनै न कुनै स्वार्थले काम गरेको हुन सक्छ । ट्रेड युनियनको आडमा सचिवलगायत उच्च अधिकारीलाई निरीह बनाउने कर्मचारीले त्यसै दलीय ट्रेड युनियनको विरोध गरे भन्ने लाग्दैन । त्यसका पछाडि उनीहरूका 'भेस्टेड इन्ट्रेस्ट' हुन सक्छ ।

प्रेरक प्रसंग

कुलत छाड्ने सल्लाह

एकपटक आचार्य विनोबा भावेको निवासमा उनलाई भेट्न एक जँड्याहा आइपुग्यो । उसले आचार्यलाई हात जोडेर भन्यो, 'महात्माजी, यो रक्सीले मलाई मार्ने भयो । म यसलाई छाड्न चाहन्छु । तर, यसले मेरो पिछा कहिल्यै छोड्दैन । त्यसैले, तपाईं कुनै यस्तो उपाय बताउनुस्, जसले गर्दा यो रक्सीले मेरो पिछा छोडोस् ।'



आचार्य विनोबाले त्यस जँड्याहालाई अर्को दिन आउनू भन्दै बिदा गरे । त्यो मानिस जाँदाजाँदै आचार्यले भने, 'भोलि आउँदा तपाईं मलाई बाहिरैबाट बोलाउनुस्, म आफैं बाहिर आउनेछु ।'

अर्को दिन त्यो जँड्याहा आयो र उसले बाहिरबाटै आचार्य विनोबालाई बोलायो । तर, आचार्य बाहिर निस्केनन् । बरु भित्रबाट उनको आवाज आयो, 'हेर न मित्र, म कसरी बाहिर आऊँ ? यो खम्बाले मेरो पिछा छोडिरहेको छैन । म यसको जालबाट उम्किनै नसक्ने भएँ ।'

त्यो मानिसले आश्चर्य मान्दै भित्र चियाएर हेऱ्यो, त्यहाँको दृश्य देखेर ऊ छक्क पऱ्यो । भित्र आचार्य विनोबा खम्बा समातेर बसेका थिए । अनि उनी भनिरहेका थिए, यो खम्बाले मलाई छोड्नै मानिरहेको छैन ।

त्यो सब देखेपछि त्यस मानिसले आश्चर्य मान्दै भन्यो, 'महात्मा तपाईंले पनि कस्तो कुरा गर्नुभएको ? तपाईंले नै यो खम्बालाई समाइरहनुभएको छ अनि तपाईं नै भनिरहनुभएको छ कि यसले मलाई छोडिरहेको छैन । यसले तपाईंलाई समाएको होइन, तपाईंले यसलाई पो समाउनुएको छ । तपाईंले यसलाई छोड्नुभयो भने त यसले पनि तपाईंलाई छोडिहाल्छ नि ।'

यो सुनेपछि आचार्य मुस्कुराए र उसलाई सम्झाउँदै भने, 'जसरी मैले यो खम्बा समाइरहेको थिएँ, त्यसैगरी तिमीले पनि रक्सीलाई समाइरहेका छौ । रक्सीले तिमीलाई होइन, बरु तिमीले रक्सी छोडिरहेका छैनौ । यसैले तिमीले रक्सी छोड्यौ भने रक्सीले पनि तिम्रो पिछा आफसे आफ छोड्नेछ ।' आचार्यको यस्तो भनाइ सुनेपछि त्यस मानिसले त्यही दिनदेखि रक्सी पिउन छोडिदियो ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

कांग्रेस सिध्याउने खेल



कांग्रेसमा ताजगी ल्याएर जेन-जी पुस्तासित समेत पार्टीलाई जोड्न महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले थालेको अभियान एकदम सही छ । यतिखेर कांग्रेसलाई कसैले बचाउन र जनतामा आशा जगाउन भनेकै यिनै दुई महामन्त्री हुन् । यिनलाई लखेट्न खोज्नेहरू भविष्यमा पार्टीको 'रिड'बाट आफैं बाहिरिने निश्चित छ ।

● **शोभा तुलाचन**, गैरीधारा, काठमाडौं

बिपीको पार्टी पुनर्गठनमा ढिलाइ नहोस्, नत्र देश नै नरहन सक्छ । अहिले पनि बिपीका अनुयायी राष्ट्रपति रहेकाले मात्र देश र संविधान जोगिएको हो जस्तो लाग्छ ।

● **सुशील पौडेल**

दोस्रो पुस्ताका भनिने नेताबिच कांग्रेसलाई कसरी कमजोर बनाउने देश र पार्टी कसरी लुट्ने भनी सल्लाह हुँदै छ कि क्या हो ?

● **बालकृष्ण गौडेल**

संस्थापन भनिनेहरूलाई अबको महाधिवेशनले घरमै आराम गर्ने बनाउँदै छ । कति चुरिफुरी गर्छौं हो ?

● **भीमसेन बस्नेत**

यिनीहरूको साधारण सदस्यतासहित निष्कासन गर्न मिल्दैन ? यिनीहरूकै कर्तुतले कांग्रेस बदनाम भएको हो ।

● **सागरमोहन भट्टराई**

पार्टी माहामन्त्रीद्वयबाहेक विकल्प छैन । यिनलाई तेस्रो पुस्ता भनेका छौं । यिनले पार्टी छाडिदिए भने कांग्रेस शून्यमा आउँछ ।

● **हरिबहादुर अधिकारी**

यिनीहरूकै कारण यो अवस्था आएको हो । सभापतिलाई ठिक छ हजुर भन्दै लुटेर सकेका थिए । पद पाउँदा गतिलो काम गरेका भए कसैले त यिनलाई स्याबास भन्दा हुन् नि त !

● **अर्जुन बस्नेत**

(नयाँ पत्रिका फेसबुक पेजबाट)

दलीय कर्मचारी संगठन हटाइयोस्

सरकारलाई आग्रह छ, सरकारी कार्यालय नेपाली जनताको हो, कांग्रेस, कम्युनिस्टको होइन । अध्यादेश ल्याएर भए पनि सरकारी कार्यालयका पार्टीका संगठन खारेज गरियोस् र सरकारी कर्मचारीले पार्टीको झन्डा र झोला बोकेमा तत्काल जागिरबाट बर्खास्त गरियोस् । सार्वजनिक निकायका कर्मचारीले स्वतन्त्र कर्मचारी युनियनबाहेक कुनै अमुक दलको झन्डा बोक्न पाइँदैन ।

● **आरके सुतार क्षेत्री**

कर्मचारी ट्रेड युनियन खारेज सबैभन्दा पहिले गर्न जरुरी छ, अन्यथा यी दलीय बुख्याचाहरूले जनतालाई दुःख दिन्छन् ।

● **चिरञ्जीवी काफ्ले**

कर्मचारीभित्र पनि ठुलै विभेद छ । त्यसको फेरि सुनवाइ कसले गर्ने ? एउटा शक्तिशाली निजामती ट्रेड युनियनचाहिँ चाहिन्छ, सबैको माग सम्बोधन गर्न । निजामती कर्मचारीभित्रको राजनीति दलभन्दा अलग हुनुपर्छ । करार र ज्यालादारी कर्मचारी सबै जेन-जी बन्न तयारी अवस्थामा छन्, न्याय प्राप्तिका लागि ।

● **काशीराज श्रेष्ठ**

(नयाँ पत्रिका फेसबुक पेजबाट)

क्रिकेट विवाद र भारत-पाकिस्तान तनावको गहिराइ

पाकिस्तानी टोलीसँग हात नमिलाउने भारतीय टोलीको कदमले 'क्रिकेट कूटनीति'मा धक्का पुऱ्याएको छ



देश / विदेश

● माइकल कुगेलम्यान

गत आइतबार दुबईमा भएको 'एसिया कप' प्रतियोगितामा भारतीय र पाकिस्तानी राष्ट्रिय क्रिकेट टोली आमनेसामने भए । खेलको नतिजा उस्तो आश्चर्यजनक रहेन : पछिल्लो समयको क्रिकेट पावरहाउस भारतीय टोलीले पाकिस्तानलाई सजिलै पराजित गऱ्यो । तर, खेल सकिएपछि, आम-अभ्यासअनुरूप भारतीय टोलीले पाकिस्तानी क्रिकेटरसँग हात मिलाउन अस्वीकार गर्दै मैदानबाट बाहिरिएपछि राजनीतिक तरंग आएको छ ।

दुबईको खेल गत अप्रिलमा भारत प्रशासित कस्मिरको पहलगाममा भएको आतंकवादी आक्रमणपछि भारतीय र पाकिस्तानी टोलीबिच पहिलो भेट थियो । भारतीय टोलीका कप्तान सूर्यकुमार यादवले पहलगाम आक्रमणका मारिएका २६ जना पीडितप्रति ऐक्यबद्धता जनाउन पूर्व-निर्धारित योजनाअनुरूप हात नमिलाएको प्रतिक्रिया दिए । भारत सरकारले आक्रमणका लागि पाकिस्तानलाई दोष लगाउँदै आएको छ, जसलाई पाकिस्तानले अस्वीकार गरेको छ ।

आरोप-प्रत्यारोपबिच तनाव बढ्दै जाँदा मे महिनामा दुई देशबिच चारदिने सैन्य झडप भड्कियो । त्यस अवधिमा दुई देशले एक-अर्काको सीमा क्षेत्रमा गोलीबारी गर्नेदेखि भित्रसम्मै क्षेप्यास्त्र प्रहार गरे । दुई आणविक हतियारधारी देश दशकौंपछि पूर्ण युद्धको सबैभन्दा नजिक पुगेर रोकिएका थिए ।

भारतीय खेलाडीले हात मिलाउन अस्वीकार गरेपछि पाकिस्तानी टोलीले पनि खेलपछि हुने पत्रकार सम्मेलन बहिष्कार गऱ्यो । भारतीय कदमविरुद्ध पाकिस्तानी टोलीले अन्तर्राष्ट्रिय क्रिकेट परिषद्मा उजुरीसमेत दर्ता गऱ्यो । उसले खेलका रेफ्री एन्डी पाइक्राफ्टप्रति पनि असन्तुष्टि जनाउँदै उनलाई हटाउनुपर्ने माग गऱ्यो । सो माग आइसिसीले अस्वीकार गरिदियो । फेरि बुधबार राति पाकिस्तानी टोलीले एसिया कप प्रतियोगिताका बाँकी खेल बहिष्कार गर्ने धम्की दिएपछि रेफ्री पाइक्राफ्टले हात नमिलाउने घटनालाई 'संवादमा देखिएको कमजोरी'का रूपमा व्याख्या गर्दै माफी मागे । दुवै पक्ष प्रतियोगिताको दोस्रो चरणका लागि छनोट भएकाले आइतबार फेरि प्रतिस्पर्धा गरे र भारतले जित हात पारेको छ ।

क्रिकेटमा देखिएको पछिल्लो घटनाले दुई देशको चिसो सम्बन्ध लामो जाने संकेत गर्छ । विगतमा तनावपूर्ण क्षणमा जनस्तरबाट तनाव कम गर्न पहल हुने गर्थ्यो । पाकिस्तानमा आधार रहेको लस्कर-ए-तोयबाले सन् २००८ मा मुम्बईमा गरेको ठुलो आक्रमणको एक वर्षपछि नागरिक नेतृत्वमा शान्ति पहल सुरु गरिएको थियो । दुवै देशका मिडिया समूहले पहललाई प्रायोजित गरेका थिए । त्यस्तै भारत पाकिस्तानबिच 'क्रिकेट कूटनीति'को लामो इतिहास छ । पर्यवेक्षक यसको प्रस्थान बिन्दु सन् १९८७ लाई मान्छन्, जब पाकिस्तानका तत्कालनी सैन्य तानाशाह जिया-उल-हक कस्मिरमा तनाव बढिरहेको समयमा भारत-पाकिस्तान टेस्ट म्याच हेर्न भारत पुगेका थिए ।

त्यस्तै, सन् २००४ देखि २००७ सम्म दुई देशले एक-अर्काको मैदानमा चार सफल टेस्ट सेरिज खेले । त्यतिवेला भारतीय टोली पाकिस्तानको भ्रमणमा निस्किनुअघि तत्कालीन भारतीय प्रधानमन्त्री अटल बिहारी बाजपेयीले भनेको कुरा विशेष उलेखनीय मानिन्छ । उनले भनेका थिए, 'तिमीहरू खेल जित या हार, मलाई फरक पर्दैन । तर, पाकिस्तानमा रहँदा तिमीहरूले पाकिस्तानी जनताको मन भने जित्नुपर्छ ।' तर, सन् २०१४ मा नरेन्द्र मोदी नेतृत्वको शासन सुरु भएदेखि भारतको क्रिकेट बढ्दो रूपमा राजनीतिक औजारका रूपमा प्रयोग भइरहेको विश्लेषण हुन थालेको छ । क्रिकेटको शक्तिशाली विश्वव्यापी प्रशासकीय निकाय 'आइसिसी'का



फोटो : पुनित परान्जे/एपी

प्रमुख नै जय शाह छन् । उनी भारतका गृहमन्त्री र मोदीका निकटतम सहयोगी अमित शाहका छोरा हुन् ।

पछिल्लो समय दुई टोली केहीपटक आमनेसामने हुँदा, उनीहरूबिच सौहार्द र खेल भावना देखिएको थियो । तर, आइतबारको खेल हुनुअघि नै माहोल भिन्न देखिन्थ्यो । केही भारतीय राजनीतिज्ञ र पूर्वक्रिकेटरले भारतीय टोलीले पाकिस्तानसँगको खेल बहिष्कार गर्नुपर्ने आह्वान गरिरहेका थिए । पहलगाम आक्रमणका पीडित परिवारको बहिष्कारको आह्वानबाट ती प्रभावित भएका हुन सक्छन् । भारतमा कानुनका केही विद्यार्थीले पाकिस्तानसँगको भारतको खेल राष्ट्रिय हितविरुद्ध भएको भन्दै खेल रोक्न सर्वोच्चमा मुद्दा नै दायर गरेका थिए । सर्वोच्च अदालतले त्यस मुद्दाको विपक्षमा फैसला सुनायो ।

भारतीय टोलीले हात मिलाउन अस्वीकार गरेको घटनाको देशभित्र खासै निन्दा भएन । बरु, उल्टो धेरैले यस कदमको प्रशंसा गरे । भारतीय सरकार यस प्रकरणमा पूर्णतः मौन रह्यो । भारतीय क्रिकेटको नियामक संस्थाका एक शीर्ष अधिकारी आफूहरूको ध्यान विवादमा भन्दा जितमा केन्द्रित हुनुपर्ने भन्दै पन्छिए । भारतीय टोलीको कदमले 'क्रिकेट कूटनीति'मा धक्का पुऱ्याएको छ । र, यसले मुख्यतः भारत-पाकिस्तान सम्बन्धको तनाव अझै कायम रहेको संकेत गरेको छ । मे महिनाको द्वन्द्व रोकिए पनि भारतले विश्व मञ्चमा पाकिस्तानलाई एक्ल्याउने, सिमाना बन्द गर्ने र सम्पूर्ण व्यापार निलम्बन गर्नेजस्ता गैर-सैन्य कदम पनि चालेको थियो । त्यसले दुई देशको जनस्तरमा रहेको सम्बन्धलाई प्रत्यक्ष रूपमा कमजोर बनायो ।

यस प्रकरणले द्विपक्षीय सम्बन्धको दीर्घकालीन प्रक्षेपणमा राम्रो संकेत गर्दैन । जनता-जनता आदानप्रदानले विश्वास निर्माण गर्दै फराकिलो सम्बन्धलाई स्थिर बनाउन महत गर्न सक्छ । तर, भारत-पाकिस्तान सम्बन्धको आजको चिसो अवस्था तोड्न कुनै कदम दृश्यमा देखिँदैन । सरकारी च्यानलबाहिर सहयोगका लागि स्थान साँघुरिँदै जाँदा सम्बन्धलाई 'ट्र्याक'मा फर्काइएन भने कठिन हुनेछ ।

द फरेन पोलिसीबाट

(करिब दुई दशकदेखि दक्षिण एसियाली राजनीतिको विश्लेषण गर्दै आएका कुगेलम्यान 'फरेन पोलिसी'का लागि साप्ताहिक दक्षिण एसिया ब्रिफ लेख्ने गर्छन्)

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

प्यालेस्टाइनलाई स्वतन्त्र राज्यको मान्यता दिने पश्चिमा लहर र इजरायलको असन्तुष्टि

इजरायली अतिक्रमण अन्त्य गर्ने दिशामा दबाब नदिई प्यालेस्टाइनलाई विश्वका सबै देशले मान्यता दिए पनि यसले खासै अर्थ राख्नेछैन

अन्ततः आइतबार क्यानडा, संयुक्त अधिराज्य र अस्ट्रेलियाले प्यालेस्टिनी राज्यलाई मान्यता दिएका छन्। यसलाई गाजामा जारी इजरायली युद्ध र नियन्त्रित वेस्ट बैंकमा भौगोलिक अतिक्रमणविरुद्ध प्रतीकात्मक प्रतिक्रिया भनिएको छ। तिनलाई पछ्याउँदै फ्रान्सले पनि प्यालेस्टिनी राज्यलाई मान्यता दिएको छ। केही दिनभित्रै बेल्जियमसहित अन्य युरोपेली देशले पनि प्यालेस्टाइनलाई मान्यता दिँदै छन्।

प्यालेस्टिनी राज्यप्रति बढ्दो पश्चिमी मान्यताविरुद्ध इजरायलले भने असन्तुष्टि जनाएको छ। ती देशले प्यालेस्टिनी राज्यलाई मान्यता दिने गरी घोषणा गर्नुअघि इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतन्याहुका प्रवक्ता सोस बेद्रोसियनले 'प्रधानमन्त्री नेतन्याहुले यस कदमलाई अर्थहीन र आतंकवादका लागि इनामको संज्ञा दिएको' बताए। उता, सेप्टेम्बर १५ मा कब्जा गरिएको पूर्वी जेरुसेलममा एक कार्यक्रममाझ नेतन्याहुले आफ्ना समर्थकलाई 'प्यालेस्टिनी राज्य कहिल्यै आस्तित्वमा आउन नदिने' वाचा गरेका थिए।



● जस्टिन सलहानी
पेरिस र बेरुतमा बसेर पत्रकारिता गर्ने सलहानी वृत्तचित्र तथा भिडियो निर्माण पनि गर्छन्।

अमेरिकासँग घनिष्ठ रहेका अंग्रेजीभाषी क्यानडा, बेलायत र अस्ट्रेलिया र लगत्तै पोर्चुगलबाट प्यालेस्टिनी राज्यलाई दिइएको मान्यताले विश्वको ध्यान खिचेको छ। प्यालेस्टिनी पक्षधरले भने इजरायलले वर्षौंदेखि गरेको लाखौं प्यालेस्टिनीहरूको निरन्तर अपमान, हत्या र विस्थापनबिच यसलाई सानो र प्रतीकात्मक कदम मात्र बताएका छन्। जस्तो, अमेरिकाका घनिष्ठ सहयोगी देशले प्यालेस्टिनी मान्यता दिएको घोषणा गरेकै दिन आइतबार गाजामा इजरायली आक्रमणमा कम्तीमा ५५ प्यालेस्टिनी मारिए। मारिएकामध्ये कम्तीमा ३७ जना गाजा सहरमा मारिए। सो सहरमा इजरायली सेनाले क्रुर सैन्य अभियान चलाइरहेको छ।

तथापि, विश्वमञ्चमा यसको केही वजन भने रहन्छ। 'अमेरिकाका अत्यन्त घनिष्ट यी सहयोगीबाट दिइएको मन्यता अर्थपूर्ण छ। यसअघि ती राष्ट्रले कुनै खालको सम्झौतापछि मात्र मान्यता दिने भन्दै आएका थिए,' प्यालेस्टिनी राजनीतिशास्त्री रिदा अबु रसले अल जजिरालाई भनिन्, 'यी देशले अगाडि आउने साहस गरे। प्रभावका हिसाबले इजरायल थप एक्लिनेछ।'

६५ हजारको मृत्यु

प्यालेस्टिनी राज्यलाई मान्यता दिने देशको संख्या बढ्नाले इजरायली आक्रमणबाट पीडित प्यालेस्टिनीको भौतिक अवस्था सुधार हुनेमा शंका छ। इजरायलले अक्टोबर २०२३ देखि गाजामा गरेको युद्धमा २१ सेप्टेम्बरसम्म कम्तीमा ६५ हजार २८३ जनाको मृत्यु भइसकेको छ। त्यस्तै, एक लाख ६६ हजार ५७५ जना घाइते भएका छन्। धेरै विज्ञ यो तथ्यांक धेरै बढी भएको ठान्छन्। अक्टोबर ७, २०२३ मा इजरायलभित्र पसेर हमासले गरेको आक्रमणमा एक हजार १३९ जनाको मृत्यु भए पनि इजरायलले आक्रमण गरिरहेको छ। हमासले त्यसबेला २०० जनालाई बन्धक बनाएर गाजा ल्याएका थिए।

यसबिच नियन्त्रित वेस्ट बैंकमा इजरायली सेना र सेनाको सुरक्षामा त्यहाँ बसोवास गर्ने इजरायलीको हिंसात्मक आक्रमणमा एक हजारभन्दा बढी प्यालेस्टिनी मारिइसकेका छन्। अहिले आएर इजरायली सरकारले हालसम्म प्यालेस्टिनी शासन रहेको क्षेत्रसमेत सम्पूर्ण बेस्ट बैंक कब्जा गर्ने धम्की दिएको छ। यस्तोमा अन्तर्राष्ट्रिय विज्ञ र मानव अधिकार समूहले नरसंहारको संज्ञा दिएको इजरायलको युद्ध, आइतबारको मान्यताले कम हुने अपेक्षा नभएको विश्लेषकले भने।



> अमेरिकासँग घनिष्ठ रहेका क्यानडा, बेलायत र अस्ट्रेलिया, पोर्चुगल र फ्रान्सले प्यालेस्टाइनलाई दिएको स्वतन्त्र राज्यको मान्यताले विश्वको ध्यान खिचेको छ। इजरायलले वर्षौंदेखि गरेको निरन्तर अपमान, हत्या र विस्थापनबिच प्यालेस्टिनी पक्षधरले भने यसको स्वागत गरेको छ

'जबसम्म पश्चिमले आफूले इजरायललाई बेचिरहेको हतियारमा प्रतिबन्ध लगाउँदैन, हिंसात्मक कदमका लागि प्रतिबन्ध लगाउँदैन र अन्तर्राष्ट्रिय समुदायको सैन्य गठबन्धनले प्यालेस्टिनी क्षेत्रमाथि 'नो फ्लाई जोन' लागू गर्दैन, तबसम्म प्यालेस्टिनी नागरिकको पीडा कम हुनेछैन,' स्वतन्त्र अनुसन्धानकर्ता क्रिस ओसिएकले भने। यस्तोमा पछिल्लो कदम मुख्यतया प्रदर्शनमुखी मात्र ठहरिन सक्छ। तथापि, यस मान्यतापछि ती देशले अब प्यालेस्टिनी सरकारसँग सन्धि-सम्झौता गर्न सक्छन् र त्यहाँका लागि राजदूतहरू राख्न सक्छन्। बेलायतले हुसम जोमलोटलाई आफ्नो देशका लागि प्यालेस्टिनी राजदूतको मान्यता दिँदै छ।

जोमलोटले एक विज्ञप्ति जारी गर्दै भनेका छन्, 'लामो समयदेखि आउन नसकेको मान्यता आएसँगै बेलायतले आफ्नै भूमिमा प्यालेस्टिनी जनताको आत्मनिर्णय, स्वतन्त्रता र स्वायत्तताको अविभाज्य अधिकारको अस्वीकृति अन्ततः परित्याग गरेको संकेत गर्दछ। यो कदम न्याय, शान्ति र बेलायतको औपनिवेशिक विरासत, बाल्फोर घोषणापत्र र प्यालेस्टिनी जनताको विस्थापनमा यसको भूमिकाजस्ता ऐतिहासिक गल्तीहरूको सुधारतर्फ एक अपरिवर्तनीय कदम हो।'

अन्तर्राष्ट्रिय संस्थामा सहभागिता जनाउन सहज

विश्वका अधिकांश देशले यसअघि नै प्यालेस्टाइन राज्यको मान्यता दिइसकेका छन्। पछिल्लो देश थपिएपछि अब अमेरिका, केही युरोपेली र बाल्टिक क्षेत्रका देश, दक्षिण कोरिया, जापान र अन्य थोरै राज्यले मात्र प्यालेस्टाइनलाई मान्यता दिन बाँकी रहन्छ। विश्वको बहुसंख्यक देश प्यालेस्टिनी राज्यको पक्षमा रहे पनि ऊ अझै पनि संयुक्त राष्ट्र संघको पूर्ण सदस्य राष्ट्र बन्न सकेको छैन। प्यालेस्टाइन अहिले संघको 'गैरसदस्यीय पर्यवेक्षक राज्य' हो। पूर्ण सदस्य बन्नका लागि संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्को सिफारिस आवश्यक पर्छ। त्यसपछि संयुक्त राष्ट्र महासभाले मतदान गर्छ र सदस्य घोषित गरिन्छ। सुरक्षा परिषद्को स्थायी सदस्य अमेरिकाले भिटो हालेर यसलाई निस्तेज बनाउने सम्भावना छैन।

'थप देशले मान्यता दिँदैमा प्यालेस्टाइन न त संयुक्त राष्ट्र संघको विशेषाधिकार पाउने अवस्थामा हुन्छ, न उसले संघका नयाँ अन्तरसरकारी संस्थाको सदस्य बन्न नै पाउँछ। किनकि, त्यसका लागि अमेरिकी समर्थन आवश्यक पर्छ,' अबु रासले भनिन्। तथापि, बढ्दो मान्यता त्यसतर्फको पहिलो कदम भने हुन सक्छ।

पछिल्लो समय इजरायलमाथि गाजामाथिको युद्ध अन्त्य गर्न अन्तर्राष्ट्रिय दबाब बढेको छ, विशेषगरी युरोपबाट। पश्चिमी देशमा जनस्तरमा इजरायलको बहिष्कार अभियानले गति लिइरहेको छ। इजरायल अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगितामा निष्कासित हुने विषयमा छलफल हुन थालेको छ। र, युरोपेली संघले हालै केही इजरायली नेतामाथि प्रतिबन्ध लगाउने र सो देशका केही सामानमाथि कर बढाउने विषयमा छलफल सुरु गरेको छ।

'मान्यता मात्रैले गाजामाथिको इजरायली कदममा प्रत्यक्ष प्रभाव पर्दैन। तर, यसले ती देशमा केही न केही कदम चाल्नैपर्छ भन्ने चाहना बढेको संकेत गर्न सक्छ। गाजामाथि इजरायली कदममा प्रत्यक्ष प्रभाव पार्ने हो भने दुई-तर्फी हतियार प्रतिबन्ध आवश्यक छ। त्यसको अर्थ हो, न त इजरायललाई हतियार बेच्ने, न त इजरायली निर्माताले बनाएको हतियार किन्ने,' अबु रासले भनिन्।

चौतर्फी दबाब

विश्लेषकका अनुसार केही पश्चिमी देशमा महिनौंदेखि प्यालेस्टिनी राज्यलाई मान्यता दिने विषयमा छलफल भए पनि हाल गाजा र कब्जा गरिएको पश्चिमी किनारमाथि इजरायलले आक्रमण बढाएपछि सजायको रूपमा यो कदम चालेका हुन्। केही देशले दिएको मान्यतामा सर्त राखेको कुराले यस कथनलाई बल प्रदान गर्छ। विशेषतः पश्चिमको जनतामाझ प्यालेस्टिनीप्रति बढ्दो समर्थनले त्यहाँका नेतामाथि घरेलु दबाब उच्च थियो। पश्चिमका मुख्य दल र शिर्ष तहलाई इजरायल समर्थक समूहको पनि दबाब देखिन्छ। 'अहिले मान्यता दिएका क्यानडा, अस्ट्रेलिया र बेलायतमा तिनै देशमा मध्य-वामपन्थी सरकार छ। उनीहरूका मतदाताले इजरायलको नरसंहारकारी कदमविरुद्ध दण्डात्मक कदम चाल्न दबाब छ,' अबु रासले भनिन्।

धरातलमा केही परिवर्तन नगरी बढ्दो उदारवादी असन्तुष्टिलाई बिस्तारै शान्त पार्ने प्रयास हो, राज्यको मान्यता। मतदाताको माग पूरा गरेजस्तो गरेर चालिएको पछिल्लो कदम खासमा आफ्नै मतदाताबाट लाज ढाक्ने प्रयास हुन सक्छ। जुलाईमा, लेबर पार्टीका ब्रिटिस प्रधानमन्त्री केयर स्टारमरले गाजामाथिको युद्ध अन्त्य गर्न इजरायलले 'ठोस कदम' नचाले प्यालेस्टाइन राज्यलाई मान्यता दिने बताएका थिए। आइतबार पनि स्टारमरले राज्यको मान्यता आज इजरायल र प्यालेस्टाइनको राजनीतिक वास्तविकताको प्रतिक्रिया भएको बताए।

'दुई राज्य समाधानको विचार वर्षौंयताकै कमजोर बनेकोमा म विशेष चिन्तित छु र यो कदम त्यस दिशामा सहयोगी होस् भनेर चालिएको हो,' स्टारमरले भने। उता अस्ट्रेलियाका लेबर प्रधानमन्त्री एन्थोनी अल्बानिजले मान्यतामा सर्त जोडेका छन्। 'आगामी दिनमा कूटनीतिक सम्बन्ध स्थापना र दूतावास खोल्नेलगायत थप कदम प्यालेस्टिनी प्राधिकरणले सुधारको प्रतिबद्धतामा हुने प्रगतिपछि विचार गरिनेछ,' अल्बानिजले भने।

अन्त्य हुनुपर्छ इजरायली अतिक्रमण

एक सय आठ वर्षपहिले बेलायतले बाल्फोर घोषणापत्रमा हस्ताक्षर गर्दै आफ्नो कब्जामा रहेको प्यालेस्टिनी भूमिमा 'यहुदी जनताको राष्ट्रिय आश्रय'लाई समर्थन रहेको घोषणा गरेको थियो। बेलायत प्यालेस्टिनी जनतालाई हटाएर बनाइएको इजरायल राज्यको ऐतिहासिक सहयोगी रहँदै आएको छ। यस्तोमा, अहिले सोही भूमिमा प्यालेस्टिनी राज्यलाई दिइएको मान्यतालाई केहीले प्यालेस्टिनीको विस्थापन र स्थानान्तरणमा बेलायतको संलग्नता मानेका छन्।

'दुई राज्य समाधानलाई समर्थन गर्ने जिम्मेवारीको विशेष बोझ बेलायतले वहन गर्छ,' बेलायतका विदेश सचिव डेभिड लामीले जुलाईमा संयुक्त राष्ट्र संघमा सम्बोधन गर्दै भनेका थिए। ऐतिहासिक प्रतीकात्मकताका बाबजुद विश्लेषकहरू बेलायतले सयवर्षे अभ्यासमा क्रम भंग गर्ला भनेर विश्वस्त थिएनन्।

'इजरायली अतिक्रमण अन्त्य नभएसम्म प्यालेस्टाइनलाई विश्वका हरेक देशले मान्यता दिए पनि केही परिवर्तन हुनेछैन। निश्चित रूपमा अन्तर्राष्ट्रिय दबाबको पनि भूमिका रहन्छ, तर अन्तर्राष्ट्रिय जगत् कूटनीतिक सम्बन्धको विखण्डन, युद्ध अपराधीको अभियोजन र सांस्कृतिक बहिष्कार, राज्यको मान्यताभन्दा अगाडि बढ्न आवश्यक छ,' अबु रासले भनिन्।

अलजजिराबाट

विश्व संक्षेप

अफगानिस्तानको बाग्राम एयरबेस फिर्ता लिने ट्रम्पको चेतावनी

काबुल/ तालिबानले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको २० वर्षे युद्धका क्रममा वासिंटनले सञ्चालन गरेको बग्राम एयरबेस हस्तान्तरण गर्ने मागलाई अस्वीकार गरेको छ। अफगानिस्तानको स्वतन्त्रता र क्षेत्रीय अखण्डता अत्यन्त महत्त्वपूर्ण रहेको बताउँदै तालिबानले अमेरिकालाई पहिलेका सम्झौता कायम राख्न आह्वानसमेत गरेको छ। 'विगतका असफल दृष्टिकोण दोहोऱ्याउनुको सट्टा यथार्थवाद र तर्कसंगतताको नीति अपनाउनुपर्छ,' अफगानिस्तानका शासकले भनेका छन्।



अफगानिस्तानमा अमेरिकाको सबैभन्दा ठुलो सैन्य स्थल बग्राम काबुलबाट ५० किलोमिटर (३१ माइल) उत्तरमा अवस्थित एउटा ठुलो एयरबेस हो, जसले तालिबानविरुद्धको दुई दशकको युद्धमा अमेरिकाको प्रमुख सैन्य केन्द्रमध्ये एकको रूपमा काम गरेको थियो। सेप्टेम्बर ११, २००१ मा अलकायदाद्वारा न्युयोर्क र वासिंटनमा गरिएको आक्रमणपछि भएको युद्ध २०२१ मा अफगानिस्तानबाट वासिंटनको अचानक र अराजक फिर्तासँगै समाप्त भएको थियो। अमेरिकी सेनाले आफ्नो तथाकथित 'आतंकवादविरुद्धको युद्ध'को समयमा हजारौँ मानिसलाई वर्षौंसम्म कुनै आरोप वा मुद्दाविना नै उक्त स्थलमा कैद गरेको थियो र तिनीहरूमध्ये धेरैलाई दुर्व्यवहार वा यातना दिइएको थियो। अमेरिकी फिर्ती र अफगान सरकारको पतनपछि २०२१ मा तालिबानले यो सुविधा पुनः कब्जा गरेको थियो। गत हप्तामा, ट्रम्पले एयरबेस पुनः प्राप्त गर्न गहिरो चासो व्यक्त गरेका थिए। 'हामी अहिले अफगानिस्तानसँग कुरा गरिरहेका छौं। हामी यसलाई तुरुन्तै फिर्ता चाहन्छौं। यदि तिनीहरूले त्यसो गरेनन् भने, म के गर्नेछु भनेर तपाईंले पत्ता लगाउनुहुनेछ,' ट्रम्पले शनिबार ह्वाइट हाउसमा पत्रकारलाई भने।

फ्रान्समा मस्जिदका ढोकामा सुँगुरका टाउका फेला

पेरिस/ सेप्टेम्बरको एक बिहान पेरिसको मुटुमा रहेको जाभेल मस्जिदको ढोकामा रगतले लतपतिएको सुँगुरको टाउको फेला पऱ्यो। त्यसमा निलो मसीले नाम कोरिएको थियो, म्याक्रोंन। आईफिल टावरबाट केही किलोमिटर (लगभग एक माइल) टाढा रहेको मस्जिद लेबनानी, अल्जेरियन, इरानी र अन्य मूलका मुस्लिमको विविध समुदायका लागि पूजास्थल हो, जुन लामो समयदेखि फ्रान्सेली राजधानीको पातलो जिल्लामा छिमेकीसँग सहअस्तित्वमा छ। 'हामीले पहिलोपटक यस्तो प्रवृत्तिको घटना देख्यौं,' मस्जिदका रेक्टर नजत बेनालीले अलजजिरालाई भने। सेप्टेम्बर ९ मा बिहानको प्रार्थनाका लागि जाने उपासकले उक्त आपराधिक कार्य पत्ता लगाएका थिए। मुस्लिमलाई सुँगुरको मासु खान निषेध गरिएको छ। उनीहरू सुँगुरलाई अशुद्ध मान्छन्। सुँगुरको टाउको देखेपछि प्रार्थनामा गएका व्यक्तिले बेनालीलाई खबर गरेका थिए।

'तिनीहरू स्तब्ध भए,' बेनालीले भने, 'जब यस्तो केही हुन्छ, स्वाभाविक रूपमा तपाईंले आफ्नो वरपरको अवस्था जाँच गर्नुहुन्छ।' जब प्रहरी आइपुग्यो, बेनालीले थाहा पाए कि जाभेल मस्जिद मात्र लक्षित गरिएको थिएन। जम्मा नौवटा काटिएका सुँगुरका टाउकोहरू पेरिस र यसको नजिकैका उपनगरहरूमा मस्जिदहरूको ढोकामा छरिएका थिए, जसलाई फ्रान्सेली अधिकारीले विदेशी हस्तक्षेपको कार्यको रूपमा अनुसन्धान गरिरहेका छन्। 'विदेशी हस्तक्षेपको कार्य प्रमाणित भएका अघिल्ला कार्यसँग समानता देखाउनबाट कसैले रोक्न सक्दैन,' पेरिसका प्रहरी प्रमुख लरेन्ट नुनेजले एक पत्रकार सम्मेलनमा भने। पेरिस अभियोजकको कार्यालयका अनुसार सर्बियाली लाइसेन्स प्लेट भएको कार चलाउने दुई व्यक्तिहरू सेप्टेम्बर ८ को सोमबार साँझ नोर्मन्डीको उत्तरी क्षेत्रका एक किसानसँग 'लगभग १०' सुँगुरको टाउको किन्न पुगेका थिए।

इतिहासमा आज सेप्टेम्बर २३



सन् १९६५ : भारत र पाकिस्तानबिचको दोस्रो युद्ध समाप्त भयो। विवादास्पद कास्मिरलाई लिएर यी दुई देशबिच युद्ध भएको थियो।

सन् १८८९ : जापानी व्यवसायी फसुजिरो यामाउचीले क्वेटो सहरमा नाइनटेन्डो कोपाई नामक कम्पनी खोलेका थिए। यस कम्पनीले खेलसँग सम्बन्धित सामग्री उत्पादन गर्छ।

सन् १९३२ : साउदी अरेबियाको स्थापना। २३ सेप्टेम्बरलाई साउदी राष्ट्रिय दिवसको रूपमा मनाइन्छ।

सन् १९५२ : अमेरिकाका तत्कालीन उपराष्ट्रपतिका उम्मेदवार रिचार्ड निक्सनले आफूमाथि लागेको भ्रष्टाचारको आरोपको जवाफमा टेलिभिजनमा महत्त्वपूर्ण सम्बोधन गरेका थिए। सम्बोधनका क्रममा निक्सनले आफूले उपहारस्वरूप चेर्कस नामको कुकुर पाएको उल्लेख गरेपछि भाषणले निकै चर्चा पाएको थियो।

सन् १९६० : माली महासंघबाट सेनेगल बाहिरिएको थियो। सेनेगल बाहिरिएपछि अहिलेको माली नाम राखिएको थियो।

सन् १९७५ : तत्कालीन अमेरिकी राष्ट्रपति गेराल्ड फोर्डको हत्या प्रयास विफल भएको थियो। एफबिआईका सूचनाकार सारा जेन मोरले राष्ट्रपतिको हत्या प्रयास गरेकी थिइन्। तर, एफबिआईका तत्कालीन एजेन्ट ओलिभर सिपलले उनको प्रयास विफल पारिदिएका थिए।

सन् १९८० : इरानले इराकमा अतिक्रमण गरेपछि सन् १९८० मा इरान-इराक युद्ध भएको थियो। यसलाई शताब्दीकै डरलाग्दो र लामो युद्ध मानिएको छ। कसैको विजयविना सात वर्षपछि सो युद्ध समाप्त भएको थियो। युद्धमा दुवै देशमा ठुलो जनधनको क्षति भएको थियो।

जापानमा सय वर्ष बाँच्नेको संख्या एक लाख

जापानीको दीर्घजीवीको राज आहार मात्र होइन, उनीहरू जीवनको उत्तरार्द्धमा पनि सक्रिय रहन्छन्। अमेरिका र युरोपका वृद्धवृद्धाभन्दा उनीहरू बढी हिँड्छन् र सार्वजनिक यातायात प्रयोग गर्छन्।



जापानमा १०० वर्ष वा सोभन्दा माथिका उमेर समूहका मानिसहरूको संख्या लगभग एक लाख रहेको र यो एक रेकर्ड उच्चस्तरमा पुगेको त्यहाँको सरकारले घोषणा गरेको छ। स्वास्थ्य मन्त्रालयले सेप्टेम्बरसम्ममा जापानमा शताब्दी उमेर पुगेकाहरूको संख्या ९९,७६३ रहेको बताएको छ। ती कुल संख्यामध्ये, महिलाहरूको संख्या अत्यधिक ८८ प्रतिशत रहेको छ। जापानमा विश्वको सबैभन्दा लामो आयु छ, र प्रायः विश्वको सबैभन्दा वृद्ध जीवित व्यक्तिको घरको रूपमा परिचित छ। तथापि, केही अध्ययनले विश्वभर शताब्दी पुगेकाहरूको वास्तविक संख्यालाई चुनौती दिएको छ।

यो सबैभन्दा छिटो वृद्ध हुने समाजमध्ये एक हो, जहाँ बासिन्दाहरूले प्रायः स्वस्थ आहार खाने गर्छन्, तर जन्मदर कम हुन्छ। जापानको सबैभन्दा वृद्ध व्यक्ति ११४ वर्षीया सिगेको कागावा हुन्, जो नारा सहरको उपनगर यामातोकोरियामाकी महिला हुन्। त्यस्तै, सबैभन्दा वृद्ध पुरुष १११ वर्षीय कियोताका मिजुनो हुन्, जो तटीय सहर इवाताका हुन्। स्वास्थ्यमन्त्री ताकामारो फुकोकाले ८७ हजार ७८४ महिला र ११ हजार ९७९ शताब्दी वर्षका पुरुषलाई उनीहरूको दीर्घायुका लागि बधाई दिए। उनले 'समाजको विकासमा उनीहरूको धेरै वर्षको योगदानको लागि कृतज्ञता' व्यक्त गरे। सेप्टेम्बर १५ मा जापानको वृद्धाश्रम दिवसको पूर्वसन्ध्यामा यी तथ्यांक जारी गरिएको थियो। यस दिनलाई राष्ट्रिय दिवसको रूपमा मनाइन्छ, जहाँ नयाँ शताब्दी पुरुषले व्यक्तिहरूले प्रधानमन्त्रीबाट बधाईपत्र र चाँदीको कप प्राप्त गर्छन्। यस वर्ष ५२ हजार ३१० व्यक्ति यस्तो कदरका लागि योग्य रहेका स्वास्थ्य मन्त्रालयले जनाएको छ।

१९६० को दशकमा जापानको जनसंख्यामा जी-७ देशहरूको तुलनामा १०० वर्षभन्दा माथिका मानिसहरूको अनुपात सबैभन्दा कम थियो। तर, त्यसपछिका दशकहरूमा यो उल्लेखनीय रूपमा परिवर्तन भएको छ। जब जापान सरकारले १९६३ मा शताब्दी सर्वेक्षण सुरु गऱ्यो, त्यहाँ १०० वर्ष वा सोभन्दा माथिका १५३ जना थिए। त्यो संख्या १९८१ मा एक हजार पुगेको थियो र १९९८ सम्ममा १० हजार पुगेको थियो। जापानमा मोटोपनको दर कम छ, जुन स्तन र प्रोस्टेट क्यान्सर दुवै रोगहरूको प्रमुख कारक हो। महिलाहरूका लागि मोटोपनदर विशेष गरी कम छ, जसका कारण जापानी महिलाहरूको आयु उनीहरूका पुरुष समकक्षीहरूको तुलनामा धेरै उच्च छ। विश्वको बाँकी भागमा आहारमा चिनी र नुनको मात्रा बढ्दै जाँदा जापान अर्को दिशामा बढेको छ। सार्वजनिक स्वास्थ्य सन्देशले मानिसहरूलाई आफ्नो नुनको खपत कम गर्न सहयोग गऱ्यो।

आहार मात्र उनीहरूको दीर्घजीवीको राज होइन। जापानीहरू जीवनको उत्तरार्द्धमा पनि सक्रिय रहन्छन्। उनीहरू अमेरिका र युरोपका वृद्धवृद्धाभन्दा बढी हिँड्छन् र सार्वजनिक यातायात प्रयोग गर्छन्। दैनिक सामूहिक व्यायाम १९२८ देखि जापानी संस्कृतिको एक हिस्सा भएको छ, जुन समुदाय र जनस्वास्थ्यको भावनालाई प्रोत्साहित गर्न स्थापित भएको थियो। तीन मिनेटको दिनचर्या टेलिभिजनमा प्रसारित हुन्छ र देशभरका साना सामुदायिक समूहमा अभ्यास गरिन्छ। यद्यपि, धेरै अध्ययनहरूले विश्वव्यापी शताब्दी संख्याहरूको वैधतामा शंका व्यक्त गरेका छन्, जसले डेटा त्रुटि, अविश्वसनीय सार्वजनिक रेकर्ड र हराएको जन्म प्रमाणपत्र उच्च तथ्यांकका लागि जिम्मेवार छन्। २०१० मा जापानमा पारिवारिक दर्ताहरूको सरकारी लेखापरीक्षणले १०० वर्ष वा सोभन्दा माथिका रूपमा सूचीबद्ध दुई लाख ३० हजारभन्दा बढी व्यक्ति पत्ता लगाएको थियो जसमध्ये केहीको मृत्यु दसकौंअघि भएको थियो। स्वास्थ्यसम्बन्धी सचेतना, उचित खानपान, शिक्षालगायतका कारण जापानमा पाका मानिसहरूको संख्या निरन्तर बढिरहेको छ।

एजेन्सी

अर्थ पत्रिका
नयाँ पत्रिका
मंगलबार ७ असोज ०८२

जेन-जी आन्दोलनमा भएको क्षति

सवा २२ अर्बका २५ सयवटा बिमा दाबी

मिलन विश्वकर्मा/नयाँ पत्रिका

२३ र २४ भदौमा भएको जेन-जी आन्दोलनका कारण आउने बिमा दाबीमा सबैभन्दा धेरै रकमको दाबी सम्पत्ति बिमातर्फ देखिएको छ। आन्दोलनका कारण भएको क्षतिबाट आइतबारसम्म १४ ठुला र चार लघु निर्जीवन बिमा कम्पनीमा २२ अर्ब २५ करोड ६५ लाख रुपैयाँबराबरका दुई हजार चार सय ७८ वटा दाबी परिसकेका छन्। यद्यपि, करिब ३५ अर्ब रुपैयाँ हाराहारीमा दाबी पर्ने अनुमान गरिएको छ।

नेपाल बिमा प्राधिकरणबाट प्राप्त तथ्यांकअनुसार सम्पत्ति बिमातर्फ १८ अर्ब ६१ करोड आठ लाख रुपैयाँबराबरका पाँच सय ३८ वटा दाबी परेका छन्। रकमका आधारमा यो सबैभन्दा धेरै हो। सम्पत्ति बिमामा घर, होटेल, व्यवसायलगायतको जोखिम रक्षावरण हुन्छ। आन्दोलनका क्रममा काठमाडौंको नक्सालस्थित हिल्टन होटेल क्षतिग्रस्त भएको छ। उक्त कम्पनीले बिमा गरेको कम्पनी दी ओरिएन्टलमा झन्डै पाँच अर्ब हाराहारीमा दाबी पेस गरेको छ। यस्तै, भाटभाटेनी सुपरमार्केटको विभिन्न आउटलेटलाई पनि तोडफोड तथा आगजनी गरिएको थियो। भाटभाटेनीले आउटलेटअनुसार फरक-फरक कम्पनीमा बिमा गरेको थियो। भाटभाटेनीबाट पनि अर्बौंमा दाबी परेको कम्पनीहरू बताउँछन्। विभिन्न निजी घर तथा व्यवसायमा समेत तोडफोड तथा आगजनी भएका छन्, त्यसमा बिमा गरेकाहरूले सम्बन्धित कम्पनीमा दाबी पेस गरेका छन्।

■ कुन क्षेत्रबाट कति दाबी ?

सम्पत्ति बिमा	१८ अर्ब ६१ करोड ८ लाख रुपैयाँ (५३८ वटा)
मोटर बिमा	२ अर्ब ९५ करोड २६ लाख रुपैयाँ (१७७८ वटा)
इन्जिनियरिङ तथा ठेकदार जोखिम	३३ करोड ३६ लाख रुपैयाँ (१३२ वटा)
परिवहन बिमा	१ करोड ५५ लाख रुपैयाँ (११ वटा)
अन्य बिमा	३४ करोड ३८ लाख रुपैयाँ (१९ वटा)

■ कुन प्रदेशबाट कति दाबी ?

कोशी	१ अर्ब ६५ करोड ३ लाख रुपैयाँ (३२२ वटा)
मधेश	५५ करोड २८ लाख रुपैयाँ (२४६ वटा)
बागमती	१७ अर्ब ९७ करोड ७२ लाख रुपैयाँ (१३४३ वटा)
गण्डकी	१ अर्ब २९ करोड १ लाख रुपैयाँ (१८४ वटा)
लुम्बिनी	४५ करोड ६९ लाख रुपैयाँ (२०२ वटा)
कर्णाली	८ करोड ९३ लाख (२२ वटा)
सुदूरपश्चिम	२३ करोड ९६ लाख रुपैयाँ (१५९ वटा)

नेपाल बिमक संघका निवर्तमान अध्यक्ष चंकी क्षेत्री भन्छन्-



यो विषम परिस्थितिलाई लक्षित गर्दै केही रकम अग्रिम दाबी भुक्तानीमा दिनेछौं। अन्तिम दाबी प्रक्रिया भने आवश्यक प्रक्रिया पूरा गरेर दिनेछौं। दाबी भुक्तानी प्रक्रिया द्रुत गतिमा अघि बढ्नेछ।

संख्याका आधारमा मोटरमा धेरै दाबी

संख्याका आधारमा मोटर बिमातर्फ धेरै दाबी परेको छ। मोटर बिमातर्फ १७ सय ७८ वटा दाबी परेका छन्। रकमका आधारमा भने त्यो दुई अर्ब ९५ करोड २६ लाख रुपैयाँबराबरको दाबी परेको छ। आन्दोलनका क्रममा सिंहदरबारसहित विभिन्न कम्पनी तथा सडकमा राखिएका गाडी तथा बाइकहरू जलाइएको थियो। त्यसले गर्दा यस क्षेत्रबाट पनि धेरै संख्यामा दाबी आएको छ।

यस्तै, इन्जिनियरिङ तथा ठेकदार जोखिम बिमाअन्तर्गत ३३ करोड ३६ लाख रुपैयाँबराबरका एक सय ३२ वटा दाबी परेका छन्। यस्तै, पारवहन (ढुवानी) बिमाअन्तर्गत एक करोड ५५ लाख रुपैयाँबराबरका ११ र अन्य बिमाअन्तर्गत ३४ करोड ३८ लाख रुपैयाँबराबरका १९ वटा दाबी परेको तथ्यांकमा उल्लेख छ।

प्रदेशका आधारमा बागमतीबाट धेरै

तथ्यांकअनुसार बागमती प्रदेशबाट सबैभन्दा धेरै दाबी परेको छ। आन्दोलनको इपिसेन्टर नै काठमाडौंमा थियो। काठमाडौंमा धेरै मात्रामा भौतिक क्षति भएको छ। त्यसले गर्दा यही क्षेत्रबाट धेरै दाबी आएको कम्पनीहरू बताउँछन्। तथ्यांकअनुसार बागमती प्रदेशबाट १७ अर्ब ९७ करोड ७२ लाख रुपैयाँबराबरका एक हजार तीन सय ४३ वटा दाबी परेका छन्।

यस्तै, कोशी प्रदेशबाट एक अर्ब ६५ करोड तीन लाख रुपैयाँबराबरका तीन सय २२, मधेश प्रदेशबाट ५५ करोड २८ लाख रुपैयाँबराबरका दुई सय ४६, गण्डकी प्रदेशबाट एक अर्ब २९ करोड एक लाखबराबरका एक सय ८४, लुम्बिनी प्रदेशबाट ४५ करोड ६९ लाख रुपैयाँबराबरका दुई सय दुई, कर्णाली प्रदेशबाट आठ करोड ९३ लाख रुपैयाँबराबरका २२ र सुदूरपश्चिम प्रदेशबाट २३ करोड ९३ लाख रुपैयाबराबरका एक सय ५९ वटा बिमा दाबी परेका छन्।

यो हकवालाले गरेको दाबी मात्रै हो। अब सर्भेयरले बिमा दाबीयोग्य क्षतिको मूल्यांकन गर्नेछन्। त्यसका आधारमा अन्तिम दाबी रकम निर्क्योल गरिनेछ। त्यस्तो गर्दा प्रक्रिया केही लामो हुन सक्नेछ। यद्यपि, तत्काल केही रकम अग्रिम दाबी भुक्तानी दिने तयारीमा बिमा कम्पनीहरूमा छन्। नियामक निकाय नेपाल बिमा प्राधिकरणले पनि यसअघि नै यसअन्तर्गतको दाबी प्रक्रिया छिटो-छरितो र सहज बनाउन निर्देशन दिनेछ।

अर्थमन्त्री खनालसँग अमेरिकी राजदूत, आइएमएफ र एडिबी प्रतिनिधिको भेट

सरकारी संरचना पुनर्निर्माणमा सघाउने प्रतिबद्धता



एडिबीका कन्ट्री डाइरेक्टर आर्नो कोस्वासँग छलफल गर्दै अर्थमन्त्री रामेश्वर खनाल

नयाँ पत्रिका

जेन-जी आन्दोलनका क्रममा ध्वस्त भएका सरकारी संरचना पुनर्निर्माण गर्ने सरकारी पहलमा विकास साझेदारहरूले सघाउने प्रतिबद्धता जनाएका छन्। अन्तर्राष्ट्रिय मुद्राकोष, एसियाली विकास बैंक र नेपालस्थित अमेरिकी दूतावासका प्रतिनिधिले सोमबार दिउँसो अर्थमन्त्री रामेश्वर खनालसँग छुट्टा-छुट्टै भेट गरी सरकारले ल्याउने आर्थिक सुधारका कार्यक्रममा सहकार्य गर्न चाहेको सन्देश दिएका हुन्।

सोमबार दिउँसो अन्तर्राष्ट्रिय मुद्राकोष (आइएमएफ)का नेपाल मिसन प्रमुख जहान सर्वतसँग हालै नेपालमा विकसित राजनीतिक घटनाक्रमले अर्थतन्त्रमा पार्न सक्ने प्रभाव र आर्थिक सुधारका कार्यक्रमको निरन्तरताका विषयमा मन्त्री खनालको भर्चुअल बैठक भएको थियो।

उनले सुशासन र स्वदेशमा नै रोजगारी सिर्जना गर्ने मागलाई प्राथमिकताका साथ कार्यान्वयन गर्न सरकार कटिबद्ध रहेको जानकारीसमेत गराएका थिए। मन्त्री खनालले भुर्चअल बैठकमा अन्तर्राष्ट्रिय मुद्राकोषको सुझाव लिएर कार्यान्वयन भइरहेको आर्थिक सुधारका कार्यक्रमलाई थप तीव्रता दिइने पनि बताए। अन्तर्राष्ट्रिय मुद्राकोषको सहयोगमा कार्यान्वयन भइरहेको विस्तारित कर्जा सुविधाको कार्यान्वयनको अवस्था समीक्षा गरी यसको छैटौं समीक्षा प्रतिवेदन छिट्टै अन्तर्राष्ट्रिय मुद्राकोषको बोर्ड बैठकमा पेस गर्ने विषयमा समेत छलफल भएको मन्त्रालयले जनाएको छ।

अन्तर्राष्ट्रिय मुद्राकोषका मिसन प्रमुख जहानले नेपालमा आर्थिक सुधारका कार्यक्रममा नयाँ सरकारसँग मिलेर काम गर्न तयार रहेको जानकारी गराएका थिए। उक्त बैठकमा कोषका नेपालस्थित आवासीय प्रतिनिधि प्रणव गुप्ताको समेत उपस्थिति थियो।

मन्त्री खनालले सोमबार दिउँसो नै एसियाली विकास बैंक (एडिबी)का कन्ट्री डाइरेक्टर आर्नो कोस्वासँग छलफल गरेका थिए। उनले पनि नेपालको परिवर्तित सन्दर्भमा लागू हुने गरी आर्थिक विकासका क्षेत्रमा सरकारसँग मिलेर काम गर्न तयार रहेको जानकारी गराए। उक्त बैठकमा निर्देशक कोस्वाले नेपालमा विकसित राजनीतिक घटनाक्रमले अर्थतन्त्रमा पार्न सक्ने प्रभाव र एसियाली विकास बैंकको सहयोगमा सञ्चालित कार्यक्रमको निरन्तरताका विषयमा अर्थमन्त्री खनालको राय पनि लिएका थिए। त्यसपछि मन्त्री खनालले ऊर्जा, भौतिक पूर्वाधार, खानेपानी तथा विभिन्न विकास आयोजनालगायतका क्षेत्रमा एडिबीले महत्त्वपूर्ण भूमिका खेलेको भन्दै प्रशंसा गरेका थिए। उनले एडिबीको ऋण, अनुदान वा प्राविधिक सहायतामा सञ्चालित चालू आयोजनालाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरे।

एमसिसी समयमै सक्न अमेरिकाले खोज्यो प्रतिबद्धता

अर्थमन्त्री रामेश्वर खनालसँग सोमबार दिउँसो भेट गरेका नेपालस्थित अमेरिकी राजदूत डिन आर थम्पसनले एमसिसीको सहयोगमा सञ्चालित परियोजनाहरू समयमै सम्पन्न गर्ने कार्यमा सरकारको थप प्रतिबद्धता आवश्यक रहेको बताएका छन्। अर्थमन्त्री खनालले पनि उक्त परियोजनाहरूको सफल कार्यान्वयनका लागि सरकारको तर्फबाट गर्नुपर्ने कार्यमा ढिलाई नहुने विश्वास दिलाए। अर्थमन्त्री खनालले नेपालको सामाजिक तथा आर्थिक विकासमा अमेरिकाले गर्दै आएको निरन्तर सहयोगको उच्च प्रशंसा गरेका थिए। राजदूत थप्सनले पनि हालको परिवर्तित अवस्थामा अमेरिका नेपालको साथमै रहेको र थप सहयोग गर्नेबारे छलफल गरेका थिए।

मन्त्री खनालले राजदूत थम्पसनलाई निर्वाचनसँगै पुनर्निर्माण योजना र सहुलियत प्याकेजका माध्यमबाट निजी क्षेत्रको मनोबल माथि उठाउने कार्यमा खटिएको जानकारी गराएका थिए।

निजी क्षेत्रलाई सम्बोधन गरेर अर्थतन्त्र चलायमान बनाउने प्रयास

जेन-जी आन्दोलनले निजी क्षेत्रमा ८० अर्बको क्षति भएको प्रारम्भिक तथ्यांक सार्वजनिक भएको छ। ठुलो क्षति व्यहोरेको निजी क्षेत्रको मनोबल उकासेर अर्थतन्त्र चलायमान बनाउन अर्थमन्त्री रामेश्वर खनाल र गभर्नर डा. विश्वनाथ पौडेल सक्रिय भएका छन्। अर्थमन्त्री खनालले ३१ भदौमा उद्योग वाणिज्य महासंघ, चेम्बर अफ कमर्स, उद्योग परिसंघ, अटोमोबाइल व्यवसायी, चौधरी तथा भाटभटेनी समूहका प्रतिनिधिलगायतसँग छलफल गरी सुझाव संकलन गरेका थिए। त्यस क्रममा निजी क्षेत्रले कर सहुलियत, सहुलियतपूर्ण कर्जा र बिमा दाबी यथाशीघ्र भुक्तानीको व्यवस्था मिलाउन आग्रह गरेका थिए। लगत्तै अर्थ मन्त्रालयले आर्थिक ऐनअनुसार भ्याट, अन्तःशुल्क, अग्रिम कर कट्टी, शिक्षा सेवा शुल्क तथा विलासिता शुल्कको विवरण र कर रकम तिर्नुपर्ने म्याद २५ भदौसम्म रहेकोमा एक महिना बढाएर २५ असोजसम्म कायम गरिएको छ। त्यस्तै, अन्तर्राष्ट्रिय कार्डबाट पनि राजस्व भुक्तानी गर्न पाउने व्यवस्था लागू गरिएको छ।

अर्थमन्त्री खनालले पुँजी बजारको समस्या समाधान गर्न गत शुक्रबार तीन सदस्यीय कार्यदलसमेत गठन गरेका छन्। राष्ट्र बैंकसँगको छलफलमा सहुलियतपूर्ण कर्जाको ब्याज अनुदानबापतको रकम निकासा हुनुपर्ने विषय उठेपछि अर्थले गत शनिबार नौ अर्ब ८० करोड रुपैयाँ निकासा गरिसकेको छ। सामाजिक सुरक्षा कोषले साउनको कोषमा दाखिला गर्नुपर्ने रकमको ५ असोजसम्म पुऱ्याइएको थियो।

कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित तथा उद्योग विभागबाट इजाजत पत्र प्राप्त

SY Panel Nepal Limited

एसवाई प्यानल नेपाल लिमिटेड
SY Panel Nepal Limited

रजिष्टर्ड कार्यालय : काठमाण्डौ महानगरपालीका, वडा नं. ३२, तिनकुने, काठमाण्डौ, उद्योग कार्यालय :रत्ननगर नगरपालिका, वडा नं. १४, चितवन,
फोन न.: ०१-४१११७०४, इमेल : synepal34@gmail.com , वेभसाइट : www.synepal.com

उद्योग प्रभावित क्षेत्रका स्थानिय बासिन्दाहरू र वैदेशिक रोजगारीमा रहेका नेपालीहरूको निमित्त साधारण शेयर निष्काशन तथा बिक्री खुल्ला गरिएको बारे सूचना

एसवाई प्यानल नेपाल लिमिटेडले आफ्नो जारी पूँजी रु.१,३०,८१,३७,१००।- (एक अर्ब तिस करोड एकासी लाख सैतिस हजार एक सय) को ४०% अर्थात् ५२,३२,५४८ (बाउन्न लाख बत्तिस हजार पाँच सय अठ्चालीस) कित्ता साधारण शेयर सर्वसाधारणको लागि निष्काशन गर्नेछ। जस मध्ये यस विवरण मार्फत जारी पूँजीको २% अर्थात रु.२,६१,६२,७००/- (दुई करोड एकसट्ठी लाख बासट्ठी हजार सात सय) रकम बराबरको रु.१०० अंकित दरका २,६१,६२७ कित्ता साधारण शेयर उद्योग प्रभावित क्षेत्रका बासिन्दाहरुका लागि तथा सार्वजनिक निष्काशन गरिने शेयरको १० प्रतिशत अर्थात रु.४,९७,०९,२००/- (चार करोड सन्तानब्बे लाख नौ हजार दुई सय) रकम बराबरको रु.१००/- अंकित दरका ४,९७,०९२ कित्ता शेयरहरु नेपाल सरकारको सम्बधित निकायबाट श्रम स्वीकृत प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरुका लागि **आज मिति २०८२ असोज ०७ गते मंगलबारदेखि** निष्काशन तथा बिक्री खुल्ला गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ।

आयोजना प्रभावित क्षेत्र	छुट्टाइएको शेयर संख्या	पूँजी रकम (रु)
प्रभावित क्षेत्र : चितवन जिल्ला रत्ननगर नगरपालिका सम्पूर्ण वडाहरु	२,६१,६२७	२,६१,६२,७००/-
जम्मा	२,६१,६२७	२,६१,६२,७००/-

उद्योग प्रभावित क्षेत्रका वासिन्दाहरुका लागि		वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि	
दरखास्त दिनुपर्ने न्युनतम कित्ता :	१० कित्ता	दरखास्त दिनुपर्ने न्युनतम कित्ता :	१० कित्ता
दरखास्त दिन पाउने अधिकतम कित्ता :	५०,००० कित्ता	दरखास्त दिन पाउने अधिकतम कित्ता :	५०,००० कित्ता

दरखास्तसाथ भुक्तानी गर्नुपर्ने रु. १००/- प्रति शेयरको दरले

सि.नं.	विवरणपत्र प्राप्त गर्ने स्थानको नाम र ठेगाना
१.	प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाडौं, नेपाल, वेवसाइट : www.prabhucapital.com फोन नं.– ०१- ४१६९१००, ०१-५९७०२००
२.	श्री एसवाई प्यानल नेपाल लिमिटेड, तिनकुने, काठमाण्डौं वेवसाइट :www.synepal.com
३.	नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुरको वेवसाइट, www.sebon.gov.np
सि.नं.	दरखास्त फारम प्राप्त गर्न र बुझाउने स्थान : उद्योग स्थापित क्षेत्रका स्थानीय बासिन्दाहरुको लागि देहाय बमोजिमका स्थानहरुबाट भौतिक रुपमा दरखास्त फारम लिने व्यवस्था गरिएको छ :
१.	१. श्री एसवाई प्यानल नेपाल लिमिटेड, रत्ननगर नगरपालिका, वडा नं. १४, चितवन। २. प्रभु क्यापिटल लिमिटेडको कमलादी तथा यस क्यापिटलले निर्माण गरिएको अनलाईन https:// ipoapply.prabhucapital.com लिङ्क मा गई आवेदन दिन सक्नेछन्। ३. प्रभु बैंक लिमिटेड सौराहा शाखा, चितवन। ४. प्रभु बैंक लिमिटेड टाँडी शाखा, चितवन।
	उद्योग रहेको क्षेत्रका स्थानीय बासिन्दाले शेयर खरीद आवेदन प्राप्त गर्नका लागि दरखास्त फारम वापत रु.२/-(दुई रुपैया) शुल्क बुझाउनु पर्नेछ।
२.	वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि दरखास्त फाराम प्राप्त गर्ने र दरखास्त बुझाउने स्थानहरु : नेपाल धितोपत्र बोर्डबाट स्वीकृती प्राप्त गरेका सम्पूर्ण सि-आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तिय संस्थाहरु तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "मेरो सेयर" अनलाइन प्रयोग गरि सिआस्वा प्रणाली मार्फत आवेदन दिन सकिनेछ।

उद्योग प्रभावित क्षेत्रका वासिन्दाहरुका लागि साधारण शेयरको बिक्री खुल्ला अवधि		वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि साधारण शेयरको बिक्री खुल्ला अवधि	
निष्काशन खुल्ला मिति :	२०८२/०६/०७	निष्काशन खुल्ला मिति:	२०८२/०६/०७
निष्काशन बन्द हुने मिति (छिटोमा) :	२०८२/०६/२१ (बैंकिङ्ग समय पश्चात्)	निष्काशन बन्द हुने मिति:	२०८२/०६/१० (बैंकिङ्ग समय पश्चात्)
निष्काशन बन्द हुने मिति (ढिलोमा) :	२०८२/०७/०५ (बैंकिङ्ग समय पश्चात)	निष्काशन बन्द हुने मिति (ढिलोमा) :	२०८२/०६/२१ (बैंकिङ्ग समय पश्चात)

कम्पनीको नेटवर्थ सम्बन्धी विवरण

विवरण	वास्तविक			अपरिष्कृत	प्रक्षेपित		
	२०७८/७५	२०७५/८०	२०८०/८१	२०८१/८२	२०८२/८३	२०८३/८४	२०८४/८५
प्रति शेयर आम्दानी रु.	३.०७	४.८७	५.३५	८.८१	९.२१	१०.४३	१३.५४
प्रति शेयर नेटवर्थ रु.	९६.६३	१०१.२८	१०६.६१	११५.४२	११७.४६	१२७.८०	१४१.२४
संचित नाफा नोक्सान	(२२,४०६,९५२)	१०,०१०,७७१	५१,८८८,९८९	१२१,०३३,४१७	२२८,३४४,५६५	३६३,६७३,१६३	५३९,४३८,६२३

क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण :

यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (सातौं संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्युअर रेटिङ्ग गराउनु पर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लिमिटेड डिल्लीबजार ,काठमाडौंबाट इस्यूअर रेटिङ्ग गराई [ICRANP-IR] BB+ (Pronounced ICRA NP Issuer Rating double B Plus) रेटिङ्ग प्राप्त गरेको छ। [ICRANP-IR] BB+ ले "Considered to have Moderate Risk of Default in the Timely Servicing of Financial Obligations" रहेको जनाउँदछ। जसले कम्पनीको समयमै वित्तीय दायित्व पूरा गर्न मध्यम सुनिश्चितता रहेको जनाउंछ। ईक्रा नेपाल लिमिटेडले [ICRANP-IR] AAA देखि [ICRANP-IR] D सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा ग्रेड ICRANP-IR]AAA ले बलियो आधार जनाउँछ, [ICRANP - IR] D ले कमजोर आधार जनाउँदछ भने रेटिङ्ग संकेत पछाडी रहने (जोड) वा (घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितिलाई जनाउँदछ।

रेटिङ्ग ग्रेड प्रदान गरेको मितिः २०८२/०५/३१ रेटिङ्ग ग्रेड बहाल रहने अवधि २०८३/०५/३०

लगानी कर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा लिखित वा विद्युतीय माध्यमबाट आवेदन दिँदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनुहुन अनुरोध गर्दछौं ।

यस निष्काशन सम्बन्धी विस्तृत जानकारीको लागि मिति २०८२ भदौ २१ गतेको "नयाँपत्रिका" राष्ट्रिय दैनिकमा प्रकाशित आव्हान-पत्र वा निष्काशन कम्पनीको वेभसाइट www.synepal.com, नेपाल धितोपत्रबोर्डको वेभसाइट www.sebon.gov.np अथवा निष्काशन तथा बिक्री प्रबन्धकको वेभसाइट www.prabhucapital.com मा रहेको विवरण पत्र हेर्नुहुन अनुरोध गर्दछौं।

यस विवरणपत्र मार्फत निष्काशन भएका शेयरहरु मध्ये आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको लागि बिक्री वितरण गरेको शेयर सर्वसाधारणका लागि निष्काशन गरिएको शेयर बॉडफाँट भएको मितिले तीन वर्ष पूरा नभए सम्म अरु कसैलाई कई बिक्री वा हस्तान्तरण गर्न पाइने छैन ।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक

prabhu CAPITAL
(A Subsidiary of Prabhu Bank Limited)

प्रभु क्यापिटल लिमिटेड
कमलादी, काठमाडौं, नेपाल, फोन नं.: ०१-४१६५१००, ५५७०२००
Email : info@prabhucapital.com, Web: www.prabhucapital.com

पुँजीगत लाभकर ३ प्रतिशतमा झार्न लगानीकर्ताको सुझाव

काठमाडौं/ सेयर किनबेचमा लाग्ने पुँजीगत लाभकरको दर घटाउन लगानीकर्ताले सुझाव दिएका छन्। सेयर लगानीकर्ता संघ नेपाल, नेपाल पुँजी बजार लगानीकर्ता संघ र स्वतन्त्र पुँजी बजार लगानीकर्ता संघका प्रतिनिधिहरूले सोमबार अर्थमन्त्री रामेश्वर खनाललाई भेटेर यस्तो सुझाव दिएका हुन्।

अहिले छोटो अवधिको सेयर कारोबारमा ७.५ प्रतिशत र लामो अवधिको कारोबारबाट प्राप्त लाभमा ५ प्रतिशत पुँजीगत लाभकर लाग्ने व्यवस्था छ। यसलाई परिमार्जन गरेर छोटो अवधिको लाभमा ५ प्रतिशत र लामो अवधिको लाभमा ३ प्रतिशत कायम गर्न उनीहरूले सुझाव दिएका हुन्।

बैंक तथा वित्तीय संस्थालाई दोस्रो बजारमा सहज कारोबार गर्न दिनुपर्ने माग पनि उनीहरूको छ। बैंक तथा वित्तीय संस्थाले व्यक्तिगत रूपमा एकल परिवारलाई ऋण प्रवाह गर्ने २५ करोडको सीमा पूर्ण रूपमा खारेज गर्नुपर्ने माग राखिएको छ। त्यस्तै, लघुवित्त वित्तीय संस्थाले २५ प्रतिशतभन्दा बढी लाभांश वितरण गर्न नपाउने हालको व्यवस्था खुला अर्थनीतिको सिद्धान्तविपरीत रहेको उनीहरूको भनाइ छ।



जलविद्युत्को आइपिओ रोक्न मिल्दैन : मन्त्री खनाल

काठमाडौं/ अर्थमन्त्री रामेश्वरप्रसाद खनालले जलविद्युत् कम्पनीलाई बत्ती बलेपछि मात्रै आइपिओ अनुमति दिन उचित हुने सुझाव दिइएको भए पनि कानुन नबन्दै अनुमति रोक्न नमिल्ने बताएका छन्। सोमबार स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान)को प्रतिनिधिमण्डलसँग भेट गर्दै अर्थमन्त्री खनालले जलविद्युत् कम्पनीको आइपिओ जारी गर्ने सम्बन्धमा थप कानुन नबन्दै निवेदन दिइसकेका कम्पनीको आइपिओ रोक्न नमिल्ने बताएका हुन्।

उक्त भेटमा जलविद्युत् कम्पनीहरूको धितोपत्रको निष्कासन तथा बिक्रीबारे छलफल गर्दै इप्पानका अध्यक्ष गणेश कार्कीले धितोपत्र बोर्डले २८ महिनादेखि जलविद्युत् कम्पनीको आइपिओ रोकेका कारण प्रवर्द्धक र राज्यलाई गरी समग्रमा एक खर्ब रुपैयाँभन्दा बढीको आर्थिक नोक्सानी भइसकेको बताए। त्यस्तै, उनले पाइपलाइनमा भएका चार दर्जन कम्पनीको २३ अर्ब रुपैयाँभन्दा बढीको सार्वजनिक निष्कासन यथाशीघ्र गरिनुपर्ने, जलविद्युत् कम्पनीहरूलाई आइपिओको अनुमति पाउन नेटवर्थ नचाहिने व्यवस्था गरिनुपर्ने माग राखे।

भौतिक पूर्वाधारमन्त्री घिसिङ स्थलगत निरीक्षणमा

पहिरोले अवरुद्ध कोदारी राजमार्ग सञ्चालन



दिउँसो १२ बजे धुलिखेल सडकको निरीक्षण



दिउँसो दुई बजे मध्य भोटेकोशीमा



चार बजेतिर कोदारी राजमार्ग सञ्चालनमा ल्याए

नयाँ पत्रिका

भौतिक पूर्वाधार र सहरी विकास मन्त्रालयको समेत जिम्मेवारी सम्हालेका ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री कुलमान घिसिङले सोमबार धुलिखेलदेखि तातोपानीसम्म पुगेर सडक निरीक्षण गरेका छन्। उनले भोटेकोशी गाउँपालिका इर्कु पुगेर करिब दुई महिनादेखि ठप्प रहेको कोदारी राजमार्ग सञ्चालनमा ल्याई तातोपानी भन्सारसमेत खुलाएका छन्।

सोमबार बिहान ११ बजे निवासबाट निस्केका मन्त्री घिसिङ करिब १२ बजेतिर काभ्रेको धुलिखेल पुगेका थिए। त्यस क्रममा उनले सूर्यविनायक-धुलिखेल (धुलिखेल खावा) सडकको अनुगमन गर्दै निर्माण प्रगतिबारे जानकारी लिए। उनले चाडपर्वलाई लक्षित गर्दै सडकका खाल्डाखुल्डी तत्काल मर्मत गरी यातायात आवागमनलाई सहज बनाउन निर्देशनसमेत दिए। सूर्यविनायक-धुलिखेल १५.८ किलोमिटर सडकलाई ६ लेनमा विस्तार कार्य भइरहेको छ।

मन्त्री घिसिङ दिउँसो दुई बजे एक सय दुई मेगावाटको मध्य भोटेकोशी आयोजनाको निरीक्षणका लागि पुगेका थिए। निर्माण सम्पन्न भई हाल व्यावसायिक रूपमा विद्युत् उत्पादनका लागि आवश्यक ७२ घण्टे परीक्षण उत्पादन भइरहेको आयोजनाले उनलाई जानकारी दिएको थियो।

घिसिङ कोदारी राजमार्गका चारवटा पहिरो छिचोल्दै करिब चार बजे भोटेकोशी गाउँपालिकाको इर्कु पुगेका थिए। जहाँ पाँचौं पहिरो खसेर राजमार्ग नै अवरुद्ध भएको थियो। चीनसँगको प्रमुख व्यापारिक नाका तातोपानीसँग जोड्ने कोदारी राजमार्ग मर्मत गरी सञ्चालनका लागि घिसिङले यसअघि नै निर्देशन दिएका थिए। सोमबार दिउँसोदेखि पहिरो पन्छाएर सो राजमार्ग सञ्चालनमा आएको छ। साउन पहिलो साताको पहिरोले अवरुद्ध सडक करिब दुई महिनापछि घिसिङको पहलमा सञ्चालनमा आएको हो।

प्रविधिमैत्री बन्दै पोखराका ट्याक्सीचालक सञ्चालनमा ल्याए 'मुभइन' एप

कास्कीमा **रोहितराज पराजुली**



राइड सेयरिङको विरोध गर्दै आएका पोखराका ट्याक्सी व्यवसायीले अहिले आफ्नै लगानीमा ट्याक्सी सेवालाई समयसापेक्ष एवं प्रविधिमैत्री बनाउने भन्दै 'मुभइन' एप सञ्चालनमा ल्याएका छन् ।

आइटी इन्जिनियर रविन तिवारीको नेतृत्वमा अन्य प्राविधिकसँगै ६० जनाको टोलीले एक वर्ष लगाएर स्वदेशी सिप र लगानीमा तयार गरेको एपको पोखरेली ट्याक्सी सेवा प्रालि, मुभइन प्रालि, स्किल इनोभेसनसँगै विभिन्न व्यवसायीको लगानीमा सोमबारदेखि सुरुवात गरिएको हो ।

मुभइन प्रालिका सिइओ प्रमेश पराजुलीका अनुसार नेपालीले आफ्नै सिप र लगानीमा बनाएको यो नेपालमै पहिलो एप रहेको बताए । एपमा सार्वजनिक सवारीहरू मात्र जोडिने बताउँदै हाल ट्याक्सी सेवा मात्र एपमार्फत सञ्चालन हुन पाउने बताए । राइड सेयरिङको जस्तो निजी कार र मोटरसाइकल भने हाललाई नजोडिएको उनले बताए । गण्डकी प्रदेश सरकारले राइड सेयरिङका लागि कस्तो नीति बनाउँछ, सोहीअनुसार थप अन्य सवारी जोड्दै जाने पराजुलीको भनाइ छ ।

पोखरेली ट्याक्सी सेवा प्रालिको समेत लगानी रहेको एपमा हाल समितिमा आबद्ध एक हजारभन्दा बढी ट्याक्सी आबद्ध भइसकेको उनले बताए । हाललाई प्रयोग निःशुल्क गरिएको एपलाई पोखरामा सफल भएपछि बिस्तारै देशभर लैजाने गरी तयारी गरिएको उनले बताए । हाललाई निःशुल्क गरिए पनि पछि केही शुल्क लिने र हाल प्रयोगमा रहेका अन्य एपको भन्दा कम मूल्यमा सेवा लिन सक्ने उनले बताए ।

पराजुलीका अनुसार हाल पोखरामा दुई हजार ट्याक्सी रहेको र तीमध्ये करिब एक हजार आठ सय सञ्चालनमा रहेको बताए । सिजनमा दैनिक तीनदेखि चार हजार र अफसिजनमा एक हजार पाँच सयसम्म एक ट्याक्सीले कमाइ गर्ने गरेको उनले बताए ।

शुभारम्भ कार्यक्रममा यातायात व्यवसायी राष्ट्रिय महासंघका वरिष्ठ उपाध्यक्ष सरोज सिटौलाले निजीलाई हटाएर राइड सेयरिङको नियम कार्यान्वयन गर्नुपर्ने बताए । व्यवसायीहरू अब समयसापेक्ष एंव प्रविधिमैत्री हुनुपर्नेमा जोड दिँदै नेपालीले आफ्नै लगानीमा तयार गरेको यो एपलाई देशभर लैजान आवश्यक रहेको र यसका लागि महासंघले सहयोग गर्ने बताए ।

महासंघका ट्याक्सी हेर्ने उपाध्यक्ष प्रकाशमणि तिवारीले एप सञ्चालनमा आएसँगै आजैदेखि अब चोक-चोकमा 'हाउ मच' भन्दै भाडा बार्गेनिङ गर्ने चलनको अन्त्य हुने बताए ।

आइएमई लाइफमा आबद्धलाई ओम कपन डेन्टलमा ५० प्रतिशतसम्म छुट

काठमाडौं/ आइएमई लाइफ इन्स्योरेन्स कम्पनीका बिमित, अभिकर्ता तथा कर्मचारीले ओम कपन डेन्टलमा ५० प्रतिशतसम्म छुट पाउने भएका छन् । आइएमई लाइफका ग्राहकलाई छुट प्रदान गर्न दुवै पक्षबिच सम्झौता भएको छ । सम्झौताअनुसार ग्राहकले स्केलिङमा ५० प्रतिशतसम्म र अन्य चेकअप तथा उपचार सेवामा २५ प्रतिशतसम्म छुट पाउनेछन् । छुट सुविधा प्राप्त गर्न बिमितले कम्पनीको आइएमई लाइफ मोबाइल एपमा रहेको प्रिभिलेज कार्ड देखाउनुपर्नेछ । त्यस्तै, अभिकर्ता तथा कर्मचारीले भने कम्पनीले जारी गरेको आधिकारिक परिचयपत्र पेस गरी उक्त छुट सुविधाको लाभ लिन सक्नेछन् ।

सिद्धार्थ उद्योग वाणिज्य संघले दसैँ सस्तो बजार सञ्चालन गर्ने

भैरहवा/ सिद्धार्थ उद्योग वाणिज्य संघ, रुपन्देहीले ८ देखि १२ असोजसम्म भैरहवामा दसैँ सस्तो बजार सञ्चालन गर्ने भएको छ । सोमबार भैरहवामा पत्रकार सम्मेलन गरी संघले आफ्नै कार्यालयपरिसरमा दसैँ सस्तो बजार सञ्चालन गर्न लागेको अध्यक्ष नेत्रप्रसाद आचार्यले बताए ।



पाँच दिनसम्म सञ्चालन हुने दसैँ सस्तो बजारमा दैनिक उपभोग्य खाद्यान्न, भाँडा, जुत्ता-चप्पल, घरेलु उत्पादनलगायतका १४ वटा स्टल रहने संघका अध्यक्ष आचार्यले जानकारी दिए । बिहान ११ बजेदेखि बेलुकी ७ बजेसम्म सञ्चालन हुने सस्तो बजारमा ५० देखि ६० लाख रुपैयाँसम्मको कारोबार हुने संघले अनुमान गरेको छ ।

आमउपभोक्तालाई सस्तो, सुलभ र गुणस्तरीय वस्तु तथा सेवाहरू एकै थलोबाट उपलब्ध गराउने, स्वदेशी तथा स्थानीय उत्पादनको उपभोग प्रवर्द्धन गर्ने, उचित मूल्यबारे उपभोक्ता सचेतना बढाउने, उपभोक्तालाई सस्तो सामान उपलब्ध गराउन निःशुल्क स्टल उपलब्ध गराउने र दसैँ, तिहार, छठलगायतका महान् पर्वहरूमा स्थानीय बजारलाई सक्रिय बनाउने बजारको मुख्य उद्देश्य रहेको संघका निवर्तमान अध्यक्ष ठाकुरकुमार श्रेष्ठले बताए ।

दसैँ सस्तो बजारमा बाहिर बजारभन्दा केही प्रतिशत छुट प्रदान गरिने र स्वदेशी बजारमा किनमेल गर्न उपभोक्तालाई उत्प्रेरित गर्ने उद्देश्यले दसैँ सस्तो बजार सञ्चालन गर्न लागिएको संघका पूर्वअध्यक्ष कुलप्रसाद न्यौपानेले बताए ।

चार महिनापछि रारा विमानस्थलमा उडान

मुगु/ चार महिनापछि रारा विमानस्थलमा उडान भएको छ । सोमबार मुगुको रारा विमानस्थलमा नेपाल एयरलाइन्सले उडान गरेको हो । एयरलाइन्सले यसअघि गत वैशाख महिनासम्म हप्ताको तीन दिन उडान गर्दै आएको थियो । नियमित उडान हुँदा मुगालीहरूले राहत महसुस गरेका थिए । तर, चार महिनायता उडान नहुँदा यो विमानस्थल भएर नेपालकै ठुलो ताल रारातल घुम्न आउने पर्यटक र अन्य यात्रुले हवाई यात्राका लागि सास्ती भोग्दै आएका थिए ।

जेन-जी प्रदर्शनमा 'फर यू' फेन्सीमा ८० लाखको क्षति

काठमाडौं/ गत २३ र २४ मा भएको जेन-जी नेतृत्वको आन्दोलनका लोत्से मलस्थित 'फर यू' फेन्सीमा ८० लाखबराबरको क्षति भएको छ । २८ वर्षीय कृष्ण चापागाईंले चार वर्ष मात्रै गोंगबुस्थित लोत्से मलमा उक्त फेन्सी खोलेका थिए । २४ भदौमा प्रदर्शनकारीले लोत्से मलमा पनि तोडफोड र आगजनी गरेका छन् । त्यस क्रममा चापागाईंको पसल पनि जलेर खरानी भएको छ । धनगढीबाट व्यवसाय गर्न भन्दै काठमाडौं आएका चापागाईंले अब व्यवसाय पुनरुत्थान गर्न पनि चुनौती हुने बताए ।

तोडफोड भएपछि चापागाईं र उनका केही साथी मिलेर पसलबाट सामान झिक्न थालेका थिए । तर, कालो धुवाँको मुस्लोसहित फैलिएको आगोले धेरै सामान जोगाउन नसकेको उनले बताए । 'पसलमा करिब ९५ लाख रुपैयाँबराबरको सामान थियो,' उनले भने, 'झन्डै १० देखि १५ लाखजतिको मात्र सामान निकाल्यौं । ८० लाखको सामान जलेर खरानी भयो । अब व्यवसाय कसरी पुनरुत्थान गर्ने भनेर चिन्ता छ ।'

दसैँ नजिकिएसँगै व्यापार उच्च हुने उनको अपेक्षा थियो । तर, आन्दोलनको आक्रमणले व्यवसाय डुबेको उनले बताए । उमेरले उनी आफैँ पनि जेन-जी हुन् । तर, जेन-जी आन्दोलनले नै उनको व्यवसाय खरानी भएको छ ।

दसैँमा मञ्जुश्री स्मार्ट एपबाट निःशुल्क रकमान्तर



काठमाडौं/ मञ्जुश्री फाइनान्स लिमिटेडले निःशुल्क रकमान्तर गर्न सकिने सुविधा ल्याएको छ । फाइनान्सले नेपालीको महान् चाड दसैँ-तिहारको उपलक्ष्यमा यो सुविधा ल्याएको हो । जसअनुसार फाइनान्सको मञ्जुश्री स्मार्ट एपबाट ग्राहकले निःशुल्क रकमान्तर गर्न सक्नेछन् । यो सुविधा घटस्थापनादेखि पूर्णिमासम्म उपयोग गर्न सकिने फाइनान्सले जनाएको छ ।

यसका लागि ग्राहकले मोबाइल एपको फन्ड ट्रान्सफरमार्फत फोनपे डाइरेक्ट तथा इन्स्टाफन्ड ट्रान्सफर दुवै माध्यबाट रकमान्तरण गर्न सकिने फाइनान्सको भनाइ छ । हालसम्म फाइनान्सले २३ अर्ब निक्षेप संकलन गरी १९ अर्बभन्दा बढी कर्जा परिचालन गरेको छ । फाइनान्सका हाल २७ वटा शाखा र एक विस्तारित काउन्टर सञ्चालनमा छन् ।

Government of Nepal
Ministry of Energy, Water Resources and Irrigation
Alternative Energy Promotion Centre
Tahachal, Kathmandu, Nepal
Tel: +977-1-4598013/4598014/4598015
Email: info@aepc.gov.np Website: www.aepc.gov.np

Invitation for Electronic Bids

Contract Identification Number: AEPC/CES/NCB/G/2082/83-01
Date of Notice Publication: 23 September 2025

1. **Alternative Energy Promotion Centre (AEPC),** invites Electronic Bids for the procurement of Goods **"Supply, Delivery, Installation, Grid Connection and testing commissioning of Sindhure Dhunga Liding Khola Micro Hydro Project, 70 kW, at Aiselukharka Rural Municipality, Ward No. 2, Khotang District, Koshi Province, Nepal"** under National competitive bidding - Single Stage One Envelope procedures.
2. Other details are as follows:

Cost of Bidding Document	Minimum Bid Security Amount	Minimum Validity Period of Bid Security	Pre-Bid meeting Date and Time	Bid Submission Deadline	Bid Opening Date and Time	Bid Submission
NRs. 3,000	NRs. 110,000.00	27 February 2026	17th October 2025 on 11:00 A.M.	31 October 2025, on or before 12:00 Noon.	31 October 2025, 12:15 P.M.	Through e-GP system of PPMO: www.bolpatra.gov.np/egp.

3. Interested Bidders may obtain further information and inspect the Bidding Document at the office of AEPC, Tahachal, Kathmandu or may visit e-GP system of PPMO: www.bolpatra.gov.np/egp.

Government of Nepal
Ministry of Culture, Tourism & Civil Aviation
Tara Gaon Development Board
Kathmandu, Nepal
First Time Date of publication: 23 Sept, 2025 (2082/06/07)

1. The Office of the Taga Gaon Development Board invites electronic bids from eligible bidders for the works mentioned below under National Competitive Bidding procedures. Specified in Public Procurement Act and Regulations.

S.N	Contract Identification Number	Description of Work	Total Amounts Without VAT	Bid Security (NRs)	Bid Document Price (NRs)	Remarks
1	03/TGDB/NCB-WORKS/2082/083	Construction of Sabha Hall and Kitchen Works at Tara Gaon Resort Hotel, Nagdhunga, Pokhara	44,24,778.94	1,10,000/-	3000/-	Hard Copy Not Acceptable
2	04/TGDB/SQ-WORKS/2082/083	Cottage Construction Works at Tara Gaon Resort Hotel Nagarkot,Nepal	1,769,912.93	45,000/-	1000/-	Hard Copy Not Acceptable

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at Tara Gaon Development Board Office Email: tgdboard@gmail.com, Phone no. 01-5172033 or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
3. The Cost of Bid Document Fee and Bid Security Fee May be deposited to the account bellow.
   Name of the Bank: Siddharth Bank Ltd.
   Name of Office: Tara Gaon Development Board
   Office Account no.: 01915170534 (Revenue Account) For Bid Document Fee.
   Office Account no.: 01915099185 (Dharauti Account) For Bid Security.

Member Secretary

People's Power Ltd.
पिपुल्स पावर लिमिटेड
रजिष्टर्ड कार्यालयः काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. ०२, खुर्सानिटार, काठमाण्डौ, नेपाल
फोन नं.: ०१४५३७५४४, ०१४४३७६११, इमेलःpeoplespowerltd@gmail.com वेवसाइट : www.peoplespower.com.np

अवितरित हकप्रद शेयरको बाँडफाँड तथा रकम फिर्ता सम्बन्धी सूचना

पिपुल्स पावर लिमिटेडको १ : ०.५ को अनुपातमा हकप्रद शेयरहरु बिक्री खुल्ला गरी आवेदन माग गरिएकोमा ३,९१,७७९ कित्ता शेयरहरुका लागि आवेदन नपरेकाले प्रचलित कानून तथा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को दफा १५ समेतको प्रावधानलाई आधार मानी उक्त शेयरहरु बोलकबोल प्रकृयाद्वारा बिक्री गर्न मिति २०८२/०५/१५ गतेदेखि मिति २०८२/०५/२२ गतेसम्म शिलबन्दी बोलपत्रद्वारा खरीद गर्न आव्हान गरिएकोमा सो अवधिभित्र प्राप्त शिलबन्दी बोलपत्र मिति २०८२/०५/३० गतेका दिन खोली आवेदकहरुको आवश्यक प्रशोधन पश्चात शेयर बाँडफाँडको लागि निष्काशनकर्ता कम्पनीको सञ्चालक समितिमा पेश गरिएकोमा मिति २०८२/०६/०५ गतेका दिन सञ्चालक समितिद्वारा उक्त शेयरहरु बाँडफाँड गरिएको हुँदा सम्बन्धित सबैको जनकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

आवेदकहरुको बाँडफाँडमा नपरेको शेयर बापतको रकम फिर्ता भुक्तानी मिति २०८२/०६/०७ गतेदेखि आवेदकहरुले आफ्नो आवेदन फाराममा उल्लेख गरेको बैंक/वित्तीय संस्थाको खातामा IPS मार्फत रकमान्तर गरिने व्यहोरा जानकारी गराउँदछौं । साथै आफ्नो खातामा रकम जम्मा भए नभएको यकिन गरी रकम जम्मा नभएको खण्डमा प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाडौंमा सम्पर्क राख्न हुन सूचित गरिन्छ ।

साथै, बाँडफाँडको अन्तिम मूल्य (Cut–off Price) रु.२६१.५०/- रहेको र उक्त मूल्यमा बोलपत्र पेश गर्नेहरुको हकमा सापेक्षिक भार अनुसार समानुपातिक रुपमा बाँडफाँड गरिएको जानकारी गराउँदै बाँडफाँडको विवरण बिक्री प्रबन्धकको वेभसाइट www.prabhucapital.com बाट हेर्न सकिने व्यहोरा समेत जानकारी गराउँदछौं ।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः
प्रभु क्यापिटल लिमिटेड
कमलादी, काठमाडौं, फोन नं. ०१-४१६५१००, ०१-५५७०२००
E-mail:info@prabhucapital.com, Web: www.prabhucapital.com
(A Subsidiary of Prabhu Bank Ltd.)

Vyas Municipality
Office of Municipal Executive,
Gandaki Province, Damauli, Tanahun

Invitation for Electronic Bids

Date of Publication : 2082/06/07 (23rd September, 2025)

1. The Vyas Municipalityinvites *electronic* bids from eligible bidders for the procurement of under mentioned Works ***under National Competitive Bidding procedures specified in Public Procurement Act and Regulations.*** Bidders may obtain further informationat the Vyas Municipality, Office of Municipal Executive, Gandaki Province, Damauli, Tanahun, Telephone: 065 560632 facsimile: 065 560233 and email: vyas.planning@gmail.com, vyasmunicipality@gmail.com or may visit PPMO egp system www.bolpatra.gov.np/egp or website of Vyas Municipality www.vyasmum.gov.np
2. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp . Bidders, submitting their bid electronically, shoulddeposit thecost ofbidding documentin the following Rajaswa (revenue) accountas specified below.

Information to deposit the cost of bidding document
Name of the Bank : Nepal Bank Ltd Damauli Branch
Name of Office : Vyas Municipality Office
Rajaswa (revenue) Account no. : Ga. 1.1.0.1-06003000001001000001
Security deposit (Dharauti) Account Number : Ga.3.0.0.1-06003000003000000001
Office code No. : 801043803
Revenue Title no. : 14249

SN	Bid No.	Description	Estimated Amount (Without VAT and Contingencies)	Bid Security Amount	Bid Document Price(Non-Refundable)	Remarks
1.	06/WORKS/ VYASMUN/ 082/083	Kalika Sahid Marga Upgrading Works, Vyas-8, Tanahun	NRs. 1,50,11,159.43	NRs. 4,50,000.00	NRs. 3000.00	First time Published Electronic Bid
2.	07/WORKS/ VYASMUN/ 082/083	KhahareKhola Ward Office Settlement Protection Works, Vyas-8, Tanahun	NRs. 42,46,558.65	NRs. 1,27,000.00	NRs. 3000.00	First time Published Electronic Bid
3.	08/WORKS/ VYASMUN/ 082/083	Construction of RistiAyurved Yoga Building, Vyas-8, Tanahun	NRs. 29,54,600.37	NRs. 88,000.00	NRs. 3000.00	First time Published Electronic Bid
4.	09/WORKS/ VYASMUN/ 082/083	Construction of Beltari Community Building, Vyas 11, Tanahun	NRs. 29,07,603.59	NRs. 87,000.00	NRs. 3000.00	First time Published Electronic Bid

Last date and time of Bid Document Submission : 2082/07/11 (28th October, 2025); upto 12:00 Noon;
Opening of Submitted Bids in presence of representatives : 2082/07/11 (28th October, 2025); at 14:00 After Noon.

Chief Administrative Officer

का.नि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.न. १७/०६९/०७७

नयाँ पत्रिका

■ साफ यू-१७ च्याम्पियनसिप

फाइनल पुग्न नेपालले ६ पटकको च्याम्पियन भारतलाई हराउनैपर्ने दबाब

नेपाल पहिलोपटक च्याम्पियन बन्ने लक्ष्यमा हुँदा भारतले ६ पटक नै जितिसकेको छ उपाधि



रमेश सुवेदी/नयाँ पत्रिका

नेपालले साफ यू-१७ च्याम्पियनसिपको सेमिफाइनलमा बलियो प्रतिद्वन्द्वी भारतसँग प्रतिस्पर्धा गर्नेभएको छ। दक्षिण एसियाली फुटबल महासंघ (साफ)ले तीन फरक उमेर समूहका खेलाडीबिच आयोजना गर्दै आएको प्रतियोगितामा भारत सर्वाधिक ६ पटकको च्याम्पियन हो। नेपाल भने फाइनलमा चारपटक चुकेको छ। नेपाल सबै फाइनलमा भारतसँग पराजित हुँदा उपाधिबाट टाढा हुँदै आएको छ। अब, नेपालले अर्कोपटक उपाधिनजिक पुग्न बलियो प्रतिस्पर्धी भारतसँग प्रतिस्पर्धा गर्ने पक्का भएको छ। समूह 'बी'को निर्णायक तथा अन्तिम खेलमा पाकिस्तानलाई ३-२ ले हराउँदै भारत समूह विजेता बनेको छ। यो खेलसँगै सेमिफाइनल समीकरण पूरा भएको छ। पाकिस्तान उपविजेता भएको छ। यता, समूह 'ए'मा नेपाल उपविजेता बनेको थियो। दुवै खेल जितेको बंगलादेश यो समूहबाट विजेता बन्यो। अब, सेमिफाइनल बिहीबार श्रीलंकाको कोलम्बोमै हुनेछ। नेपालले भारतसँग खेल्दा एकपटकको च्याम्पियन पाकिस्तानले दुईपटक उपाधि जितिसकेको बंगलादेशसँग खेल्नेछ।

पहिलोपटक च्याम्पियन बन्ने अवसर

साफ यू-१७ च्याम्पियनसिपमा पहिलोपटक उपाधि जित्ने लक्ष्यसहित नेपाली टिम श्रीलंकाको राजधानी कोलम्बो पुगेको हो। सन् २०११ बाट सुरु भएको प्रतियोगिता नौपटक आयोजना भइसक्दा नेपाल सर्वाधिक चारपटक उपविजेता भएको छ। ६ पटक उपाधि जितिसकेको भारतसँग मात्रै नेपाल फाइनलमा चारपटक पराजित भएको हो। नेपाल सन् २०१३, सन् २०१७, सन् २०१९ र सन् २०२२ मा फाइनलमा पुगेको थियो।

नेपाल दसौँपटक प्रतियोगितामा सहभागी हुँदा पनि पहिलोपटक उपाधि जित्ने योजनामा छ। तर, नेपालको चुनौतीमा बलियो भारत प्रतिद्वन्द्वी भएको छ। प्रशिक्षक सञ्जित श्रेष्ठ यो खेल जित्ने बताउँछन्। उनी खेलाडीलाई मानसिक रूपमा तयार पारिरहेका छन्। कोलम्बो पुगेको टिममा यू-१६ टिमबाट खेलिसकेका गोलकिपर पेम्बानुर्बु भोटे र गोलकिपर विशेष बानियाँ डिफेन्डर प्रशान्त मोक्तान र भुवन कामी तथा मिडफिल्डर राम थामी र सुजन स्याङ्तान हुँदा खेलाडीको मनोबल उच्च छ। स्थगित यू-१६ लिगमा उत्कृष्ट प्रदर्शन गरेका समीर कुमारको लयले टोलीलाई हौसला मिलेको छ।

बंगलादेश समूह विजेता

नेपाल रहेको समूह 'ए'मा बंगलादेश विजेता बनेको छ। नेपाल भने भाग्यमानी रह्यो। श्रीलंकालाई पहिलो खेलमा २-० ले हराएपछि नेपालको भाग्य खुलेको हो। यो खेलमा समीर कुमारले दुई गोल गरेका हुन्। दोस्रो खेलमा नेपाल बंगलादेशसँग अप्रत्याशित रूपमा ४-० ले पराजित भएको हो। यो हारपछि नेपालको सेमिफाइनल सम्भावना नै संकटमा पऱ्यो। तर, निर्णायक खेलमा बंगलादेशले श्रीलंकालाई ४-० ले हराउँदै समूह विजेता बन्यो। योसँगै नेपालको सेमिफाइनल ढोका खोलेको थियो। भाग्यमानी भएर अन्तिम चारमा प्रवेश गरेको नेपालले अब भारतको कडा चुनौती सामना गर्नुपर्नेछ।

निर्णायक खेलमा भारतले पाकिस्तानलाई हरायो

सोमबार आफ्नो अन्तिम तथा निर्णायक खेलमा भारतले पाकिस्तानलाई हरायो। पाकिस्तान यो प्रतियोगिताको पहिलो संस्करणको विजेतासमेत हो। ६ पटकको च्याम्पियन भारतविरुद्ध पाकिस्तानले निकै राम्रो प्रदर्शनसमेत गऱ्यो। तर, टोली समयमा गोल व्यहोर्न बाध्य भएको थियो। कोलम्बोमा भारतलाई जित दिलाउन डल्लामुवन गाङ्गटे, गुनलेइबा वाङखेइराक्पाम र रहान अहमदले गोल गरेका थिए। पाकिस्तानका लागि मुहम्मद अब्दुल्ला र हाम्जा यासिरको नाममा गोल रह्यो। चलिरहेको प्रतियोगितामा सेमिफाइनल समीरकण पूरा हुँदा पाकिस्तानका स्ट्राइकर अब्दुल्लाहले सर्वाधिक ६ गोल गरेका छन्। उनले भुटानविरुद्ध ४-० को जितमा ह्याट्रिक पूरा गरेका हुन्। भारतले आफ्नो पहिलो खेलमा माल्दिभ्समाथि ६-०, दोस्रो खेलमा भुटानलाई १-० ले पराजित गरेको थियो। अर्कोतर्फ पाकिस्तानले पहिलो खेलमा भुटानलाई ४-० ले हराउँदा माल्दिभ्सविरुद्ध ५-२ को फराकिलो जित निकालेको थियो।

अंकतालिका

समूह 'ए'

देश	खेल	जित	बराबर	हार	अंक
बंगलादेश	२	२	०	०	६
नेपाल	२	१	०	१	३
श्रीलंका	२	०	०	२	०

समूह 'बी'


देश	खेल	जित	बराबर	हार	अंक
भारत	३	३	०	०	९
पाकिस्तान	३	२	०	१	६
भुटान	३	१	०	२	३
माल्दिभ्स	३	०	०	३	०

नेपाली युवा टोलीको प्रदर्शन

मिति	फर्म्याट	नेपालको प्रदर्शन	च्याम्पियन
सन् २०११	यू-१६	तेस्रो स्थान	पाकिस्तान
सन् २०१३	यू-१६	उपविजेता	भारत
सन् २०१५	यू-१६	सेमिफाइनल	बंगलादेश
सन् २०१७	यू-१५	उपविजेता	भारत
सन् २०१८	यू-१५	चौथो स्थान	बंलादेश
सन् २०१९	यू-१५	उपविजेता	भारत
सन् २०२२	यू-१७	उपविजेता	भारत
सन् २०२३	यू-१६	समूह चरण	भारत
सन् २०२४	यू-१७	सेमिफाइनल	भारत

जुम्लाकी सुनमायाले स्पेनमा विश्व माउन्टेन च्याम्पियनसिप खेल्ने

नेपाली टिम व्यवस्थापक प्रीति खत्रीले अन्तर्राष्ट्रिय मापदण्डअनुसार खेलाडी छनोट गरिएको बताइन्



जुम्लामा मानदत्त रावल

पातारासी गाउँपालिका- २ पेरेगाउँकी सुनमाया बुढाले विश्व माउन्टेन र ट्रेल रन च्याम्पियनसिप खेल्ने भएकी छिन्। स्पेनको क्यान फ्रान्कमा हुने तेस्रो संस्करणको प्रतियोगिता ८ देखि १३ असोजसम्म हुनेछ। पछिल्लो समय सुनमाया अर्न्तराष्ट्रिय ट्रेल रेसमा निकै सफल हुँदै आएकी छिन्। उनीसँगै नेपालबाट सुमन कुलुङ, सागे शेर्पा, मनकुमार रोकाले प्रतिस्पर्धा गर्नेछन्।

भिसाका कारण पूरा टिम सहभागी हुन नपाए पनि नेपालबाट सबैभन्दा माथिल्लो वरीयताका ट्रेल रनरले विश्वस्तरीय प्रतियोगितामा देशको प्रतिनिधित्व गर्न लागेको नेपाल एडभेन्चर रनिङ फेडेरेसनले जनाएको छ। यसअघि नेपालबाट ८ खेलाडीले सहभागिता जनाउने भनिएको थियो।

'नेपाल नम्बर वान सुमन कुलुङ एसिया वरीयताका समेत एक नम्बरका खेलाडी हुन् भने महिलातर्फ नेपाल नम्बर एक खेलाडी सुनमाया बुढा एसिया वरीयताकी तेस्रो नम्बरकी खेलाडी हुन्। चारैजना खेलाडीले सिंगल लामो दूरीको ट्रेल रनको इभेन्टमा प्रतिस्पर्धा गर्नेछन्।'

नेपाली टिम व्यवस्थापक प्रीति खत्रीले अन्तर्राष्ट्रिय मापदण्डअनुसार खेलाडी छनोट गरिएको बताइन्। 'मुख्य मापदण्डको रूपमा आइटिआरए च्याडिलाई प्राथमिकता दिइएको छ। छनोट प्रक्रिया जर्मनीसहित अन्य सहभागी देशहरूसँग मेल खान्छ। जहाँ पुरुष खेलाडीका लागि योग्यता हासिल गर्न ८६० भन्दा बढी आइटिआरए स्कोर आवश्यक थियो। जसमा शीर्ष तीन पुरुष र महिला खेलाडी छनोट भएका हुन्।' खत्रीले भनिन्, 'हाम्रा खेलाडीले असाधारण प्रदर्शन र विश्वस्तरीय च्याकिङका आधारमा आफ्नो स्थान सुरक्षित गरेका हुन्।'

महासंघका अध्यक्ष एकेन्द्र कुँवरले नेपाली खेलाडीले विश्व स्तरीय प्रतियोगितामा प्रतिस्पर्धा गर्नु सबै नेपालीका लागि गर्वको विषय रहेको बताए। 'फरक खेल विधाको रूपमा एडभेन्चर रनिङबाट नेपाली खेलाडीले पुन विश्व मञ्चमा देशको प्रतिनिधित्व गर्दै आफ्नो चुनौती पेस गर्दै छन्' अध्यक्ष कुँवरले भने, 'नेपाल एडभेन्चर रनिङ फेडेरेसनले नेपाली खेलाडीको विश्वस्तरीय प्रदर्शनलाई सहयोग गर्न आवश्यक पूर्वाधार निर्माण गर्दै अन्तराष्ट्रिय पहुँच सुधार गर्न निरन्तर काम गरिरहेको छ।'

खेल संक्षेप

गीताको शल्यक्रिया सम्पन्न



काठमाडौं/ नेपाली राष्ट्रिय महिला फुटबल टोलीकी डिफेन्डर गीता रानाको शल्यक्रिया सम्पन्न भएको छ। अखिल नेपाल फुटबल संघ (एन्फा)ले गीताको शल्यक्रिया सम्पन्न भएको जानकारी गराएको हो। गत वर्ष फागुनमा सम्पन्न अन्तर्राष्ट्रिय महिला च्याम्पियनसिपयता गीता दायाँ काँधको समस्याँसँग जुध्न पुगेकी थिइन्। त्यसयता रिह्याबिलिटेसनमार्फत आफ्नो उपचार गराइरहेकी गीतालाई चिकित्सकले शल्यक्रिया गर्न सुझाव दिएका थिए। शल्यक्रियापछि गीता कम्तीमा पनि तीन महिना मैदानबाहिर रहने बताइएको छ।

टिसिएलको अक्सन सम्पन्न

काठमाडौं/ तिलोत्तमा क्रिकेट लिग (टिसिएल)को अक्सन सम्पन्न भएको छ। सोमबार अक्सनमार्फत प्रत्येक टोलीले समान १४ गरी ८४ जना खेलाडीलाई अनुबन्ध गरेको आयोजक तिलोत्तमा क्रिकेट विकास समितिले जनाएको छ। फ्रेन्चाइज आधारित टी-२० क्रिकेट लिगमा कुल ६ टोलीले प्रतिस्पर्धा गर्नेछन्। प्रत्येक टोलीका कप्तान र मार्की खेलाडीले १० हजार रुपैयाँ प्राप्त गरेका छन् भने बाँकी खेलाडीले पाँच हजार रुपैयाँ पाए। टिम घोषणाअनुसार दी रिभाइभलियन्सको कप्तानी सिद्धार्थ ढकालले गर्नेछन्। खेलसिकी ओर्कासको कप्तानी अञ्जिला पाठकले गर्नेछिन्। उनी ६ टोलीमध्ये एक मात्र महिला कप्तान हुन्। बुटवल डायनामाइटको कप्तानी सागर गैरे, नेपथ्य इगलको कप्तानी लक्ष्मण कुम्हाल, विश्व लायन टर्टल्सको कप्तानी आशुतोष पाण्डेले र छैटौँ टोली पिके दुई डीको कप्तानी सागर भण्डारीले गर्नेछन्।

टिपटो र सिलीबिच सम्झौता

काठमाडौं/ नेपालका प्रतिभावान् युवा फुटबलरको अन्तर्राष्ट्रिय एक्सपोजर र अवसर दिने लक्ष्यसहित टिपटो स्पोर्टस् एकेडेमीले थाइल्यान्डको सिली स्पोर्टस् क्लबसँग सम्झौता गरेको छ। टिपटो स्पोर्टस् एकेडेमीका अध्यक्ष गौरव बस्नेत र सिली स्पोर्टस् क्लबका अध्यक्ष डाइसुके ताडाले सम्झौतापत्रमा हस्ताक्षर गरे। सम्झौता एक वर्षको छ। सम्झौताअनुसार, सिली स्पोर्टस्ले टिपटोका सम्भावना भएका खेलाडीलाई सहयोग गर्न थाइल्यान्डमा तालिम शिविर प्रदान गर्नेछ। त्यस्तै, सिली स्पोर्टस्ले टिपटोलाई फुटबल, बिप्स, कोन, मार्करजस्ता सामग्री पनि प्रदान गर्नेछ। यी सबै सामग्रीरू सिली स्पोर्टस्को थाइल्यान्डमा हुने एसियन च्याम्पियनसिपमा प्रस्तुति समारोहमार्फत टिपटोलाई हस्तान्तरण गर्ने बताइएको छ। एसियन च्याम्पियनसिपमा सिली स्पोर्टस्ले टिपटोको सहभागिताका लागि विशेष सहयोग गर्नेछ।

रहेनन् प्रशिक्षक बियर्ड

एजेन्सी/ इंग्लिस फुटबल प्रशिक्षक म्याट बियर्डको ४७ वर्षको उमेरमा निधन भएको छ। पछिल्लो समय उनली बर्नलीको महिला टोलीको प्रशिक्षण सम्हालिरहेका थिए। सन् २००९ मा मिलवाल एफसीको महिला टोलीबाट प्रशिक्षण करियर सुरु गरेका बियर्डले चेल्सी, लिभरपुल, वेस्टह्यामजस्ता टोली क्लबको महिला हेरेका थिए। 'लिभरपुललाई दुईपटक महिला सुपर लिगको उपाधि दिलाउन प्रशिक्षक म्याट बियर्डको निधनले हामी स्तब्ध भएका छौं। उनीप्रति भावपूर्ण श्रद्धाञ्जली,' लिभरपुरले सामाजिक सञ्जालमा लेखेको छ। बियर्डको निधनप्रति उनले प्रशिक्षण सम्हालेका सबै क्लबले श्रद्धाञ्जली अर्पण गरेका छन्।

■ तयारीमा व्यस्त युवा टिम



काठमाडौं/ थाइल्यान्डमा आयोजना हुने एएफसी यू-१७ महिला एसिया कप छनोटमा नेपाली महिला टोलीले तयारी तीव्र बनाएको छ। मुख्य प्रशिक्षक चेतनारायण श्रेष्ठले अहिले महिला टोलीलाई सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा दिनहुँ अभ्यास गराइरहेका छन्। समूह 'एफ'मा रहेको नेपालले आयोजक थाइल्यान्डसँगै तुर्कमिनिस्तानसँग खेल्ने तालिका छ। यो छनोट खेल १३ देखि १७ अक्टोबरसम्म हुनेछ। हालसम्म यो प्रतियोगिता नौपटक आयोजना हुँदा उत्तर कोरिया र जापानले सर्वाधिक चारपटक जितेका छन्। दक्षिण कोरियाले एकपटक मात्र च्याम्पियन भयो। छनोट प्रतियोगितामा आठ आयोजकसहित २७ राष्ट्र सहभागी हुँदै छन्। तीन च्याम्पियनसहित आयोजक चीन पनि सीधै फाइनल चरणमा स्थान बनाएको छ। अब, फाइनल चरणको प्रतियोगिताको लागि २७ मध्ये आठ टिम छनोट हुनेछन्।

इन्दुलाई मलेसियामा पनि कप्तानी जिम्मेवारी

काठमाडौं/ नेपाली राष्ट्रिय महिला क्रिकेट टोलीकी कप्तान इन्दु बर्माले साबिक विजेता वेस्टर्न वन्डर वुमनको पनि कप्तानी गर्ने भएकी छिन्। मलेसियन सुपर वुमन शृंखलामा यसपटक इन्दुसहित नेपालका १२ खेलाडी खेल्दै छन्। मलेसियन क्रिकेट संघको आयोजनामा हुने प्रतियोगिता २४ देखि ३० सेप्टेम्बरसम्म हुनेछ। वेस्टर्नबाट इन्दुसँगै सावित्री धामी र रचनाकुमारी चौधरीले पनि खेल्नेछन्। यो टिममा नेपालबाहेक मलेसियाका आठजना खेलाडी छन्। त्यस्तै, ओमान, रुवान्डा, सिंगापुर र थाइल्यान्डका खेलाडी रहेका छन्। यसपटक पनि टोलीले उपाधि रक्षा गर्ने योजनासहित विदेशी खेलाडी अनुबन्ध गरेको छ। प्रतियोगिताको तेस्रो संस्करणमा सेन्टूल सुपर गर्ल्स, इस्टर्न लायनेस, नर्थन क्विन्स, साउथर्न जागुअर्स र वेस्टर्न वन्डर वुमन सहभागी छन्।

मलेसियाविरुद्धको पाँच टी-२० अन्तर्राष्ट्रिय शृंखलाको तयारीका लागि यो प्रतियोगिता नेपाली खेलाडीलाई फलदायी हुने अपेक्षा गरिएको छ। शृंखला मलेसियामा आगामी अक्टोबर २ देखि ८ सम्म हुनेछ। त्यसपछि नेपालले घरेलु मैदानमै विश्वकप छनोटका खेल खेल्ने तालिका छ।

कुन खेलाडी कहाँ आबद्ध

मलेसियासँग पाँच शृंखला खेल्नुअघि नेपाली खेलाडीले मलेसियामै हुने मलेसियन सुपर वुमन सिरिज खेल्न लागेका हुन्। मलेसिया पुगेका १४ नेपालीमध्ये १२ खेलाडीले फरक पाँच क्लबबाट खेल्ने पक्का भएको छ। रुबिना क्षेत्री र कविता कुँवरको भने टुंगो लाग्न बाँकी छ। सेन्टूल सुपर गर्ल्समा नेपालका यशोदा विष्ट, राजमती ऐरी, सीता रानामगर र रिया शर्माले खेल्ने भएका छन्। इस्टर्न लायनेसमा कविता जोशी र सम्झना खड्का आबद्ध भएका छन्। यस्तै, रुबी पोद्दारले नर्थन क्विन्सबाट खेल्दा नेपाल यू-१९ टिमकी कप्तानसमेत रहेकी पूजा महतो र सोमु विष्टले साउथर्न जागुअर्सबाट खेल्ने पक्का भएको छ।

■ पाकिस्तानविरुद्ध दक्षिण अफ्रिका

सन्न्यास फिर्ता लिँदै एकदिवसीय टिममा फर्किए डी कक

एजेन्सी

दक्षिण अफ्रिकाका विकेटकिपर तथा ब्याटर क्विन्टन डी कक सन्न्यास फिर्ता लिँदै दक्षिण अफ्रिकाको एकदिवसीय टोलीमा फर्किएका छन्। सन् २०२३ को एकदिवसीय विश्वकप सेमिफाइनलमा पराजित भएपछि सन्न्यासको घोषणा गरेका डी ककलाई पाकिस्तान भ्रमण गर्ने टोलीमा स्थान बनाएका छन्। यसैगरी, उनले टी-२० अन्तर्राष्ट्रियमा पनि पुनरागमन गरेका छन्। डी ककले दक्षिण अफ्रिकाका लागि पछिल्लोपटक २०२४ जुनमा टी २० विश्वकपको फाइनल खेलेका थिए। दक्षिण अफ्रिकाले आगामी अक्टोबर दोस्रो सातादेखि पाकिस्तानसँग दुई खेलको टेस्ट तथा समान तीन खेलको एकदिवसीय र टी-२० शृंखला खेल्नेछ।

३२ वर्षीय बायाँहाते ब्याटरले दक्षिण अफ्रिकाका लागि १५५ एकदिवसीय खेल खेलेका छन्। जसमा ६ हजार ७७० रन बनाएका छन्। यसक्रममा उनले २१ शतक र ३० अर्धशतक बनाएका हुन्। यता, टेस्टमा ५४ खेल खेल्दै ३ हजार तीन सय रन बनाएका छन्। टी-२० मा भने उनले १५५ खेल खेलेका छन्। जसमा ६ हजार सात सय ७० रन बनाएका हुन्।



तीन फरक कप्तान

पाकिस्तानविरुद्ध हुने तीन फर्म्याटको खेलका लागि दक्षिण अफ्रिकाका तीन फरक खेलाडीलाई कप्तान जिम्मेवारी दिएको छ। दक्षिण अफ्रिकाका नियमित कप्तान टेम्बा बाभुमा पिंडुलाको चोटका कारण टेस्ट शृंखला गुमाउने भएका छन्। उनलाई रिकभरी हुन कम्तीमा ६ साता लाग्ने बताइएको छ। उनको अनुपस्थितिमा एडेन मारक्रमले टेस्टको कप्तानी सम्हाल्नेछन्। यता, मारक्रमले एकदिवसीय र टी-२० आई शृंखला नखेल्ने निर्णय गरेका छन्। त्यसैले एकदिवसीय टोलीको कप्तानी म्याथ्यु ब्रिजके तथा टी-२० आई टोलीको कप्तानी डेभिड मिलरले गर्नेछन्। मिलरले सन् २०२४ को टी-२० विश्वकपपछि दक्षिण अफ्रिकाका लागि खेलेका छैनन्।

नेपाली टिम उड्यो युएई

नयाँ पत्रिका

टेस्ट राष्ट्र वेस्ट इन्डिजविरुद्ध तीन टी-२० आई सिरिज खेल्न नेपाली राष्ट्रिय क्रिकेट टोली सोमबार संयुक्त अरब इमिरेट्स (युएई) उडेको छ। अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आइसिसी)को पहलपछि नेपाली टिमको भिसा आइतबार भएको थियो। जेन-जीको आन्दोलन युएईले नेपालीलाई भिसामा कडाइ गरेको थियो। त्यसपछि नेपाली क्रिकेटर भिसा पाउन सकेका थिएनन्। नेपालले आगामी २७-३० सेप्टेम्बरसम्म युएईको सारजहाँमा वेस्ट इन्डिजविरुद्ध तीनवटा टी-२० आई खेल्ने तालिका छ।



गत साता युएईले नेपाली टोलीलाई भिसा नदिएपछि नेपाल क्रिकेट संघ (क्यान)ले आइसिसीको सहारा लिएको हो।

गत बिहीबार क्यानले नेपाली टोलीको बिदाई गरेको थियो। क्यानले शुक्रबार युएई पठाउने योजना बनाए पनि भिसाकै कारण टोली रोकिएको थियो। नेपालले वेस्ट इन्डिजविरुद्धको टी-२० आई सिरिजलाई आसन्न विश्वकपअन्तर्गत एसिया छनोटको तयारीका रूपमा लिएको छ। टी-२० सिरिजपछि टोली विश्वकप छनोट खेल्न ओमान जानेछ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com